सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

८ असार २०८२, आइतबार (22 June 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इरानबाट फर्किँदै १० नेपाली

इजरायलबाट तत्कालै आउन चाहेका ३० जनाको उद्धारमा भने अन्योल

इजरायलमा करिब सात हजार नेपाली, ७५० जना नेपाली दूतावासको सम्पर्कमा



पर्शुराम काफ्ले/नयाँ पत्रिका

इजरायल-इरान युद्धका कारण इरानमा समस्यामा परेकामध्ये १० नेपालीको भारत सरकारको सहयोगमा चाँडै उद्धार गरिने भएको छ। उद्धारको यकिन मिति भने तय भइसकेको छैन। भारतले आफ्ना नागरिकसँगै नेपाली र श्रीलंकाका नागरिकको पनि उद्धार गर्न लागेको हो। इरानमा १६ नेपाली रहेको तथ्यांक छ।

परराष्ट्र मन्त्रालयका अनुसार १० नेपालीलाई भारतीय उद्धार जहाजमार्फत स्वदेश फर्काउने तय भएको हो। 'इरानमा जम्मा १६ नेपाली हुनुभएको जानकारी छ। उहाँहरूमध्ये १० जनालाई भारतीय उद्धार जहाजमार्फत स्वदेश फर्काइने तय भएको छ। पाँचजना जेलमा हुनुहुन्छ भने एकजनाले स्वदेश नफर्किने जानकारी दिनुभएको छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने।

इरानबाट दिल्ली पुगेपछि नेपालीलाई स्वदेश फर्काउन समन्वयका लागि भारतस्थित नेपाली राजदूत डा. शंकर शर्मालाई जिम्मेवारी दिइएको छ। भारत तयार भएपछि इरानस्थित भारतीय दूतावासले नेपालीलाई सम्पर्क गरी दूतावाससँग समन्वय गर्न भनेको छ।

परराष्ट्र प्रवक्ता क्षेत्रीले त्यहाँ रहेका नेपाली र इरानस्थित भारतीय दूतावासका डिसिएम राखी मायुरीसँग समन्वय गरेका छन्। यससँगै भारतीय दूतावासले श्रीलंकाली नागरिकलाई पनि सम्पर्कमा

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

'कठपुतली' निर्वाचन आयोग

रास्वपाले एक वर्षअघि १७ साउन ०८१ मै दिएको दलको विवरण परिवर्तनसम्बन्धी निवेदन अद्यावधिक नगरी निर्वाचन आयोगले गत ४ असारमा सार्वजनिक गरिदियो २० चैत ०८० कै अद्यावधिक विवरण

०७७ पुसमा तत्कालीन प्रधानमन्त्री केपी ओली पक्षलाई फाइदा पुग्ने गरी नेकपाको आधिकारिकता विवाद लामो समय 'होल्ड', ओलीले नै नियुक्त गरेका दिनेश थपलिया थिए प्रमुख निर्वाचन आयुक्त

०८१ वैशाखमा जसपा विभाजनका वेला निष्क्रिय भइसकेको अध्यादेशमा टेकेर अशोक राई समूहको नाममा दल दर्ता गरिदियो, उपेन्द्र यादवले गरेका थिए आयोग सत्ताको इसारामा चलेको टिपण्णी

आयोगले कसैको स्वार्थपूर्तिमा काम गरेको भन्ने देखियो



● **ओमप्रकाश अर्याल**, वरिष्ठ अधिवक्ता

आयोगले रास्वपाको दर्ता भइसकेको निवेदनअनुसार अभिलेख राख्नैपर्ने हो। अभिलेखमा राखिएन र बदनियतपूर्वक गरियो भने आयोगले आफ्नो स्वतन्त्रता गुमाएको अथवा आयोगले कसैको स्वार्थपूर्तिको काम गरेको भन्ने देखियो। आयोगको भूमिकामा धेरैचोटि प्रश्न देखिएको छ। यसले संवैधानिक निकायको विश्वास टुट्छ। विश्वासको संकट बढ्दै जाँदा संस्थाको वैधताको संकट आउँछ।

पत्रबारे मलाई जानकारी छैन



● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

बाहिर आएको पत्रबारे जानकारी छैन। पत्र शुक्रबार सार्वजनिक भयो। शनिबार बिदा भएकाले बुझ्न पाइएन। आइतबार के भएको रहेछ बुझेर भन्छु।



● **मनीष झा**, प्रवक्ता, रास्वपा

पार्टीका तर्फबाट आधिकारिक निवेदन गरिसकेपछि सोसम्बन्धी विवरण अद्यावधिक गर्ने जिम्मेवारी निर्वाचन आयोगकै हो। तर, हालसम्म किन अद्याधिक गरिएन यसको जवाफ आयोगले नै दिनुपर्छ। पूर्वमहामन्त्रीलाई बहाल नै रहेको देखाउनु आपत्तिजनक छ। यसका विरुद्ध सबैखाले कानुनी लडाइँ लड्छौं।

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले रास्वपाको दलको विवरण परिवर्तनसम्बन्धी एक वर्षअघिकै निवेदनलाई बेवास्ता गर्दै २० चैत ०८० को अद्यावधिक विवरणलाई नै आधिकारिक भनेर सार्वजनिक गरिदिएपछि राजनीतिक र कानुनी प्रश्न उठेको

» पृष्ठ २ मा क्रमशः

■ कारागारबाट रविका दर्जनौँ प्रश्न र चेतावनी

● मान्छेहरू भन्छन्- तैंले गृहमन्त्रीका रूपमा बालकोटतिर किन आँखा लगाइस् ? किन तर्साइस् बुढानीलकण्ठका दाजु-भाउजूलाई ? मैले अतिरिक्त केही गरेको होइन, विधिको शासन प्रमाणित गर्न खोजेको मात्रै हुँ। मैले चोरको खुट्टा च्वाट्ट काटेनु भनेको हुँ, स्वाट्ट खुट्टा क-कसले र किन ताने, तिनै जानून्। गृहमन्त्रीका रूपमा मैले व्यक्ति चिनिनँ, केवल विधि चिनेँ। भोलि पनि मैले चिन्ने त्यही हो। जहाँसम्म डरको कुरा छ, रवि लामिछाने यिनीहरूसँग नडराएकै हो, नडराउने नै हो। यिनले अहिले बन्द गर्लान् बेचन झाहरूको फाइल। जनताको मत र साथ लिएर ती फाइल फेरि खोल्ने नै हो। यिनीहरूलाई अपराधको दण्ड दिने नै हो।



● यिनीहरूले मलाई लगाएको हतकडी त बिउ हतकडी हो। यो फल्न, फुल्न र हुर्कन धेरै दिन लाग्नेछैन। स्वर्गजस्तो देशलाई नर्क बनाएका अपराधीहरू षड्यन्त्रकै बलमा अब धेरै दिन जोगिन सक्नेछैनन्। म मारिएछु भने पनि जनताले यिनीहरूका हातबाट तस्करले दिएका घडी खोस्नेछन् र हतकडी लगाउनेछन्। त्यो दिन धेरै टाढा छैन। यत्ति भनिसकेपछि अब मैले भन् यसबापत कत्रो मूल्य चुकाउनुपर्ने होला, त्यसको हिसाब पनि छैन र मलाई परवाह पनि छैन।

● यी अपराधीहरू रवि लामिछानेसँग होइन, आफ्नै अपराधसँग डराएका हुन्। रवि लामिछानेप्रति तपाईंहरूको प्रेमसँग डराएका हुन्। यिनीहरूले बुझेका छन्, यो देशमा अब कि रवि लामिछाने जेलमा हुनेछ कि यिनीहरू जेलमा हुनेछन्। कि षड्यन्त्रले जित्नेछ, म जेलमा सड्नेछु। कि तपाईंहरूको प्रेमले जित्नेछ, यिनीहरूले यो देशमा छत्तीस वर्षका अपराधको मूल्य तिर्नेछन्। रवि लामिछाने परीक्षाका लागि तयार छ। बा हुन् कि दाइ, भाउजू हुन् कि देवर, ती सबैले सुन्ने गरी फेरि दोहोऱ्याउँछु, रवि लामिछाने जस्तोसुकै परीक्षाका लागि पनि तयार छ। मलाई दृढ विश्वास छ, कालकोठरीमै मारिएछु भने पनि यो देशले यिनीहरूसँग छत्तीस वर्षका अपराधहरूको हिसाब नमागी छाड्ने छैन।

● ममाथि चलेका सबै मुद्दाका जाहेरीहरू यो सरकार बनेपछि, रमेश लेखक गृहमन्त्री भएपछि मात्र दर्ता भएका हुन्। प्रहरीले तयार पारेर राखेको जाहेरीमा डर, लोभ, प्रलोभन र झुटो आश्वासन दिलाएर ल्याप्चे लगाउन लगाइएका निवेदनमा मुद्दा चलाइएको छ। मेरा लागि मुद्दा चलाउन मान्छे हात समातेर ल्याउनुपरेको छ। तर, यिनका लागि मुद्दा चलाउनुपरे,

» पृष्ठ २ मा क्रमशः

सम्पादकीय टिप्पणी

संवैधानिक संस्थाहरूको लज्जास्पद तस्बिर

मुकुल ढकाल प्रकरणमा निर्वाचन आयोगको पछिल्लो पत्राचार नेपालमा संवैधानिक संस्थाहरूले आत्मा र विवेक दुवै गुमाइसकेको निर्लज्ज उदाहरण हो। हुनत नेताका जुत्ता टल्काएर लिइएका वा दिइएका, पछिल्लो समय चोलेन्द्रशमशेर राणाको 'न्यायकाल'मा त प्रधानन्यायाधीशको समेत कोटा बेचिएका राजनीतिक र संवैधानिक नियुक्तिहरूमा विवेक खोज्नु नै विवेकहीनता मानिएला। तर, नेकपाकालदेखि मुकुल ढकाल प्रकरणसम्ममा निर्वाचन आयोगले देखाएको नांगो पक्षपात हाम्रो राज्य प्रणालीलाई नै कसरी भित्रैबाट कमजोर बनाइँदै छ भन्ने उदाहरण हो।

हुनत नवनियुक्त न्यायाधीशहरू नै कृतज्ञता ज्ञापन गर्न दल र नेताहरूका दैलोमा लाइन लागेको र लगाइएको कुरूप दृश्य देखिसकेको देश हो यो। घरिघरि मानहानिको धम्की दिएर न्यायाधीशहरू भगवान्भन्दा पनि माथि जान खोज्दा जनतामा जाग्ने घृणा यस्तै दृश्यका परिणाम हुन्। निर्वाचन आयोग एक्लैले देखाएको छ, संस्थाहरूको दक्षता र विश्वसनीयता लगभग सकिइसकेको छ। लोकतन्त्रका लागि यो ठुलो आन्तरिक आक्रमण हो। आयोगमाथि उच्चस्तरीय छानबिन हुनुपर्छ।

■ असारे मेलो



शब्द/तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा वर्षा हुन थालेसँगै असारे मेलो पनि अगाडि सर्न थालेको छ। अकासे पानीको तारतम्य मिलाउँदै केही स्थानमा किसानले रोपाइँ सुरु गरेका छन्। यो दृश्य ललितपुरको भैंसेपाटी क्षेत्रको हो। यस वर्ष औसतभन्दा बढी वर्षा हुने मौसम पूर्वानुमान गरिएकाले अकासे पानीकै भर पर्नुपर्ने उपत्यकाका किसान धानखेती राम्रो हुने अपेक्षामा छन्।

■ तीव्र गतिले निम्त्याएको क्षति

चितवन दुर्घटनामा एकै परिवारका तीनसहित सातको मृत्यु

हेटौँडामा **पोष्टराज अधिकारी**

'तीव्र गति, जीवन क्षति', 'छिटो गए भन्न सकिन्न, बिस्तारै गए अवश्य पुगिन्छ'...। नियन्त्रित गतिमा यात्रा गर्न सवारीचालकलाई केन्द्रित गरेर ट्राफिक प्रहरीले मुख्य सडकका ठाउँ-ठाउँमा यस्ता सन्देश राख्ने गरेको छ। तर, शनिबार पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिका- ४, डुडुवा भन्ने स्थानमा चालकले तीव्र गतिमा सवारी चलाएकै कारण एकै परिवारका तीनसहित सातजनाको ज्यान जाने गरी भयानक दुर्घटना भयो।

धनगढीबाट काँकडभिट्टाका लागि जाँदै गरेको प्रदेश १-०१-००१ ख ३५८३ नम्बरको बस र हेटौँडाबाट नारायणगढतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ज २९९ नम्बरको

» पृष्ठ २ मा क्रमशः







दुर्घटनामा हेटौँडा उपमहानगर- ५ की ५३ वर्षीया मैयाकुमारी न्यौपाने पहाडी, उनका छोरा ३५ वर्षीय सरोज पहाडी र गर्भवती बुहारी २७ वर्षीया रेनुका कँडेलको मृत्यु भएको छ (तस्बिरमा)। चिकित्सकले प्रसूतिका लागि आइतबारको समय दिएकाले उनीहरू भरतपुर अस्पताल जाँदै थिए। हेटौँडा उपमहानगर- ५ का वडाध्यक्ष सुशील घिमिरेका अनुसार रेनुका र सरोजका घरमा नौ र चार वर्षका दुई छोरी छन्।

भारतले नवीकरणमा ढिलाइ गरिदिँदा एकतिहाइले घट्यो सिमेन्ट निर्यात

गत वर्षको जेठसम्ममा तीन अर्ब ६५ करोडको सिमेन्ट निर्यात, यस वर्ष दुई अर्ब ६६ करोडमा सीमित

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



कैद कट्टाको निर्णय बदर गर्दै गृहसचिवलाई सर्वोच्चको ध्यानाकर्षण

शिल्पा कर्ण/नयाँ पत्रिका

कुटपिट अंगभंगको एक मुद्दामा सरकारले कैद कट्टाको निर्णय गरेकोमा सर्वोच्च अदालतले त्यसलाई उल्ट्याएको छ। साथै, यस विषयमा गम्भीर ध्यानाकर्षणसमेत गराएको छ। न्यायाधीशद्वय कुमार चुडाल र नहकुल सुवेदीको इजलासले फैसला गर्दै यसमा गृहसचिवलाई लेखी पठाउने आदेश गरेको हो।

प्रतिवादी धर्मनाथ राई रहेको मुद्दामा उच्च अदालत विराटनगरको धनकुटा इजलासले ११ भदौ ०७६ मा फैसला गरेको थियो। जसमाथि सर्वोच्च पुगेको सरकारी पक्षको पुनरावेदनमाथि संयुक्त इजलासले गत २ वैशाखमा फैसला गरेकोमा हालै पूर्णपाठ सार्वजनिक भएको हो।

'प्रचलित कानुनमा अदालतमा विचाराधीन मुद्दामा प्रतिवादीलाई ठहरेको सजाय माफी मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा उक्त व्यवस्थाविपरीत उच्च अदालतको फैसलाउपर वादी नेपाल सरकार आफैँले यस अदालतमा पुनरावेदन दायर गरी उक्त मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रतिवादी धर्मनाथ राईको बाँकी कैद छोट्याई माफी दिने भनी नेपाल सरकार (मन्त्रिपरिषद्)बाट गरिएको निर्णयप्रति यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त निर्णयमा संलग्न अधिकारीलाई जिम्मेवार बनाउन र भविष्यमा पुनः यस्ता निर्णय हुन नदिन उचित र आवश्यक सतर्कता अवलम्बन गर्नु गराउनु भनी गृहसचिवलाई लेखी पठाउन

» पृष्ठ २ मा क्रमशः

दलित परिवारलाई घर बनाउन दुई महिनादेखि अवरोध

गत असोजमा आफ्नो खेतको धान गोडमेल नगरिदिएको भन्दै मुसहर बस्तीका मानिस हिँड्ने बाटोमा काँडेबार लगाएर एक सातासम्म आवतजावत बन्द गराएका सिराहाका रामचलितर यादवले अहिले आफ्नो जग्गामा जाने बाटो छेकिएको भन्दै जीवछ सदाको घर बनाउन रोकेका छन्

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको नरहा गाउँपालिका- १, गौरहा गाउँमा पुरानो घर भत्काएर नयाँ घर बनाउन खोज्दा एक दलित परिवारलाई दुई महिनादेखि अवरोध हुँदै आएको छ। ३३ वर्षीय जीवछ सदाले ३ वैशाखदेखि घर बनाउन प्रयास गरे पनि घरपछाडिको आफ्नो जग्गामा जाने बाटो छेकिएको भन्दै नरहा- २, पानबारी गाउँका रामचलितर यादवले रोकेको आरोप लगाए। रामचलितर तिनै व्यक्ति हुन्, जसले गत असोजमा आफ्नो खेतको धान गोडमेल नगरिदिएको भन्दै मुसहर बस्तीका मानिस हिँड्ने बाटोमा काँडेबार लगाएर एक सातासम्म आवतजावत बन्द गराएका थिए।

'बाजेकै पालादेखि बस्दै आएको फुसको छाना भएको घर जीर्ण भएपछि भत्काएर नयाँ बनाउन ऋणकर्जा गरी ६५ हजार रुपैयाँ जुटाएँ,' सदाले भने, 'सिमेन्टको खाँबा, धरन र केही कोरो पनि झुन्ड्याएँ, रामचलितरसहित उनका छोराहरू महेश यादव, श्रवण यादवले त्यही दिनदेखि घर बनाउन रोकिरहेका छन्। मेरो घर रहेको जग्गाको मोहडा नै मुस्किलले १५ हातजति छ,

» पृष्ठ २ मा क्रमशः



नयाँ घर बनाउन पुरानो भत्काएका जीवछले दुई महिनादेखि पत्नी, दुई छोरी र दुई छोरासहित छिमेकीको घरमा शरण लिँदै आएका छन्

■ पीडितले दिए उजुरी

घर बनाउन अवरोध भएपछि जीवछ सदाले जिल्ला प्रशासन कार्यालय सिराहामा निवेदन दिएका छन्। ८ असारमा नरहा प्रहरीमा छलफलको मिति तोकिएको उनले बताए। जिल्ला प्रशासनले पीडितको निवेदनसहित जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेपछि छलफल हुन लागेको हो। यसअघि २२ वैशाखको छलफलमा रामचलितर यादवले आफ्नो खेतमा जान पाँच हातजति जग्गा छोडेर खाँबा सारेर घर बनाउन मौखिक सहमति दिएका थिए। तर, अहिले अटेर गरिरहेको सदाले बताए। जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी निरीक्षक आकाश उप्रेतीले पीडितले घर बनाउन नपाएको भन्दै प्रशासनमार्फत आएको उजुरीको विषयमा प्रहरी गम्भीर रहेको बताए। मातहतको प्रहरी युनिटमार्फत समाजमा छलफल गराएर उनको घर बनाउने वातावरण निर्माण गर्न आवश्यक पहल गरिरहेको उनको भनाइ छ।

दलित बस्तीमा पटक-पटक जालझेल गरेर अप्ठ्यारोमा पारिँदै आएको छ : वडाध्यक्ष

नरहा- १ का वडाध्यक्ष अशोककुमार महतोले करिब सात दशकअघि जमिनदारले बसाएको दलित बस्तीमा पटक-पटक जालझेल गरेर छेउछाउमा जग्गा भएका व्यक्तिहरूले अप्ठ्यारो पार्दै आइरहेको बताए। 'त्यतिबेला गाउँलेसमेतको सहमतिमा बस्ती बस्यो, वर्षौंदेखि भोगचलन छ, तर नयाँ घर बनाउन अवरोध गरिनु जालझेल नभई के हो त ?' उनले भने।

इरानबाट...

पृष्ठ १ बाट क्रमशः

आउन भनेको छ। इरानस्थित नेपालीलाई पनि उद्धार गरिदिन परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतीय राजदूत नवीन श्रीवास्तवमार्फत भारत सरकारसँग आग्रह गरिसकेकी छिन्। यस्तै, इजरायलबाट तत्कालै स्वदेश फर्किने इच्छा राखेर फारम भरेका ३० नेपालीको उद्धारमा अन्योल भएको छ। इजरायलमा ५५ सयदेखि सात हजार नेपाली छन्। 'इजरायलमा रहेका नेपालीमध्ये हालसम्म ७५० जना सम्पर्कमा हुनुहुन्छ। उहाँहरूले बंकरमा सुरक्षित रहेको जानकारी दिनुभएको छ,' परराष्ट्र प्रवक्ता क्षेत्रीले भने, '३० जनाले तत्कालै स्वदेश फिर्ता हुने इच्छा व्यक्त गरेका छन्।'

दलित...

पृष्ठ १ बाट क्रमशः

उनको खेतसम्म ट्र्याक्टर जाने बाटो छोडिदिँदा मैले कहाँ बनाउने घर ?' नयाँ घर बनाउन पुरानो भत्काएका जीवछ दुई महिनादेखि पत्नी सविता, दुई छोरी र दुई छोरासहित छिमेकी महेन्द्र सदाको घरमा शरण लिँदै आएका छन्। गौरहा गाउँ हुँदै उत्तरतर्फ गएको बलकवा जाने कच्ची बाटोछेउमा रहेको मुसहर बस्तीपछाडि जग्गा रहेका रामचलितरले आफ्नो जग्गामा जाने बाटो रोकिएको भने पनि उठिबास गराउन खोजेको आरोप छ।

नरहा- १ का वडाध्यक्ष अशोककुमार महतोले करिब सात दशकअघि जमिन्दारले बसाएको दलित बस्तीमा पटक-पटक जालझेल गरेर छेउछाउमा जग्गा भएका व्यक्तिहरूले अप्ठ्यारो पार्दै आइरहेको बताए।

चितवन...

पृष्ठ १ बाट क्रमशः

इभी माइक्रो बस आपसमा ठोक्किँदा हेटौँडा उपमहानगरपालिका- ५ की ५३ वर्षीया मैयाकुमारी न्यौपाने पहाडी, उनका छोरा ३५ वर्षीय सरोज पहाडी र गर्भवती बुहारी २७ वर्षीया रेनुका कँडेलको मृत्यु भएको छ। चिकित्सकले प्रसूतिका लागि आइतबारको समय दिएकाले उनीहरू भरतपुर अस्पताल जाँदै थिए। त्यस्तै, हेटौँडा- १७ का ५५ वर्षीय सोमप्रसाद रुपाखेती र इभी माइक्रो चालक हेटौँडा- १० का राजु थिङको पनि मृत्यु भएको छ।

दुर्घटनामा ज्यान गुमाउने अर्की एकजना रौतहटको चन्द्रनिगाहपुर- ६ की ३१ वर्षीया सीता कुमारी भएको खुलेको छ। अर्की एक मृतक महिलाको भने पहिचान नखुलेको चितवन प्रहरी प्रवक्ता डिएसपी रवीन्द्र खनालले बताए। उनका अनुसार मृत्यु भएका सबै इभी माइक्रोमै सवार थिए।प्रहरीले तीव्र गतिका कारण मानवीय क्षति निम्तिने गरी दुर्घटना भएको जनाएको छ। इभी माइक्रो आफ्नै दिशातर्फबाट जाँदै गरेको अर्को गाडीलाई ओभरटेक गरेर तीव्र गतिमा अगाडि बढेको र विपरीत दिशाबाट बस पनि तीव्र गतिमै आएको अवस्थामा एकआपसमा ठोक्किएको डिएसपी खनालले बताए।

कैद कट्टाको...

पृष्ठ १ बाट क्रमशः

आवश्यक देखियो,' फैसलामा छ। प्रतिवादी धर्मनाथ राईलाई ५ फागुन ०७६ मा रिहा गर्ने निर्णय मन्त्रिपरिषद्बाट भएको थियो। त्यसपछि उनी रिहा भएका थिए। प्रजातन्त्र दिवसको अवसरमा ५० प्रतिशत कैद भुक्तान गरेको भनी थुनामुक्त गरिएको थियो। जबकि यो मुद्दा अन्तिम भइसकेको थिएन। सर्वोच्चमा परेको पुनरावेदन विचाराधीन नै थियो। यस विषयमा अदालतले भनेको छ, 'कुनै पनि अदालतमा मुद्दा विचाराधीन रहिरहेको अवस्थामा गृह मन्त्रालयले कैद छोट्याई माफी मिनाहा दिनेसम्बन्धी कारबाही गर्न नमिल्ने स्पष्ट देखिन आउँछ।' त्यतिवेला रामबहादुर थापा बादल गृहमन्त्री र महेश्वर न्यौपाने गृहसचिव थिए।

कैद कट्टा भएका कारण प्रतिवादी धर्मनाथ केवल एक वर्ष आठ महिना १४ दिनमै थुनामुक्त भएका थिए। बाँकी ६ वर्षभन्दा बढीको कैद असुलउपर गर्न फैसला भएको छ। कानुनी व्यवस्थाविपरीत कैद कट्टाको निर्णय भएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको सर्वोच्चको फैसलामा छ। फैसलाको प्रतिलिपि गृह मन्त्रालयको सचिवलाई पठाउन आदेश भएको छ।

संखुवासभाका ६५ वर्षीय धर्मनाथ राईले अजय राईसँग मिली कान्छी श्रीमती ५० वर्षीया श्याममाया राईको दाहिने हातका औँला र बायाँ हातको कुहिनोभन्दा तलको भाग अचानोमा राखी खुकुरीले काटिदिएका थिए। २२ जेठ ०७५ को घटनामा सरकारी पक्षले कुटपिट तथा अंगभंग मुद्दा चलायो। यसमा जिल्ला अदालतले प्रतिवादीलाई कसुरदार ठहर गरे पनि ज्येष्ठ नागरिकसम्बन्धी ऐनको सुविधा दिँदै २५ प्रतिशत कैद मिनाहा गरी धर्मनाथलाई ६ वर्ष कैद तथा एक लाख ५० हजार रुपैयाँ जरिवाना हुने सजाय सुनाएको थियो। उच्च अदालतले भने आंशिक उल्टी गर्दै केही सजाय कम गरिदियो। त्यसपछि एक लाख रुपैयाँ जरिवाना र चार वर्ष कैदको फैसला भयो। त्यसमा पनि २५ प्रतिशत कैद छुटपछि तीन वर्ष कैद कायम भयो। उच्चको यो फैसलाविरुद्ध सरकारी पक्ष पुनरावेदनमा पुगेको थियो।

प्रतिवादी स्वयंले कसुर स्वीकार गरिरहेको, पीडितले पनि घटना विवरण र गराउनेको नाम किटानीसाथ लिएको तथा समान हैसियतका अजय राईलाई सफाइ दिइएको फैसला त्रुटिपूर्ण रहेको जिकिर सरकारी पक्षको थियो। त्यसमाथि फैसला गर्दै सर्वोच्चले ज्येष्ठ नागरिकसम्बन्धी ऐनअनुसार पछि हुने नै हुँदा आठ वर्ष कैद र दुई लाख रुपैयाँ जरिवाना हुने फैसला सुनाएको थियो।

राजनीतिक प्रतिशोधविरुद्ध रास्वपाको हस्ताक्षर अभियान

नयाँ पत्रिका

संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो तेस्रो स्थापना दिवसका अवसरमा सभापति रवि लामिछानेविरुद्ध भएको भनिएको राजनीतिक प्रतिशोधको विरोधमा हस्ताक्षर अभियान सुरु गरेको छ। स्थापना दिवसको दिन बिहानै बसेको केन्द्रीय समिति बैठकले सभापति रविमाथिको राजनीतिक प्रतिशोधविरुद्ध हस्ताक्षर अभियान चलाउने निर्णय लिएको थियो। सोहीअनुसार पार्टीले माइतीघर मण्डलाबाट दिउँसो औपचारिक रूपमा अभियान सुरु गरेको हो।

पार्टीका सहकोषाध्यक्ष तथा अभियान संयोजक दीपक बोहराका अनुसार देश-विदेशमा रहेका नेपालीले अभियानमा अनलाइन वा अन्य माध्यमबाट जोडिएर समर्थन जनाउन सक्नेछन्। सभापति रविले 'न्याय' नपाएसम्म अभियान चलाउने रास्वपाको योजना छ। अभियानको प्रारम्भमा कार्यवाहक सभापति डिपी अर्याल, उपसभापति स्वर्णिम वाग्ले, प्रमुख सचेतक सन्तोष परियार र सांसद सोविता गौतमले सम्बोधन गरेका थिए। कार्यक्रममा भैरहवा कारागारमा रहेका सभापति लामिछानेले पठाएको सन्देश पनि वाचन गरिएको थियो।

सभापति रवि जेलमा र संसदीय दल भिजिट भिसा दुरुपयोग र मानव तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति मागेर सदनमा आन्दोलनमा रहेका वेला शनिबार रास्वपाले माइतीघरमा कार्यक्रम गरेर स्थापना दिवस मनाएको हो। रास्वपा ७ असार ०७९ मा स्थापना भएको थियो। सहकारी ठगी प्रकरणसम्बन्धी मुद्दामा सभापति रवि हाल भैरहवा कारागार छन्।

उनले दशकौँदेखि देशमा जरा गाडेको दलतान्त्रिक सिन्डिकेटले सिर्जना गरेका विकृति र विसंगतिको भन्डाफोर गर्न रास्वपा अभियानमा रहेको बताए। 'महँगी, बेरोजगारी, स्वास्थ्य र शिक्षा क्षेत्रका समस्यालगायत जनजीविकाका सवालमा आउँदा दिनमा हामी अझ प्रखर रूपमा प्रस्तुत हुनेछौँ,' अर्यालले भने, 'सडकदेखि सदनसम्म जनताको आवाज बुलन्द बनाइरहनेछौँ।'

उपसभापति स्वर्णिम वाग्लेले आफ्नो अस्तित्व जोखिममा पर्ने देखेपछि ठुला दलले रविविरुद्ध राजनीतिक प्रतिशोध साँधेको दाबी गरे। 'रास्वपाको संसद्मा जुन गरिमामय उपस्थिति छ, त्यसबाट आत्तिएर विपक्षीले प्रहार गरेका छन्। राजनीतिमा आउनुअगाडि रविजी कहीँ चुक्नुभयो कि भन्ने खालको शंका सुरुसुरुमा थिए। तर, आज घामजस्तै छर्लंग भएको छ। उहाँमाथि विशुद्ध राजनीतिक प्रतिशोध साँधेर दुःख दिने काम भएको छ। जे भए पनि यो अभियान रोकिनेवाला छैन। झन् गतिका साथ अगाडि बढ्छ।' वाग्लेका अनुसार रविको नेतृत्वमा रहेको रास्वपाको गति र वेग बत्तिएर कहाँकहाँ पुग्ने हो र त्यसले ०८४ मा त बडार्ने भो भनेर आत्तिएर विपक्षीले प्रतिशोध साँधेका हुन्।

यस्तै, सांसद सोविता गौतमले रविविरुद्ध राज्यले लिएको प्रतिशोधको अनुभवले पार्टीलाई अगाडि लैजान दिशानिर्देश गर्ने बताइन्। 'राज्यको ज्यादति र पीडाबाट नेपालको राजनीति यो हदसम्म जान्छ भनेर देख्ने अवसर पाएका छौँ। यो अनुभव मिठो छैन। हामीले भोगेका अनुभव र सिकेका कुराहरूले आगामी दिनमा पार्टीलाई अगाडि लैजान मार्गदर्शन गर्नेछ,' उनले भनिन्।

केन्द्रीय समिति बैठकले कार्यवाहक पदहरू हटाउँदै कवीन्द्र बुर्लाकोटीलाई महामन्त्री र मनीष झालाई प्रवक्ताको जिम्मेवारी



पार्टी सभापति रवि लामिछानेविरुद्ध राजनीतिक प्रतिशोध साँधिएको भन्दै रास्वपाले त्यसको विरोधमा शनिबारदेखि सुरु गरेको हस्ताक्षर अभियान
तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ

स्थापना दिवसका अवसरमा कार्यवाहक सभापति अर्यालले पार्टी सभापति रविविरुद्ध राज्य संयन्त्रको दुरुपयोग गर्दै अनेकौँ मुद्दा लगाइएको आरोप लगाए। उनले परिवर्तनका पक्षधर शक्तिलाई कमजोर पार्न नियोजित रूपमा रविविरुद्ध षड्यन्त्र गरिएको दाबी गरे। 'सभापतिको प्रत्यक्ष अनुपस्थितिले अभिभावकीय स्थान रिक्त भए पनि राज्यको अनुदार चरित्रले हामीलाई अझ एकताबद्ध र दृढ बनाएको छ,' अर्यालले भने, 'हामी कानुनी लडाइँलाई सशक्त बनाउँदै जनस्तरबाट पनि षड्यन्त्रको प्रतिवाद गरिरहेका छौँ।'

अर्यालले पार्टी अभियानकै रूपमा देशभर संगठन विस्तार र सुदृढीकरणमा क्रियाशील रहेको बताए। उनले अनुशासित र जीवन्त संगठन निर्माणमार्फत आमनागरिकको आवाज सशक्त बनाउने उद्देश्यप्रति प्रतिबद्ध रहेको जनाए।

दिएको छ। त्यसैगरी, बैठकले पार्टीका विभिन्न विभागको समीक्षा गर्दै केही विभागीय नेतृत्वमा हेरफेरसमेत गरेको छ। पार्टीका अनुसार तीन वर्षको गतिविधिको समीक्षा गरी भावी रणनीति तय गर्ने काम पनि बैठकले गरेको छ।

पत्रकार रजकको परिवारलाई आर्थिक सहयोग

स्थापना दिवसका अवसरमा चियापान र भोज-भतेर नगरेको रास्वपाले १५ चैतमा तीनकुने घटनामा मृत्यु भएका पत्रकार सुरेश रजकको परिवारलाई तीन लाख रुपैयाँ मानवीय सहयोग गरेको छ। सहयोग रकमको चेक हस्तान्तरण गर्न महामन्त्री कवीन्द्र बुर्लाकोटी, कोषाध्यक्ष लिमा अधिकारी र कोष व्यवस्थापन विभागका सदस्य जगदीश खरेल रजकको घर पुगेका थिए।

रास्वपाको अवरोध बेवास्ता गर्दै सभामुखले चलाए सदन

रास्वपाले आफ्नो स्थापना दिवस भएकाले शनिबार सदन नराख्न सभामुख देवराज घिमिरेलाई अनुरोध गरेको थियो, तर सभामुखले सुनेनन्। त्यति मात्र होइन रास्वपाले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन समिति र गृहमन्त्री रमेश लेखकको राजीनामा मागेर सदन अवरोध गर्दा पनि सभामुखले शनिबार पनि पेलेरै बैठक चलाए। १० वटा मन्त्रालयको विनियोजन शीर्षकको छलफल सकाउन घिमिरेले अबेर साँझसम्म बैठक चलाए।

बिहान पौने १२ बजे सुरु भएको प्रतिनिधिसभा बैठकमा रास्वपा र राप्रपा सांसदले उठेर अवरोध गरेका थिए। सभामुख घिमिरेले रास्वपाकी सुमना श्रेष्ठलाई समय दिए। श्रेष्ठले भिजिट भिसामा युवाहरू रसियामा मारिरहेको, खाडीमा अलपत्र परेको, ठगिएर उद्धार हुन नसकेको परिस्थितिमा सरकार कसका लागि भनेर प्रश्न गरिन्। उनले छानबिन समिति नबनेसम्म आन्दोलन जारी रहने बताइन्।

त्यसपछि सभामुखले राप्रपाकी रोशन कार्कीलाई समय दिए। कार्कीले भिजिट भिसामा धेरै पहिलेदेखि नेपाली दाजुभाइ, दिदीबहिनीहरू बेचिएको, ५० लाख दैनिक उठाइएको भन्दै उच्चस्तरीय छानबिन हुनुपर्ने माग गरिन्। गृहमन्त्रीसँग नैतिकता छ भने राजीनामा गर्नुपर्ने उनको भनाइ थियो।

त्यसपछि सभामुख घिमिरेले बैठकलाई कार्यसूचीमा लगे। रास्वपाका सांसदले वेल घेराउ गरेर नाराबाजी गरे भने राप्रपाले बैठक बहिष्कार



गऱ्यो। शनिबार रास्वपाले प्रतिपक्षी बोल्दा वेल घेराउ गऱ्यो भने सत्तापक्ष बोल्दा बैठक बहिष्कार गरेर बाहिरिएको थियो।

मन्त्री उपस्थित नभएकोमा योगेश भट्टराईको आपत्ति

विनियोजन विधेयकअन्तर्गत संघीय मामिला, ऊर्जा, रक्षा, स्वास्थ्य खानेपानी, शिक्षा, परराष्ट्र, श्रम, गृह र सञ्चार मन्त्रालयको शीर्षकमाथि समूहकृत छलफलमा भाग लिएका एमाले सचिव योगेश भट्टराईले मन्त्रीहरू गैरजिम्मेवार देखिएको टिप्पणी गरे। 'म मन्त्रीज्यूहरूलाई भन्न चाहन्छु- संसद्मा विनियोजन शीर्षकमाथि छलफल भइरहेका वेला त्योभन्दा महत्त्वपूर्ण अर्को काम के होला ? जसले अन्तै जानुपऱ्यो होला ?' उनले प्रश्न गरे, 'हामी आफूले प्रस्तुत गरेका विधेयकहरूको छलफलमा गम्भीरताका साथ भाग लिँदैनौँ, गर्छौँचाहिँ के ? विधायकी काममा हामी भाग लिँदैनौँ भने गर्छौँ के ? यो एउटा गम्भीर जवाफदेहिताको प्रश्न हो।'

'कठपुतली'...

पृष्ठ १ बाट क्रमशः

छ। साधारण सदस्यसमेत नरहने गरी निष्कासनमा परिसकेका तत्कालीन महामन्त्री डा. मुकुल ढकालले तीन दिनअघि ४ असारमा गरेको निवेदनका आधारमा आयोगले उसै दिन मुकुल नै महामन्त्री रहेको २० चैत ०८० कै अद्यावधिक विवरण दिएको हो। यसअघि नेकपा र जसपा विभाजनका क्रममा पनि आयोगले 'राजनीतिक प्रभाव'मा भूमिका निभाएको प्रश्न कायमै छ।

रास्वपाको केन्द्रीय समितिले २५ असार ०८१ मा ढकाललाई महामन्त्री पदबाट हटाउने निर्णय गर्दै १७ साउनमा निर्वाचन आयोगमा पदाधिकारी फेरबदल अभिलेख अद्यावधिक गर्न निवेदन दिएको थियो। तर, रास्वपाले दिएको उक्त निवेदनमा आयोगले एक वर्षसम्म कुनै कारबाही गरेन। ४ असार ०८२ मा तत्कालीन महामन्त्री ढकालले आयोगमा निवेदन दिँदै रास्वपा केन्द्रीय समिति पदाधिकारी तथा सदस्यको हेरफेर विवरण माग गरे। सोही दिन आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाकी शाखा अधिकृत उषा गजमेरले २० चैत ०८० मा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यको हेरफेर भई अद्यावधिक भएको विवरण उपलब्ध गराइन्। त्यसभन्दा पछि हालसम्म अद्यावधिक भएको अभिलेखमा नदेखिएको भन्दै ढकाललाई पत्र दिएकी छिन्।

जबकि रास्वपाले १७ साउन ०८१ मा दलको विवरण परिवर्तन गरिएको निवेदन आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखामा २०१ नम्बरमा दर्ता भएको देखिन्छ। उक्त विवरणमा ढकाललाई महामन्त्री र प्रवक्ता पदबाट हटाइएको छ।

निवेदनमा केन्द्रीय समितिले १९ असार ०८१, २५ असार, १० साउनमा तीनपटक पार्टीको विवरण हेरफेर गरेको उल्लेख छ। आयोगले आफ्नै दर्ता अभिलेखको बेवास्ता गर्दै ढकाललाई मान्यता दिएको घटनाले निर्वाचन आयोगको निष्पक्षता र विश्वसनीयतामा गम्भीर प्रश्न खडा गरेको छ।

यसमा अर्को अनौठो यो छ कि निर्णयप्रति आयुक्तहरू नै अनभिज्ञ छन्। कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मुकुल ढकाललाई दिइएको पत्रबारे जानकारी नभएको बताए। 'बाहिर आएको पत्रबारे जानकारी छैन। पत्र शुक्रबार सार्वजनिक भयो। शनिबार बिदा भएकाले बुझ्न पाइएन। आइतबार के भएको रहेछ बुझेर भन्छु,' उनले भने।

रास्वपाले यो निर्णयलाई राजनीतिक प्रभावमा गरिएको ठहर गर्दै कडा आपत्ति जनाएको छ। रास्वपाले दिएको निवेदनको जवाफ एक महिनाभित्र दिनुपर्ने कानुनी प्रावधान मिचेर आयोगले एक वर्षसम्म जवाफ नदिनु र अहिले आएर अद्यावधिक गरिएको छैन भन्नुले प्रभाव प्रस्ट देखिएको प्रवक्ता मनीष झाले बताए।

'पार्टीको तर्फबाट १७ साउन ०८१ मा निर्वाचन आयोगसँगकै परामर्शमा निवेदन पेस भएको छ। सो निवेदनको सम्बन्धमा निर्वाचनबाट हेरफेर भएको विवरणअनुसार काम गर्नु र निर्वाचन आयोगसमेतले सोही हेरफेर भएको विवरणअनुसार काम गर्नेछ भन्ने सूचनाहरू दिँदै आएको थियो,' झाले भने, 'पार्टीको तर्फबाट आधिकारिक निवेदन गरिसकेपछि सोसम्बन्धी विवरण अद्यावधिक गर्ने जिम्मेवारी निर्वाचन आयोगकै हो। तर, हालसम्म किन अद्यावधिक गरिएन यसको जवाफ आयोगले नै दिनुपर्छ।'

अद्यावधिकको निवेदन दर्ता भइसकेपछि सो निवेदनमा उल्लेख भएको व्यहोरा नै आधिकारिक हुने मान्यता र अभ्यास रहेको झाको भनाइ छ। प्रवक्ता झाले यसविरुद्ध प्रक्रियागत र कानुनी लडाइँ लडिने पनि बताए। 'एक वर्षअघि हेरफेरको निवेदन दिँदा पनि भएको छैन भन्नु, पुरानै अद्यावधिकलाई देखाएर पूर्वमहामन्त्रीलाई बहाल नै रहेको देखाउनु आपत्तिजनक छ। यसका विरुद्ध लडाइँ लड्छौँ। यसको जवाफदेहिता आयोगले लिनुपर्छ,' उनले भने।

अधिवक्ता ओमप्रकाश अर्यालले आयोगका निर्णय पटक-पटक विवादमा आएका र यस्तो कामले संवैधानिक निकायको विश्वास टुट्ने बताउँछन्। उनका अनुसार निर्वाचन आयोगमा भागबन्डाका आधारमा नियुक्ति हुने परिपाटीले संवैधानिक निकायको स्वायत्तता र विश्वसनीयता खतरामा परेको छ। 'आयोगले रास्वपाको दर्ता भइसकेको निवेदनअनुसार अभिलेख राख्नैपर्ने हो। अभिलेखमा राखिएन र बदनियतपूर्वक गरियो भने आयोगले आफ्नो स्वतन्त्रता गुमाएको अथवा आयोगले कसैको स्वार्थपूर्तिको काम गरेको भन्ने देखियो,' उनले भने, 'आयोगको भूमिकामा धेरैचोटि प्रश्न देखिएको छ। नेकपा विभाजन र बिचमा अरू घटना पनि प्रश्नरहित रहेनन्। आयोगमा भागबन्डामा नियुक्ति भएको हो। जसको पालामा, जोमार्फत भागबन्डामा नियुक्ति भए, उसैको स्वार्थअनुसार चलेका उदाहरण प्रशस्त छन्। यसले संवैधानिक निकायको विश्वास टुट्छ। विश्वासको संकट बढदै जाँदा संस्थाको वैधताको संकट आउँछ।'

पहिला पनि भएका थिए आयोगबाट विवादास्पद निर्णय

नेकपा विभाजन निर्णयमा विलम्ब

निर्वाचन आयोगबाट यसअघि पनि विवादास्पद निर्णय भएका छन्। यसअघि आयोगले नेकपा विभाजनका वेला निर्णयमा विलम्ब र जसपा विभाजनमा निष्क्रिय भइसकेको व्यवस्था कार्यान्वयन गरेको थियो। आयोगका यी निर्णय राजनीतिक प्रभावमा भएको आरोप लाग्दै आएको छ।

०७७ पुसमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेको वेलामा पनि नेकपाको आधिकारिकता विवादमा आयोगले लामो समयसम्म निर्णय लिएको थिएन। ओली पक्षलाई फाइदा पुग्नेगरी नेकपाको आधिकारिकता विवाद लामो समय 'होल्ड' गरेको थियो। त्यतिवेलाका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियालाई ओलीले नै नियुक्त गरेका थिए। त्यसवेला प्रचण्ड-माधव पक्षले आयोगको भूमिकाप्रति कडा असन्तुष्टि जनाएका थिए।

तत्कालीन नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले फेसबुकमार्फत प्रश्न गरेका थिए, 'निर्वाचन आयोगले हाम्रो पार्टीले विधानसम्मत गरेको संगठनात्मक निर्णयको जानकारी गराएर अद्यावधिक गर्न अनुरोध गर्दा अद्यावधिक नगरेर गैरकानुनी ढंगबाट विवाद निरूपणको प्रक्रियाअन्तर्गत आउन बाध्य पार्ने र त्यस अवस्थामा बाध्यतावश पार्टीको आधिकारिकताको विवाद निरूपणको निम्ति अनुरोध गर्दा निर्णय नदिने काम किन र के उद्देश्यका निम्ति गरिरहेको छ ?'

निष्क्रिय अध्यादेशका आधारमा अशोक राईको पार्टी दर्ता

यस्तै, ०८१ वैशाखमा उपेन्द्र यादव नेतृत्वको जसपा विभाजनका बेला पनि आयोगले निष्क्रिय भइसकेको अध्यादेशमा टेकेर अशोक राई समूहको नाममा नयाँ दल दर्ता गरिदिएको थियो। संविधानविद्का अनुसार अध्यादेशअनुसारको २० प्रतिशतको प्रावधान खारेज भइसकेपछि पहिलाकै केन्द्रीय समिति र संसदीय दलमा ४० प्रतिशतकै व्यवस्थाबाट आयोगले निर्णय लिनुपर्ने र सदस्य नपुग भएमा आयोगले दल दर्ता गर्न नसक्ने अवस्था थियो। तर, आयोगले निष्क्रिय भइसकेको अध्यादेशअनुसार दल दर्ता गरिदियो। जसलाई उपेन्द्र यादवले सत्ताको इसारामा आयोगले गरेको निर्णय भनेर टिप्पणी गरेका थिए।

राई समूहले निर्वाचन आयोगमा पेस गरेको दाबीमा संसदीय दलका सातजना, केन्द्रीय कार्यकारिणी समितिका आठ र केन्द्रीय समितिका ३१ जनाको हस्ताक्षर बुझाएको थियो। राजनीतिक दलसम्बन्धी ऐनले संसदीय दल र केन्द्रीय समितिलाई मात्र चिन्छ। जसपाको संसदीय दलमा १२ जना र केन्द्रीय समितिमा ४०६ सदस्य थिए। संसदीय दलमा राई समूहको झन्डै ६० प्रतिशत पुगे पनि केन्द्रीय समितिमा करिब आठ प्रतिशत मात्रै सदस्यको समर्थन थियो।

दलसम्बन्धी ऐन, २०७३ को दफा ३३ (२) मा दल विभाजनका लागि केन्द्रीय समिति र संसदीय दलको ४० प्रतिशत आवश्यक पर्ने उल्लेख छ। तर, केन्द्रीय समिति वा संसदीय दलमध्ये एकमा २० प्रतिशत भए पुग्ने अध्यादेश ल्याउँदा यो दफा निष्क्रिय रहेको थियो। अध्यादेश खारेज भइसकेको अवस्थामा राई समूहले २० प्रतिशतवाला अध्यादेशमार्फत जारी गरिएको नियमावलीमा टेकेर आयोगमा नयाँ दल दर्ताका लागि दाबी गरेको थियो, जसलाई आयोगले मान्यता दिएको थियो।

आयोगको निर्णयविरुद्ध एक वर्षअघि उपेन्द्र यादवले सर्वोच्चमा मुद्दा पनि दायर गरेका थिए। दल दर्ताको निर्णय त्रुटिपूर्ण भन्दै गैरकानुनी भएकाले बदर गर्न रिटमा माग गरिएकोमा अझै टुंगोमा पुगेको छैन।

कारागारबाट...

पृष्ठ १ बाट क्रमशः

यिनको बाँकी जीवन जेलमा बित्छ, जायजेथा राज्य कोषमा दाखिला हुन्छ।

● म सोध्न सक्छु- परिवर्तनका लागि जनताले दिएको मत पार्टी सभापतिका रूपमा रवि लामिछानेले व्यापारी र माफियालाई बेच्यो त ? समानुपातिक मत भनेको नेतालाई बेचेको मतजस्तो बुझिन्थ्यो। नेताले या परिवार, नातागोता र दासहरूलाई सांसद बनाउँथे या व्यपारीलाई बेच्थे। त्यसै गऱ्यो त रास्वपाले ? प्रत्यक्षमा जस्तै रास्वपाले आफूले पाएको समानुपातिक मतमा पनि जनतामा सबैभन्दा प्रतिबद्ध प्रतिनिधि छान्यो। म गर्वका साथ सोध्न सक्छु, एसिड आक्रमणमा परेकी विन्ध्यवासिनी कंसाकारलाई कहिल्यै संसद्मा लैजान्थे यिनीहरूले ? परदेश छोडेर फर्किएकी सुमना श्रेष्ठ यिनीहरूको पार्टीमा कहिल्यै अटाउने थिइन् ? स्थापित भनिएकाहरूले कहिले दिन्थे मनीष झा र सन्तोष परियारहरूलाई पालो ? देशको अर्थतन्त्र जर्जर हुँदासमेत डा. स्वर्णिम वाग्लेजस्तो विश्वले मानेको अर्थविद्लाई लत्याएकाले कहिले चिन्थे डा. चन्दा कार्कीहरू ? यिनीहरूले कहिल्यै प्रत्यक्ष निर्वाचनमा उतार्थे त तोसिमा र सोविताजस्ता भर्भराउँदा युवालाई ? माफियालाई टिकट बेच्नेहरूले कहिल्यै मौका दिन्थे त हरि ढकालहरूलाई ? मन्त्री बनाउँथे त विराजभक्त श्रेष्ठ, शिशिर खनालजस्ता क्षमतावान् युवालाई ?

● वर्तमान व्यवस्था र संविधान मानेरै पुराना राजनीतिक दलभित्र रहेको विकृति-विसंगति सम्बोधन गर्ने गरी नयाँ पार्टी बनायौँ। आज रास्वपाविनाको प्रतिनिधिसभा कल्पना पनि गर्न सकिँदैन। जनताका होनहार छोराछोरीको संसद्मा उपस्थिति, तिनको मिहिनेत र निष्ठाको राजनीतिलाई स्वीकार गर्न पनि यो देशका विद्वान्-विश्लेषकहरूलाई किन गाह्रो परेको हो, मैले बुझ्न सकेको छैन। देशको परिस्थितिलाई मूल्यांकन गर्दै लम्बेतान आर्टिकल लेख्न र विश्लेषण गर्न रवि लामिछानेलाई पनि नआउने होइन। तर, रवि लामिछानेले यस्ता विश्लेषणको प्रभाव देखिसकेको छ। मलाई यो देशको बेथितिको थप व्याख्या गर्नु छैन, बेथिति भत्काउनु छ। बेथितिका वाहकहरूलाई निवेदन दिएर वा अनुरोध गरेर यो देशमा थितिको शासन सुरु हुँदैन। यिनीहरूलाई लल्कारेर र धावा बोलेर मात्र थिति बसाल्न सकिन्छ। यिनीहरूलाई चुनौती दिएको मूल्य अहिले मैले तिरिरहेको छु।

● ०५४ सालयता विभिन्न विषयमा छानबिन गर्न १५ संसदीय विशेष समिति बनेका रहेछन्। अरू १४ समितिका सिफारिस सरकारले बुझ्यो, सकियो। समितिका प्रतिवेदनहरू 'संसदीय अभिलेख'मा सीमित हुन्थे। मेराविरुद्धको सिफारिसलाई चाहिँ इतिहासमै पहिलोपटक क्याबिनेटबाटै अनुमोदन गरियो। ०८१ भदौ ३१ गते सभामुखलाई पेस गरिएको प्रतिवेदन सोही दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुग्यो। र, असोज २ गते मन्त्रिपरिषद्ले 'संसद्मा प्रस्तुत भएको सहकारी बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१ कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय पठाउने' निर्णय गऱ्यो। बचतकर्ताको रकम फिर्ता गर्ने मूल उद्देश्यले खडा भएको छानबिन विशेष समितिको १२ सय पृष्ठको प्रतिवेदन मात्र मेराविरुद्ध कार्यान्वयन भयो। त्यो पनि एकदमै छलपूर्वक र बलपूर्वक।

● रवि लामिछानेले अर्बौं ठगेका प्रमाण हामीसँग छन्, आफैँ निवेदन दिएर सहकारीबाट पैसा निकालेको प्रमाण छन् भनेर संसद्मा सादा कागज देखाउँदै गर्जेका नकचराहरूले अहिलेसम्म के-के दिए त प्रमाण ? यिनले महिनौँ लगाएर खोजे। तर, कुनै एउटै सहकारीमा रै'छ त रवि लामिछानेको ऋण पाऊँ भन्ने एउटै निवेदन ? कुनै सहकारीमा भेटियो त रवि लामिछानेको एउटै हस्ताक्षर ? कुनै सरकारीमा रै'छ त रवि लामिछाने पदाधिकारी, सदस्य, कर्मचारी ? पदाधिकारी, सदस्य, कर्मचारी नै नभई कसैले ठग्न सक्छ त सहकारी ? अनि, पदाधिकारी नै रहेकाहरूलाई अदालतले दुई-चार लाख धरौटीमा छोडेको देशमा म सहकारीमै नजोडिएको मान्छेलाई यतिसम्म प्रताडित गरेपछि देशमा जिउँदो देखिन्छ त कानुन, विधिको शासन र न्याय ?

● अरू संवैधानिक निकाय छोड्दिनुस्, न्यायपालिकाकै अवस्था के छ, पूर्वप्रधानन्यायधीश सुशीला कार्कीको पुस्तक 'न्याय' पढे मात्रै पनि छर्लंग हुन्छ। न्यायाधीश बन्ने ढोका यिनैले खोल्छन्, यिनैले बन्द गर्छन्। नेताहरूले नचाहे संसदीय सुनुवाइ नै नगरेर न्यायाधीश र प्रधानन्यायधीश बन्न दिँदैनन्। त्यसैले पार्टीकै कार्यकर्ता पनि हुन परेन, रोलक्रममा भएको न्यायमूर्तिले करिअरकै बलि चढाएर म बबुरो रवि लामिछानेलाई किन र कसरी दिन्छ न्याय ? जति माथि गयो, न्यायपालिका त्यति बढी दबाबमा किन छ भने न्यायपरिषद् र संसदीय सुनुवाइका दुई तरबार हमेसा न्यायमूर्तिमाथि छन्। यो कालकोठरीबाट म घरिघरि सोच्छु, आफैँ यति अन्याय, दबाब र प्रभावमा बाँचेको न्यायपालिकासँग मैले अलि धेरै अपेक्षा राखेर अन्याय पो गरेँ कि !

● ममाथि अत्याचार गर्ने लोकतन्त्र होइन, ओली-थापाहरूको कुटिल षड्यन्त्र र लेखक-वडालहरूको कानुनी प्रपञ्च हो। विधिको शासन त यिनीहरूले उहिल्यै समाप्त पारिसकेका हुन्। हरेक संवैधानिक निकायमा यिनले धारिला हतियार लुकाएका छन्। यो सिन्डिकेटमा केही सीमित नेताबाहेक कोही सुरक्षित छैन।

● अब म रहुँला-नरहुँला, तर मेरा केही संकल्प छन्। भ्रष्टहरूको आर्थिक र राजनीतिक अपराधको टेको बनेको वर्तमान संविधान अब संशोधन होइन, पुनर्लेखन हुनुपर्छ। सबै उच्चपदस्थको सम्पत्ति छानबिन हुनुपर्छ। ०४६ सालयताका सबै क्याबिनेटका निर्णयको पनि छानबिन हुनुपर्छ। संसदीय अस्थिरताबाट देशलाई मुक्त गर्न प्रत्यक्ष निर्वाचित कार्यकारीमा जानुपर्छ। प्रदेश सभा खारेज हुनुपर्छ। राष्ट्रिय सभालाई चुनाव हारेका नेता र आफन्त होइन, विद्वान्हरूको सभा बनाउनुपर्छ। नेताहरूले खेलौना र भर्तीकेन्द्र बनाएका सबै संवैधानिक अंगहरूको एकसाथ पुनर्संरचना गर्नुपर्छ।

● सबैले मेरै बलि चढाउने भाकल गरेका छन्। कसैको राजनीति जोगाउन, कसैको सरकार बनाउन वा जोगाउन र कसैलाई उच्च वा सर्वोच्च पुग्न पनि मेरै बलि चढ्नुपर्ने। म एउटा मान्छे कतिजनाको भाकलका लागि कति पटक रेटिने, कति टुक्रामा काटिने ? सबको भाकल पूरा गर्न रेटिँदा-रेटिँदा मसँग हाडछाला र एकमुठी प्राण मात्र बाँकी छ। यतिवेला मसँग सत्यबाहेक केही पनि बाँकी छैन। म थुनिँदा मात्रै न्यायालयप्रतिको विश्वास कायम रहन्छ रे। आज सबै क्षेत्र जनताको प्रत्यक्ष निगरानीमा छ। मिडिया होस् या न्यायालय, जनताको अदालतमा ढिलोछिटो सबैले जवाफ दिनुपर्नेछ। एक न एकदिन सबैको श्वतेपत्र निस्कने नै छ।

■ नारायणघाट-बुटवल सडक राति १० घण्टा बन्द

पूर्व–पश्चिम यात्रा झनै कष्टकर बन्दै

विनयी खोलामा बनेको नयाँ पुल सञ्चालनमा नआएसम्म यातायात प्रभावित, वैकल्पिक मार्ग प्रयोग गर्न सडक विभागको आग्रह

■ जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकाल भन्छन्- दाउन्ने र दुम्किबास क्षेत्रमा केही दिन साना सवारीसाधन पनि सञ्चालन गर्न सकिने अवस्था छैन

नवलपुरमा **रामकुमार श्रेष्ठ**

पूर्व-पश्चिम राजमार्गको बुटवल-नारायणगढ सडकखण्डअन्तर्गत नवलपुरको दुम्किबास र दाउन्नेमा दैनिकजसो सडक अवरुद्ध भएर दुर्घटनाको जोखिम बढेपछि केही दिनलाई ठुला र मालवाहक सवारीसाधनमा रोक लगाइएको छ। सडक विभाग आयोजना निर्देशनालयले शनिबार सूचना जारी गरेर दाउन्ने-दुम्किबास क्षेत्रमा साँझ सातदेखि बिहान पाँच बजेसम्म १० घण्टा ठुला सवारीसाधनमा रोक लगाइएको हो।

आयोजना निर्देशनालयका निर्देशक इञ्जिनियर चुडाराज ढकालले शुक्रबार जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेको अध्यक्षतामा बसेको बैठकको निर्णयअनुसार शनिबारदेखि रातिको समयमा सडकमा यातायात सञ्चालनमा रोक लगाइएको बताए। 'निर्माणाधीन नारायणघाट-बुटवल सडकको दुम्कीबासस्थित विनयी खोला पुलको डाइभर्सन सडक वर्षाले बारम्बार बगाइरहेकाले सो स्थानमा बनेको नयाँ पुल सञ्चालनमा नआउने वेलासम्म रातिमा सडकमा यातायात सञ्चालन बन्द गर्ने निर्णय भएको छ', उनले भने, 'यसैगरी दाउन्ने खण्डको केही स्थानमा ग्राबेल राखेर सडक मर्मत गर्ने काम भइरहेकाले दाउन्नेमा सहज रूपमा यातायात सञ्चालन नहुने वेलासम्मका लागि रातिमा सडक बन्द गरिएको हो।'

सडक खण्डमा ठूला र मालवाहक सवारीसाधन भने शनिबारदेखि चौबिसै घण्टा सञ्चालन गर्न नदिने गरी रोक लगाइएको ढकालको भनाइ छ। ठूला र मालवाहक सवारीसाधनलाई नारायणघाट बुटवल सडकको वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गर्दै निर्देशक ढकालले साना सवारीसाधनसमेत सडकको अवस्था हेरेरमात्रै दिउँसोमा यात्रा गर्न सुझाव दिए।

सूचनामा ठूला र मालवाहक सवारीसाधन सञ्चालनमा रोक लगाइए पनि केही दिन साना तथा हल्का सवारीसाधन पनि गुड्न सक्ने अवस्था छैन। 'दाउन्ने र दुम्किबास क्षेत्रमा केही दिन साना सवारीसाधन पनि सञ्चालन गर्न सकिने अवस्था छैन,' जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले भने। उनका अनुसार दुम्किबासको विनयी खोला र दाउन्नेको बिच भागमा दुम्किबासदेखि सर्दी र सर्दीदेखि होड्सी सिमेन्ट गेटसम्म फसेका १४ सय बढी सवारीसाधनलाई पास नगराएसम्म साना तथा हल्का सवारी साधन पनि सञ्चालन गर्न सकिने अवस्था छैन। शनिबार बाटो पूर्ण रूपमा बन्द गरे यहाँ फसेका सात सयभन्दा बढी सवारीसाधनलाई गन्तव्यतर्फ पठाइएको उनले बताए।



नारायणघाट-बुटवल सडकखण्डअन्तर्गत दाउन्नेमा जाममा फसेका सवारीसाधन

बिहीबार जिल्ला प्रशासन कार्यालय नवलपुरमा सडक आयोजना, चाइना स्टेट कम्पनी र नवलपुरका सुरक्षा निकायका प्रमुखहरूबिच भएको छलफलमा दुम्किबासको पुल १४ असारबाट सञ्चालनमा ल्याउने मोटामोटी सहमति भए पनि चाइना स्टेट कम्पनी पुल निर्माण सम्पन्न भएको २८ दिन नपुगेसम्म सञ्चालनमा ल्याउन नहुने पक्षमा देखिएको प्रहरी उपरीक्षक ढकालले बताए। दाउन्ने सडकमा ग्राबेल बिछ्याएर ठुला तथा मालबाहक सवारीसाधन चल्न सक्ने गराउन कम्तीमा १० दिन लाग्ने जनाइएको छ। दुम्किबासको पुल पनि २० असारअगाडि सञ्चालनमा आउन सक्ने संकेत देखिएको छैन। दुम्किबासको पुल पूर्णरूपमा सञ्चालनमा नल्याएसम्म दुम्किबास सर्दी हुँदै होड्सी गेटबाट सञ्चालन गरिने भित्री बाटोमा साना तथा हल्का सवारीसाधन मात्रै चल्ने अवस्था रहेको प्रहरी उपरीक्षक ढकालले बताए।

सडक आयोजनाले दुम्किबासको विनयी खोलाको पुलको डाइभर्सन सडक वर्षाले लगातार बगाइरहेकाले सो स्थानमा नयाँ पुल सञ्चालनमा नआउन्जेल र दाउन्ने सडकको केही स्थानमा ग्राभेल राखेर सडक मर्मतको काम नसकिन्जेलसम्म ठुला र मालबाहक सवारीसाधन सञ्चालनमा रोक लगाएको हो। दाउन्ने सडकखण्डको पूर्वी खण्डको नौ किलोमिटर सडक वर्षाले हिलो र चिप्लो हुँदा लगातार पाँच दिनदेखि यातायात सञ्चालनमा कठिनाइ भएको छ। अहिले विनयी त्रिवेणी गाउँपालिकाको सहयोगमा पाँच सय टिप गिटी ल्याएर बिछ्याउन थालिएको छ।

दुम्किबासको विनयीखोलामा डाइभर्सन पटक-पटक बगाएपछि अब डाइभर्सन नबनाइने भएको छ। उक्त क्षेत्रमा रहेको डाइभर्सन भत्काइएको आयोजनाले जनाएको छ। दुम्किबास सर्दी र सर्दी होड्सी सिमेन्ट कम्पनीको गेटसम्म फसेका सवारीसाधनलाई आइतबार दिनभर लगाएर गन्तव्यतर्फ पठाइएपछि हल्का तथा साना सवारीसाधन र यात्रुवाहक बसलाई सञ्चालनमा ल्याइने प्रहरी उपरीक्षक यादव ढकालले बताए। चार लेनमा विस्तार भइरहेको सडकको दाउन्ने खण्डमा सामान्य पानी पर्दा पनि हिलोका कारण सवारीसाधन सञ्चालनमा कठिनाइ हुँदै आएको छ। यात्रा झनझन् कष्टकर बनेको छ।

■ सात ठाउँको अवरुद्ध सडक खुलाइयो, तीन ठाउँ अझै बाँकी



पहिरोले अवरुद्ध कालीगण्डकी करिडोर

काठमाडौं/ पछिल्लो दुई दिन परेको भारी वर्षापछि बाढी र पहिरोका कारण विभिन्न क्षेत्रका १० स्थानमा अवरुद्ध भएका सडकमध्ये शनिबारसम्म सात ठाउँको सडकमा यातायात सञ्चालनमा आएको छ। साथै, अझै तीन स्थानमा सडकमा यातायात ठप्प रहेको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए। उनका अनुसार नवपलरासी बर्दघाट सुस्तापूर्वको विनयी खोलामा डाइभर्सन बगाउँदा अवरुद्ध सडक अझै सञ्चालनमा आउन सकेको छैन। शुक्रबार यात्रुबाहक गाडी नै बगाएको थियो।

रोल्पाको त्रिवेणी गाउँपालिका-७ जङ्डाँडामा पहिरोले घोराही-रुकुम सहिदमार्ग अवरुद्ध भएको छ। पहिरोकै कारण पाल्पाको तिनाउ नगरपालिका-३ सुरुङमार्गमा सडक अवरुद्ध हुँदा सिद्धार्थ राजमार्ग बन्द भएको छ। घिमिरेका अनुसार ललितपुरको बागमती गाउँपालिकामा पहिरोले अवरुद्ध कान्ति लोकपथ पूर्णरूपमा सञ्चालनमा ल्याइएको छ। धनकुटाको साँगुरीगढी गाउँपालिकामा पहिरोले अवरुद्ध सडक, नवलपरासी बर्दघाट सुस्तापूर्वको बुलिङटारमा पहिरोले अवरुद्ध कालिगण्डकी करिडोर, म्याग्दीको बेनी-जोमसोम सडक, गुल्मीमा अवरुद्ध कालिगण्डकी करिडोर पनि पहिरो पन्छाएर सडक खुलाइएको प्रहरीले जनाएको छ। जुम्लामा अवरुद्ध जुम्ला-मुगु सडक, डोल्पामा बाढीका कारण अवरुद्ध भेरी करिडोर पनि एकतर्फी खुलाइएको र दुईतर्फी खुलाउने प्रयास जारी रहेको प्रहरीले जनाएको छ।

अखेटोपहार राख्नेलाई कारबाहीको दायरामा ल्याउन परमादेश

शिल्पा कर्ण/ नयाँ पत्रिका

सार्वजनिक रूपमा जीवजन्तुको अखेटोपहार प्रदर्शन गर्नेमाथि कारबाही हुने भएको छ। सर्वोच्च अदालतले कारबाहीका लागि परमादेश दिँदै यसको कार्यान्वयनको निमित्त फैसला कार्यान्वयन निर्देशनालयलाई लेखी पठाउने आदेश गरेको छ। 'मान प्रतिष्ठा, गर्वको रूपमा अखेटोपहार संकलन गर्ने, प्रदर्शन गर्नेलाई कारबाहीको दायराभित्र ल्याउनू,' सर्वोच्चको संयुक्त इजलासले गरेको फैसलामा भनिएको छ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको इजलासले यो मुद्दामा दुई वर्षअघि नै फैसला गरे पनि हालै पूर्णपाठ सार्वजनिक भएको हो। सूचना निकालेर स्वस्फूर्त अखेटोपहार बुझाउन लगाउने र नगरेमा अनुसन्धानको दायराभित्र ल्याई कानुनी कारबाही गर्न भनिएको छ। 'अनुज्ञापत्र वा निस्सा नभई अखेटोपहार घर, कार्यालय तथा अन्य ठाउँमा भएमा समयसीमा तोकी नेपाल सरकारलाई बुझाउनू भनी सार्वजनिक रूपमा जानकारी हुने गरी सो समयावधिमा बुझाउन ल्याएमा कारबाही नहुने भनी पर्याप्त समयसहितको सूचना दिई अखेटोपहार स्वस्फूर्त बुझाउन सहजीकरण गर्ने गरी प्रकाशन गर्नू,' कुमार पौडेलले दायर गरेको रिटमाथिको फैसलामा उल्लेख छ।

पौडेलले वन मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, पर्यटन मन्त्रालयलगायतलाई विपक्षी बनाउँदै रिट दर्ता गरेका थिए। सम्बद्ध निकायहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लागू हुनुअगाडिको अखेटोपहारको संख्या, उपभोग, कति नष्ट भएजस्ता अभिलेख राख्नुपर्ने भए पनि नराखेको तथा निस्सा दिने कार्य पनि नभएको भन्दै यी निकायलाई जिम्मेबार बनाउनुपर्ने माग रिटमा थियो। सम्बन्धित निकायबाट कानुनको कार्यान्वयन नभएका कारण वन्यजन्तुसम्बन्धी अपराधका साथसाथै अपराधीहरूको मनोबल बढिरहेको दाबी निवेदकको थियो। खुलेआम रूपमा विभिन्न सांस्कृतिक समारोह, व्यक्ति तथा निजी संस्थाहरूले वन्यजन्तुको अखेटोपहार सजाएर राखेको तथा गैरुकानूनी प्रदर्शन गरेकालेयसलाई रोक्न आदेश मागसहित रिट दर्ता भएको थियो।



मान प्रतिष्ठा, गर्वका रूपमा अखेटोपहार संकलन गर्ने, प्रदर्शन गर्नेलाई कारबाहीको दायराभित्र ल्याउनू : सर्वोच्च

'विपक्षी निकायहरूले वन्यजन्तुको अखेटोपहारको व्यवस्थापन सही ढंगबाट गरेको र त्यससम्बन्धी लगत राख्ने गरेको भने तापनि सो सम्बन्धको प्रतिवेदन वा तथ्यांकहरू के कसरी व्यवस्थापन गर्दै आएको वा क-कस्तो कारबाही गरिएको भन्ने सम्बन्धमा पनि विपक्षीहरूबाट कहींकतै उल्लेख भएको देखिन आएन,' विपक्षीहरूबाट परेको लिखित जवाफबारे अदालतले भनेको छ। ०२९ मा कानुन आएपछि पनि वन्यजन्तुको अखेटोपहार प्रदर्शन गर्ने क्रम नरोकिएको भन्दै अदालतले नौबुँदे परमादेश जारी गरेको हो।

'अखेटोपहारको सूची तयार गरी अभिलेखसमेत राखेर नष्ट वा संरक्षण जे गर्नुपर्ने हो सोअनुसार उचित व्यवस्थापन गर्नू। नष्ट गर्नुपर्ने अखेटोपहारलाई नष्ट गर्दा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नू, गराउनू। असर पर्दा पनि न्यूनतम मात्र असर पर्ने गरी नष्ट गर्न आवश्यक र उचित विकल्प अपनाउनू,' फैसलामा छ। स्वस्फूर्त रूपमा जम्मा वा जफत गरिएका तथा अनुज्ञापत्र लिने वा निस्सा प्रदान गरिएका अखोटोपहारहरूमा चिनो लगाई विस्तृत विवरणसहितको अभिलेख राख्न पनि भनिएको छ।

अखेटोपहारको प्रदर्शनजस्ता कार्य गैरकानुनी रहेको भनी निकुञ्जनिकटका बासिन्दा र सर्वसाधारणलाई चेतनामूलक शिक्षाका कार्यक्रम सञ्चालन गर्न पनि सम्बद्ध निकायलाई भनिएको छ।

संक्षेप

एक करोड ३० लाखको सुनका गरगहनासहित दुई पक्राउ

कास्की/ प्रहरीले एक करोड ३० लाख ४१ हजार रुपैयाँ मूल्यबराबरका अवैध सुनका गरगहनासहित पोखराबाट दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रुपन्देहीको तिलोत्तमा नगरपालिका- १६ पूर्वबहियाका ४७ का रामबहादुर विक र भारतको पन्जाबका ४९ वर्षीय कुलदीप सिंह छन्। पोखराका विभिन्न स्थानमा अवैध रूपमा सुन र गरगहना बिक्रीका लागि ल्याएको भन्ने गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनीहरूलाई पोखरा महानगरपालिका- २२ पुम्दीभुम्दीबाट पक्राउ गरेको कास्कीका प्रहरीप्रमुख श्यामबाबु ओलियाले जानकारी दिए। उनका अनुसार अवैध रूपमा सुन र गरगहना बिक्रीका लागि ल्याएको भन्ने सूचना प्रहरीलाई शुक्रबार आएको थियो। त्यसलगत्तै जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले पोखराबाट बुटवलतर्फ जाँदै गरेको माइक्रोबस चेकजाँच गर्नेक्रममा पुम्दीभुम्दीबाट उनीहरूलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानमा सुनका गरगहना भारतबाट ल्याएको देखिएको जिल्ला प्रहरी कार्यालय कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा ओलियाले बताए। पक्राउ परेका दुवैलाई गरगहनासहित आवश्यक कारबाही तथा थप अनुसन्धानका लागि शनिबार राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको उनले बताए। बुधबार पोखरा आएका उनीहरू त्यहाँ बिक्री नभएपछि बुटबल जाँदै गर्दा पक्राउ परेका हुन्। उनीहरूले पोखराका विभिन्न सुनका पसलमा गहना बिक्री गर्न गएको, तर कसैले खरिद नगरेपछि बुटवल जान लागेका थिए।

बाँदर र दुम्सी धपाउन रातभरि ड्युटीमा स्थानीय

ताप्लेजुङ/ ताप्लेजुङको फुङलिङ नगरपालिका- ८ का स्थानीय बाँदर तथा दुम्सीबाट खेतबारीको अन्नपात सुरक्षा गर्न दिनमा र रातमा रुगालो बस्ने गरेका छन्। दुःख-कष्ट गरेर उब्जाएको अन्नबाली बाँदर र दुम्सीले नष्ट पारेपछि दिनमा र रातमा ड्युटी बस्नुपर्ने बाध्यतामा स्थानीय छन्। फुङलिङ नगरपालिका- ८ दोखुका चेतराज घिमिरेले आफूहरू बाँदर र दुम्सीबाट पीडित भएको बताए। 'मकै लगायो मकै खान्छ। फलफूल लगायो सबै खान्छ। हाम्रो कुनै जागिर छैन, कुनै पेसा छैन, लागएको बाली र फलफूल सबै बाँदरले खाएर नष्ट पारेपछि रुगालो बस्न बाध्य भएका हौं,' उनले भने। दैनिक जीवनयापन गर्न समस्या भएको बताउँदै स्थानीयले सरकारसँग बाँदर नियन्त्रणका लागि अपिल गरेका छन्। उनीहरूले प्रदेश तथा संघीय सरकारसँग यस्तो अपिल गरेका छन्। फुङलिङ-८ कै प्रकाश पौडेलले ११ वटा दुम्सीले मकै नास पारेको भन्दै रातभरि जाग्राम बस्ने गरेको बताए। यो क्षेत्रका स्थानीयलाई जंगली जनावरले धेरैलाई विस्थापित गरेको प्रसंग उठाउँदै यस्तै भए अबे गाउँ नै रित्तिने उनको भनाइ छ। बाँदर र दुम्सीले दुःख दिएकै कारण धेरै घर बसाईं सरेको बताउँदै स्थानीय शिवप्रसाद भट्टराईले करिब २५० घर परिवारको दुम्सी र बाँदरले अन्नबाली नष्ट पारेको जानकारी दिए। कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारीमन्त्री खगेनसिं हाङ्गामले दुम्सी तथा बाँदरबारे धेरैतिरबाट कुरा उठेको बताउँदै यस विषयमा प्रदेश सरकारको ध्यानाकर्षण भएको बताए।

लागुऔषधविरुद्धको सप्ताहव्यापी दिवस

महोत्तरी/ 'स्वस्थ्य सभ्य र सुरक्षित समाजको प्रतिबद्धता : लागुऔषध दुरुपयोगविरुद्ध ऐक्यवद्धता' नारासहित महोत्तरीमा लागुऔषध दुरुपयोग एवं ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस सुरु भएको छ। जिल्ला प्रहासन कार्यालयले शनिबार सप्ताहव्यापी दिवस सुरुवात भएको घोषणा गरेको हो। सप्ताहव्यापी कार्यक्रमअनुसार शनिबार उपचार तथा पुनर्स्थापना केन्द्रमा अनुशिक्षण र ८ गते स्थानीय तहसँग समन्वय गरी स्कुल तथा कलेजमा जिल्ला प्रशासन कार्यालयबाट लागुऔषधविरुद्ध सचेतना कक्षा सञ्चालन गरिनेछ। ९ गते उपचार तथा पुनर्स्थापना केन्द्रको विवरण, उपचाररत संख्या, उपचारपछि घर फर्केको संख्या सार्वजनिक, १० गते लागुऔषध दुर्व्यसनमुक्त समाज निर्माणका लागि युवा र समाजको भूमिका विषयमा निबन्ध लेखन प्रतियोगिता आयोजन गरिनेछ। ११ असारमा शिक्षकहरूलाई लागुऔषधविरुद्ध अनुशिक्षण प्रदान गरिने, १२ गते कक्षा ९ देखि १२ सम्मका पढाइ हुने सबै विद्यालयमा लागुऔषधविरुद्ध नारा लेखिएको स्टिकर टाँस गरिनेछ।

■ मनाइयो योग दिवस



अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा शनिबार नक्साल नारायणचौरमा योगाभ्यास गर्दै। हरेक वर्ष २१ जुनमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी योग दिवस मनाइन्छ। संयुक्त राष्ट्रसंघ महासभाको सन् २०१४ को निर्णयअनुसार २१ जुन २०१५ देखि अन्तर्राष्ट्रिय योग दिवस मनाउन थालिएको हो। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

खानेपानी मन्त्रालयको सिफारिस उल्ट्याउँदै क्रम मिचेर जाइकाले रोज्यो वैकल्पिक उम्मेदवारलाई

काठमाडौं/ जापान सरकारले उपलब्ध गराएको तालिमका लागि उम्मेदवार छनोटमा सिफारिस क्रम मिचिएको छ। जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को नेपाल कार्यालयले तालिमका लागि नेपाली इन्जिनियर छनोटमा यस्तो पाइएको हो। खानेपानी मन्त्रालयले सिफारिस गरेको प्रमुख प्रतिनिधिलाई हटाएर जाइका नेपालले वैकल्पिकलाई समावेश गरेको भेटिएको छ। ती प्रतिनिधि अहिले जापान गइसकेका छन्।

गत १७ अप्रिल अर्थात् ४ वैशाखमा जाइका नेपालले खानेपानी मन्त्रालयलाई तालिममा प्रतिनिधि पठाउनेबारे पत्र पठाएको थियो। नेपाल खानेपानी संस्थानलाई सबलीकरण गर्न जारी प्राविधिक सहयोग आयोजनाअन्तर्गत 'पानी आपूर्ति प्रणालीमा बृहत् इन्जिनियरिङ' शीर्षकमा समकक्षी आयोजना तालिमका लागि जाइका नेपालले मन्त्रालयलाई आह्वान गरेको थियो। आयोजना गर्न लागिएको प्रयोगात्मक तालिमका लागि प्राविधिक सहयोग आयोजनामा काम गरिरहेका इन्जिनियरलाई विशेष लक्षित गरिएको जानकारीपत्रमा जाइका नेपालले उल्लेख गरेको छ। तालिम १७ जुनदेखि ९ अगस्ट (३ असारदेखि २४ साउनसम्म) जापानमा सञ्चालन हुने तय भएको थियो।

आयोजनाअन्तर्गत प्रत्यक्ष रूपमा काम गरिरहेका र नतिजामा योगदान गर्न सक्ने उम्मेदवार मात्र तालिममा आवेदनका लागि योग्य हुने पत्रमा भनिएको छ। जाइका नेपालले प्रमुख र वैकल्पिक उम्मेदवार किटान गरेर सिफारिस गर्न मन्त्रालयलाई भनेको थियो। तालिमको आवश्यकताका आधारमा उम्मेदवार छनोट हुने पत्रमा जाइका नेपालले उल्लेख गरेको थियो।

जाइका नेपालको यही पत्रपछि ३० अप्रिल अर्थात् १७ वैशाखमा मन्त्रालयले जाइका नेपाललाई पत्र पठायो। मन्त्रालयले तालिममा सहभागी हुने गरी तीनजनालाई छनोट गरेर जाइका नेपाललाई पत्र पठाएको थियो।

■ किर्ते कागजातका आधारमा बिमा रकम ठगीको प्रयास

श्रम मन्त्रालयका नासुसहित ६ जना सिआइबीको हिरासतमा

■ यसरी भएको थियो बिमा रकम हत्याउने प्रयास

नयाँ पत्रिका

किर्ते कागजपत्रका आधारमा १० लाखको बिमा रकम ठगीको प्रयास आरोपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका नायब सुब्बा (कम्प्युटर अपरेटर) पशुपति अधिकारीसहित ६ जना पक्राउ परेका छन्। वैदेशिक रोजगारबाट फर्किएपछि मृत्यु भएकी महिलाको बिमा रकम ठगीको प्रयास अभियोगमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले दुई सातादेखि हिरासतमा राखी लिखत किर्ते मुद्दामा अनुसन्धान अघि बढाएको हो।

नासु अधिकारीसहित मोहन नेपाली, रामबहादुर नेपाली, निरकुमार मल्ल, रामबहादुर तामाङ र कान्छामान तामाङ हिरासतमा छन्। उनीहरूमध्ये कान्छामान वैदेशिक रोजगारबाट फर्किएपछि मृत्यु भएकी सोमा थिङका श्रीमान् हुन्।

सिआइबीका एसएसपी होबिन्द बोगटीका अनुसार पक्राउ परेका ६ मध्ये नासु अधिकारीसहित चारजना दुई वर्षअघि यस्तै अपराधमा पक्राउ परेर छुटेका व्यक्ति हुन्। त्यतिबेला नासु अधिकारी वैदेशिक रोजगार बोर्डकै सचिवालयमा कार्यरत थिए। उनीसहितको मिलेमतोमा वैदेशिक रोजगारमा गई मृत्यु भएकाको बिमा रकममा ठगी गरेका थिए। त्यतिबेला सरकारी वकिल कार्यालयले मुद्दा नचलाई मिलापत्र गराएपछि उनले उन्मुक्ति पाएका थिए। अहिलेको घटना भने अलि फरक प्रकृतिको छ।

■ यसरी भएको थियो बिमा रकम हत्याउने प्रयास

करिब ६ वर्ष वैदेशिक रोजगारीमा युएई बसेकी सोमाको नेपाल फर्किएपछि श्रीमान्सँग विवाद भएको थियो। त्यही क्रममा उनले २५ असार ०७९ मा काभ्रेपलाञ्चोकको बनेपामा आत्महत्या गरेकी थिइन्। उनका श्रीमान् कान्छामान र निरकुमार मल्ल साथी हुन्। कान्छामानले वैदेशिक रोजगारीमा गएर मृत्यु भएकालाई सरकारले बिमाबापतको पैसा दिने कुरा निरकुमारलाई सुनाउँछन्। तर, मृत्यु भएको एक वर्षभित्र त्यसका लागि निवेदन दिइसक्नुपर्ने हुन्छ। एक वर्ष अवधि कटिसकेको थियो।

निरकुमार र रामबहादुर पहिलेदेखि नै यस्तै धन्दा गर्दै आएका गिरोह हुँदै नासु अधिकारीसम्म पुग्छन्। त्यसपछि उनीहरू नक्कली कागजपत्र बनाएर १० लाख रुपैयाँ हात पार्ने योजनामा लाग्छन्। अधिकारीले उनीहरूलाई नक्कली कागजपत्र बनाउन सुझाउँछन्। सोहीअनुसार उनीहरूले काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका- १० को पत्रदेखि अध्यागमन विभागको नक्कली पत्रसमेत तयार गर्छन्। अझ अचम्म त श्रम अवधि सकिएकाले मृत्यु भइसकेका व्यक्तिको नाममा नक्कली श्रम बनाउँछन्। सोही आधारमा फेरि विदेश



नासु पशुपति अधिकारी

गएर आएको देखाउन अध्यागमन विभागले लेखेको पत्रसमेत किर्ते बनाएको एसएसपी बोगटी बताउँछन्।

त्यसपछि १६ पुस ०८१ मा मृत्यु भएको भनेर वडाको नक्कली कागज बनाएर बोर्डमा पेस गरेका थिए। आत्महत्या गरेकामा त्यसलाई कालगतिले मृत्यु भएको भनेरसमेत गलत विवरण राखिएको थियो। आत्महत्याको पोस्टमार्टम रिपोर्ट चाहिने भएकाले यसरी उनीहरूले फर्जी काम गरेका हुन्। पत्रहरू शंकास्पद लागेपछि वैदेशिक रोजगार बोर्डको सचिवालयले रोशी गाउँपालिका- १० लाई पत्राचार गरी त्यसबारे बुझ्दा सोमाको पहिले नै मृत्यु भएको खुल्छ। सोही आधारमा बोर्डले थप अनुसन्धानका लागि सिआइबीलाई पत्राचार गरेको हो।

अनुसन्धानका क्रममा नासु अधिकारीले नै सबै कागजपत्र बोर्डमा पेस गरेको देखिएको एसएसपी बोगटी बताउँछन्। त्यसका लागि उनको बोर्डका केही कर्मचारीसँग पनि मिलेमतोको आशंका गरिएको छ। सोही कारण त्यससम्बन्धी निवेदन कसले दर्ता गरेको थियो भन्नेसमेत जवाफ बोर्डको सचिवालयले प्रहरीलाई दिन सकेको छैन।

यो घटनामा संलग्न नासु अधिकारीसहित मोहन नेपाली, रामबहादुर नेपाली र रामबहादुर तामाङलाई यस्तै घटनामा ०७९ चैतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको थियो। नासु अधिकारी गत महिनासम्म मन्त्रालयमै कार्यरत थिए। उनले बोर्डमार्फत किर्ते गरेर धेरै फर्जी काम गरेको प्रहरीको आशंका छ।

प्रदेशको बजेट र समृद्धिको सपना

संविधानले समाजवादउन्मुख पुँजीको विकास गर्ने लक्ष्य राखे पनि व्यवहारमा हाम्रो संसद् अस्थिर, परम्परावादी, अव्यवस्थित र भद्दा छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

बजेट पैसा अर्थात् आर्थिक रोडम्याप मात्र होइन, त्यो राजनीति, रणनीति र विकासको व्यवस्थापनसमेत हो। पुरानोबाट नयाँ परिस्थितिमा संक्रमण गर्दा परम्परागत र यथास्थितिमा क्रमभंग गर्नुपर्छ। यसलाई अर्थतन्त्रको पुनर्संरचना पनि भन्न सकिन्छ। तर, हाम्रो बागमती प्रदेशको आगामी आवको बजेट यथास्थितिबाट पनि पछाडि फर्किएको छ। यो रोग बागमती प्रदेशमा मात्र होइन, अन्य प्रदेश र संघमा समेत यही समस्या देखिँदै छ। 'येनकेन प्रकारेण'को अवस्थाबाट आएको यो बजेटले आजको औद्योगिक क्रान्तिलाई भेट्टाउन सक्दैन।

बागमती प्रदेशमा आगामी आवका लागि ६७ अर्ब ४७ करोड २७ हजार रुपैयाँ विनियोजन भएको छ। जसमध्ये चालूतर्फ २६ अर्ब चार करोड ४६ लाख १९ हजार रुपैयाँ अर्थात् ३८.६० प्रतिशत, पुँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार रुपैयाँ अर्थात् ६१.४० प्रतिशत रहेको छ।

वितरण प्रक्रियालाई हेर्दा यो बलियो भनिने सरकारले ल्याएको अत्यन्तै कमजोर, अपारदर्शी, उद्देश्यविहीन, कार्यकर्तामुखी, सेटिङ र पहुँचका आधारमा मन्त्रीहरूको निर्वाचन क्षेत्रमुखी बजेटका रूपमा आएको छ। रूपमा राम्रो देखिए पनि बिचौलियाउन्मुख यस बजेटले संघीयताविरोधीको मनोबल उठाउन सक्छ।

व्यवहारमा क्रमभंग नगरेसम्म बागमती प्रदेशको बजेट परम्परागत ढाँचा र औपचारिकतामा मात्र सीमित रहने खतरा छ। हाम्रो देशले लामो संघर्षपछि संघीयता, समानुपातिक, समावेशी प्रतिनिधित्व, धर्मनिरपेक्षता र गणतन्त्रसहितको लोककल्याणकारी व्यवस्था अंगीकार गरेको छ। संविधानले समाजवादउन्मुख पुँजीको विकास गर्ने लक्ष्य राखे पनि व्यवहारमा हाम्रो संसद् अस्थिर, परम्परावादी, अव्यवस्थित र भद्दा छ। हाम्रो अर्थतन्त्र दलाल पुँजीवाद, नवउदारवाद र भूमण्डलीकरणको चपेटामा फसेर अल्पविकास र परनिर्भरताको दुश्चक्रमा फसेको छ। ऋण लिएर बजेट बनाउनुपर्ने अवस्था छ। हाम्रो अर्थतन्त्र एकातिर ४१ प्रतिशत अनौपचारिक अर्थतन्त्र र अर्कातिर छाया अर्थतन्त्रको चंगुलमा छ।

आज डरलाग्दो रूपमा मौलाउँदै गएको नीतिगत तथा संगठित भ्रष्टाचार, घुसखोरी एवं कमिसनतन्त्रले देश अत्यन्तै आक्रान्त छ। नेपालको बिसौँ वर्षको बजेटभन्दा ठुलो अर्थतन्त्र आज भ्रष्टाचारभित्र निहित छ। युवा विदेशमा छन् र रेमिट्यान्सले बजेट धान्नुपर्ने बाध्यता छ। दलाल पुँजीवाद र नवउदारवादका कारण व्यक्ति, समुदाय र राज्यबिच ठुलो लडाइँ छ।

आजको विश्वव्यवस्था पुँजीवादबाट नवउदारवादमा परिणत हुँदै असफलताको डिलमा पुगेको छ। कार्ल मार्क्सले सन् १८८७ मै 'पुँजीवादले आफ्नो चिहान आफैँ खन्छ' भन्नुभएको थियो। आज थोमस पिकेटीले 'सम्पत्तिको असमान वितरणले पुँजीवादको अन्त्य हुन सक्ने' चेतावनी दिएका छन्। डब्लुटिओ, विश्व बैंक, आइएमएफ र युरोपियन युनियनजस्ता संस्थाले 'धनी र गरिबबिचको खाडल थप गहिरो भएको' स्विकारेका छन्। यस्तो असफल र संकटग्रस्त व्यवस्थाभित्र रहेर राम्रा-राम्रा नारा समेटेर ल्याइएको बजेट जतिसुकै राम्रो देखिए पनि यथास्थितिमा बागमती प्रदेशको विकास र समृद्धि लगभग असम्भव छ।

तसर्थ, हामीले केही नीतिगत संकल्प गरेर व्यवहारमा इमानदारीपूर्वक लाग्दा मात्र बजेटलाई प्रभावकारी र क्रमभंग गर्न सकिन्छ। पार्टीभन्दा माथि उठेर देश र जनताको पक्षमा संविधानभित्रैबाट सर्वदलीय, सर्वपक्षीय छलफल र बहस गरी साझा विकासको अवधारणा, साझा अन्तर्राष्ट्रिय र व्यापार नीति-निर्माण गर्नुपर्छ। जुनसुकै सरकार आए पनि यो साझा राष्ट्रिय नीतिलाई लागू गर्ने संकल्प गर्नुपर्छ। संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी र उसको दुई कार्यकाल तथा पूर्ण समानुपातिक निर्वाचन प्रणाली, संवैधानिक निकाय र न्यायाधीशको समेत निवार्चनमार्फत नियुक्ति गर्ने उन्नत लोकतन्त्र स्थापना गर्नुपर्छ।

राजनीतिक स्थिरता कायम गरी संविधानले परिकल्पना गरेको समाजवादलाई नेपाली विशेषतासहितको वैज्ञानिक समाजवादका रूपमा कार्यान्वयन गर्नुपर्छ। यसले निजी क्षेत्र, समुदाय र राज्यलाई सन्तुलित रूपमा बलियो बनाउँदै 'म र हामी,' निजी र सामूहिक सम्पत्तिको सहअस्तित्व, अन्तरनिर्भर र आत्मनिर्भर अर्थतन्त्रसहितको परम्परागत समाजवादभन्दा माथि उठेको मौलिक समाजवाद निर्माण गर्नुपर्छ। व्यक्तिगत र सामुदायिक सुख, खुसी र समृद्धिमा केन्द्रित उन्नत लोकतन्त्र नै आजको समाजवाद हो। केही दशकसम्म उत्पादन, उत्पादन र फेरि पनि उत्पादनमा जोड दिँदै औद्योगिक क्रान्तिको संकल्प गर्नुपर्छ। अन्तर्राष्ट्रिय नीति र व्यापार सुधार गर्न पञ्चशीलमा आधारित, अन्तरनिर्भर र सन्तुलित नीति अवलम्बन गर्नुपर्छ। घाटा व्यापार सुधार गर्न 'बढी निर्यात, कम आयात'को लचिलो व्यापार नीति लागू गर्नुपर्छ। वैदेशिक लगानी आकर्षित र सुरक्षित गर्न नीति र कानुन तत्काल बनाउनुपर्छ।

फजुल खर्च नियन्त्रण गरी कसरी प्रदेशवासीको 'लिभिङ कस्ट' कम गराउने ? त्यसका लागि तत्काल ठोस नीति र कानुन बनाउनुपर्छ। राज्यले वडासम्मको डिजिटल प्रणालीमा आबद्ध चुस्त प्रशासनमार्फत कर्मचारीलाई जनसेवामा समर्पित गराउनुका साथै अनावश्यक खर्च कटौती गर्नुपर्छ। नेपालको ३७ हजार ९६५ जनप्रतिनिधिको संख्यालाई १० हजारमा घटाउने आँट गर्नैपर्छ।



हामीले व्यवस्था बदल्यौं, अवस्था बदल्न सकेनौं। त्यसको एउटा पक्ष जनताको फजुल खर्च हो। हाम्रो समाजमा आज पनि देखासिखी गरी नचाहिँदो रूपमा फजुल खर्चमा प्रतिस्पर्धा गर्ने 'सामाजिक प्रतिष्ठा'को रोग तीव्र रूपले बढिरहेको छ। जन्म, न्वारन, पास्नी वा भात खुवाइ, व्रतबन्ध/चूडाकर्म/छेवर, विवाह, जन्मदिन, विभिन्न चाडबाड, तीर्थ/व्रत, पूजा, मृत्यु संस्कार, दान, उपहार, माला, खादालगायतमा गरिने खर्च नियन्त्रण गरी उत्पादनमा नलगाउँदासम्म जनता ऋणबाट मुक्त हुन र जनताको जीवनस्तर उठ्न सक्दैन। साथमा देशको विकास पनि हुन सक्दैन।

फजुल खर्च नियन्त्रणको प्रश्न सामान्य, तर जनताको अवस्था बदल्ने मुख्य विषय हो। हाम्रो फजुल खर्च कति हुन्छ ? मकवानपुरका बकैया गाउँपालिकामा ७ भदौ ०८० देखि २३ मंसिर ०८० सम्म बाहुन/क्षेत्री, तामाङ, दलित, माझीका निम्न, मध्यम र उच्च वर्गका ३२४ जनासँग विभिन्न माध्यमबाट गरिएको सर्वेक्षणअनुसार प्रत्येक व्यक्तिले आफ्नो जीवनभर गर्ने फजुल खर्च औसतमा ४८ लाख १७ हजार हुँदो रहेछ, यसरी हेर्दा बकैया गाउँपालिकामा मात्र दुई खर्ब २५ अर्ब फजुल खर्च हुने रहेछ। आजको अवस्थामा रेमिट्यान्सबाट आएको झन्डै ६० प्रतिशतभन्दा बढी रकम फजुल काममा खर्च हुनु दुःखको विषय हो।

राज्यको प्रगतिशील संस्कृतिको विकास गर्दै हामीले फजुल खर्च नियन्त्रण गर्न कानुन नै बनाएर उत्पादनमा लगाउने हो भने सातै प्रदेश र देशलाई नै गुणात्मक रूपान्तरण गर्न सकिन्छ।

बागमती प्रदेशको विकास र समृद्धिका लागि परम्परागत बजेट र गौरवका आयोजनालाई क्रमभंग गरी निम्न क्षेत्रमा जोड दिनुपर्छ :

पहिलो, वडा र समुदायकेन्द्रित विकासलाई प्रदेशको गौरवका आयोजना बनाउनुपर्छ। प्रदेश र संघीयताप्रति रहेका भ्रम चिर्न, प्रदेशलाई आमजनतासँग जोड्न एक हजार १२१ वटै वडामा पक्की सडक, बहुउद्देश्यीय सामुदायिक भवन, बिजुली, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्य र पर्यटन व्यवस्थित गर्नुपर्छ। वडालाई कृषिमा आत्मनिर्भर बनाउन निजी, सामुदायिक र सरकारी जग्गामा अर्ग्यानिक, रैथाने र आधुनिक कृषि व्यवसाय प्रवर्द्धन गर्नुपर्छ। उत्पादनमा आधारित कृषि अनुदान, व्यवस्थित कृषि बजार र रोजगार/स्वरोजगार सिर्जना गरी वैदेशिक पलायन कम गर्नुपर्छ। उत्पादन, उत्पादन र फेरि पनि उत्पादनमुखी नीतिमार्फत दुध, दही, मोही, लोकल रक्सी, मासु, माछा, अर्ग्यानिक कृषि उत्पादन, बाँस र निगालोका सामग्री, हस्तकलाका सामग्री, जडीबुटी संकलन, पर्यटकीय होटेल, होमस्टेलगायत साना र मझौला उद्योगमा जोड दिनुपर्छ।

> बलियो भनिने सरकारले ल्याएको यो बजेट अत्यन्तै कमजोर, अपारदर्शी, उद्देश्यविहीन, कार्यकर्तामुखी, सेटिङ र पहुँचका आधारमा मन्त्रीहरूको निर्वाचन क्षेत्रमुखी बजेटका रूपमा आएको छ

दोस्रोमा, प्रदेशको आम्दानी वृद्धि गर्ने नीति तथा कानुन निर्माणलाई पनि हाम्रो गौरवका आयोजना बनाउनुपर्छ। हामीसँग जे छ, त्यसलाई हाम्रो आम्दानीको स्रोत बनाउनुपर्छ। प्रदेशभित्र रहेको अव्यवस्थित नदी र खहरेबाट ढुंगा, गिट्टी, माटो, बालुवा र पानीको व्यवस्थित उपयोग गरी खर्बौं कर र हजारौँ बिघा खेतीयोग्य जमिन प्राप्त गर्न ठोस नीति र कानुन तत्काल बनाउनुपर्छ। वन संरक्षण, एग्रो फरेस्टी, काठ र जडीबुटी उद्योग र संकलन केन्द्र स्थापना गरी आत्मनिर्भर र निर्यात प्रवर्द्धन गर्नुपर्छ। प्रदेश सरकारले नै जलविद्युत् आयोजना निर्माण गर्नुपर्छ। युरेनियम, सिसा/जस्ता, रुबी, फलामलगायत खनिज उत्खननमा जोड दिनुपर्छ। करको दायरा विस्तार गर्न सबैलाई अनिवार्य पान नम्बरको व्यवस्था गर्नुपर्छ। जग्गा किनबेचमा चलनचल्तीको मूल्यमा कर संकलनलाई कडाइ गर्नुपर्छ। उत्तराधिकारी सम्पत्ति हस्तान्तरणमा थोरै भए पनि कर लिन सुरु गर्नुपर्छ। गाडीको इम्बोस्ड नम्बर प्लेट दिन तत्काल सुरु गर्नुपर्छ। सडक टोल कर लागू गर्न बहस सुरु गर्नुपर्छ। एनजिओ/आइएनजिओलाई करको दायरामा ल्याउनुपर्छ। बागमती प्रदेशलाई 'आइटी र पर्यटन हब'का रूपमा घोषणा गर्नुपर्छ। वैदेशिक ऋण र लगानी बढाउने नीति तथा कानुन तत्काल बनाउनुपर्छ। विदेशी नागरिकता लिएका नेपालीलाई वंशजको नागरिकताको निरन्तरता दिएर नेपालमा फर्काउने नीति बनाउनुपर्छ। जसबाट पुँजी, विज्ञता, बजार र पर्यटन प्रवर्द्धनमा गुणात्मक योगदान पुग्न सक्छ।

तेस्रोमा, काठमाडौँ उपत्यकाकेन्द्रित फोहोर, ढल र नदी व्यवस्थापनलाई प्रदेशको गौरवको आयोजनाकै रूपमा प्राथमिकता दिनुपर्छ। सांस्कृतिक र पर्यटकीय हिसाबले विश्व सम्पदाको केन्द्र उपत्यकाभित्र रहेका सम्पूर्ण नदीलाई सफा र जीवन्त बनाउन सम्पूर्ण नदीको करिब १८१ किलोमिटर ढललाई नदीको दायाँबायाँ व्यवस्थित गराई प्रशोधन गरेर मात्र नदीमा मिसाउने, उपत्यकावरिपरि व्यवस्थित पानी संकलन केन्द्र निर्माण गर्ने र उपत्यकाका प्रत्येक घरले आकासे पानी अनिवार्य संकलन गर्ने नीति बनाउनुपर्छ।

चौथोमा, प्रदेश विश्वविद्यालयबाट ७० प्रतिशत प्राविधिक जनशक्ति उत्पादन गर्ने नीति बनाई शिक्षामा आमूल परिवर्तन गर्नुपर्छ। नयाँ पुस्तालाई रोजगार, स्वरोजगार र देश र राजनीतिप्रति बफादार बनाउने नीति लिनुपर्छ। निःशुल्क स्वास्थ्य नीति अवलम्बन गर्नुपर्छ।

बागमती प्रदेशलाई आत्मनिर्भर, समृद्ध र जनमुखी बनाउन परम्परागत बजेटलाई क्रमभंग गरी वडा र समुदायकेन्द्रित विकास, आम्दानी वृद्धिका नवीन योजना, नदी-ढल व्यवस्थापन, प्राविधिक शिक्षा र फजुल खर्च नियन्त्रणमा जोड दिनुपर्छ। उन्नत लोकतन्त्र, वैज्ञानिक समाजवाद र उत्पादनमुखी औद्योगिक क्रान्तिमार्फत बागमती प्रदेश र समग्र नेपालको रूपान्तरण गर्न सकिन्छ। यी गौरवका आयोजनालाई प्राथमिकता दिई तत्काल कार्यान्वयनमा लैजाने हो भने बागमती प्रदेशको बजेट प्रभावकारी बन्न सक्छ, तर ०८२/८३ का बागमती प्रदेशको बजेटले यी विषयलाई समेट्न सकेको देखिएन।

'बुर्जुवाहरूको गफ गर्ने अखडाका रूपमा' स्थापित संसदीय व्यवस्थालाई 'जनताको संसदीय व्यवस्थामा' बदल्ने ढंगबाट प्रदेशको मौलिकतामा बजेट आएको देखिएन। यो बजेटले मात्र राजनीतिक अस्थिरतालाई बढवा दिन्छ। यसले देशको विकास गर्न र जनतामा देखिएको चरम निराशालाई अन्त्य गर्न सक्दैन। जनता निराश हुँदै आक्रोशित र विद्रोही बन्न पुग्छन्, जसले नयाँ पुस्तालाई फेरि अर्को राजनीतिक क्रान्ति गर्न बाध्य बनाउँछ। त्यस्तो कमजोरी हामीले नगरौँ। समयमै हामी सचेत बनौँ।

(गोतामे बागमती प्रदेश सभाका सदस्य हुन्)

---

३ प्रश्न

सार्वजनिक लेखा समितिका पूर्वसभापति **हृदयेश त्रिपाठीलाई**



महत्त्वपूर्ण विषयमा छलफल चलिरहँदा संसद्का कुर्सीहरू किन खाली देखिन्छन् ?

हामीकहाँ बजेटमाथिको छलफल कर्मकाण्डी बन्दै गएको छ। जसले जसरी विरोध गरे पनि सत्तापक्षसित भएको बहुमतको बलमा त्यो जस्ताको तस्तै पारित हुन्छ, संशोधन हुँदैन। यसमा सत्तापक्ष या प्रतिपक्षका सांसदले विरोध गर्दैमा फरक पर्दैन। यस्तो अवस्थामा हामीले संसद्मा बोलेर के नै हुन्छ र भन्ने सोचका कारण सांसदहरू हाजिर गरेर बाहिरिने गरेका हुन सक्छन्। पछिल्लो समयमा समग्र संसद् र समितिहरू प्रभावहीन हुँदै गएका छन्। समितिमा सांसदहरूबीच व्यापक छलफलपछि पारित गरी ल्याएका विधेयकमा सरकार र शीर्ष नेताहरूको 'इन्ट्रेस्ट' र दबाबमा फेरबदल हुन थालेको छ। यसले गर्दा सांसदहरूको उत्साह मरेर उपस्थितिमा कमी आएको हुन सक्छ। साथै, सरकार या नेतृत्वको यस्तो हस्तक्षेप र गैरसंसदीय अलोकतान्त्रिक चरित्रले गर्दा आमजनतामा समेत असन्तुष्टि बढ्छ र त्यो सडक या सामाजिक सञ्जालमार्फत अभिव्यक्त हुन थाल्छ। अहिले पनि अवस्था त्यस्तै देखिँदै छ।

बजेटमाथिको छलफल चल्दा सम्बन्धित मन्त्रीहरू नै अनुपस्थित हुनुले के सन्देश दिन्छ ?

यो मन्त्रीहरूको गैरजिम्मेवारी र हामीले जे गरे पनि हुन्छ भन्ने सोचको पराकाष्ठा हो। बजेटमा संशोधन नहुने र जस्ताको तस्तै पारित हुने भए पनि मन्त्रालयगत छलफल चल्दा मन्त्रीहरू अनिवार्य रूपमा संसद्मा उपस्थित भई छलफलमा उठेका विषयलाई 'नोट' गरी जवाफ दिनुपर्छ। मन्त्रीहरूको अनुपस्थितिमा दुई तिहाईको दम्भ लुकेको हुन सक्छ। हामीले जे गरे पनि बजेट रोकिने होइन भन्ने मानसिकताले काम गरेको हुन सक्छ।

संसद्मा मन्त्री र सांसदहरूको उपस्थिति प्रभावकारी बनाउने उपाय हुँदैन ?

यसका लागि सभामुख, प्रमुख सचेतक र समिति सभापतिहरूको भूमिका सशक्त हुनुपर्छ। ०४६ को परिवर्तनपछिका सभामुख दमननाथ ढुंगानाले जस्तो निष्पक्ष र सशक्त भूमिका खेल्नुपर्नेमा वर्तमान सभामुखले सत्तापक्षको 'फेबर'मा रुलिङहरू गर्नुभएको देखिन्छ।

प्रेरक प्रसंग

राजर्षि जनक

राजर्षिका रूपमा परिचित राजा जनक कुनै समयमा प्रायः भोगविलासमा लिप्त रहन्थे। एकपटक उनी मस्त निद्रामा थिए। उनले एक भयानक सपना देखे। शत्रु देशका राजाको विशाल सेनाले उनको राजधानी मिथिलामा अचानक आक्रमण गर्‍यो। युद्धमा जनकको पराजय भयो। उनलाई शत्रु सेनाले बन्दी बनायो र आफ्ना राजासामु पेस गर्‍यो।

विजयी राजाले आदेश दिए- पराजित राजा जनक जीवन चाहन्छन् भने निर्वस्त्र भएर आफ्नो राजधानीको बिच भाग हुँदै पैदलै आफ्नो देशको सीमाबाहिर जाऊन्। अन्यथा, यिनको वध गरियोस्। जनकले पहिलो विकल्प स्विकारे। जनक निर्वस्त्र अवस्थामा राजधानी मिथिलाबाट बाहिर निस्किए। हिँड्दाहिँड्दा थकित भएका जनक एक रुखको फेदमा बसे र आफ्नो दुरवस्था देख्दा जोडले रुन थाले। निद्रामा रहेका राजालाई बेचैन अवस्थामा देखेर रानीले उनलाई बिउँझाएर बेचैनीको कारण सोधिन्। जनकले हडबडाउँदै रानीलाई सपनाको सबै विवरण सुनाए। राजाले देखेको सपनाबारे सुनिसकेपछि रानीले भनिन्- महाराज, जबसम्म तपाईं स्वप्नलोकमा हुनुहुन्थ्यो, तब स्वप्नका झुटा घटना पनि तपाईंलाई वास्तविकजस्ता लागिरहेका थिए। अहिले आँखा खुलिसकेपछि तपाईंलाई ती घटना क्षणिक र झुटा थिए भन्ने थाहा पनि भइसक्यो। सपनामा जसरी तपाईं आफ्नो दीनहीन अवस्थाका कारण शोकाकुल भइरहनुभएको थियो, कहीँ जागृत अवस्थामा पनि तपाईंको हालत त्यस्तै त छैन ? महाराज जागृत अवस्थामा तपाईं जे गर्दै हुनुहुन्छ, त्यो सबै पनि स्वप्नवत् यथार्थ नै त हो। तर, यस कुराको महसुस तपाईंलाई सय वर्षको उमेर पार गरेर आत्मजागरण प्राप्त गरेपछि मात्र हुनेछ।

राजा जनकले रानीका कुरा सुने, स्वप्न र जागृत अवस्थाको यस भुलभुलैयामाथि विचार गरे। रानीका कुराले उनका आँखा खोलिदिए। र, उनी उसै क्षणदेखि सारा भोगविलास त्यागेर 'राजा जनक'बाट 'राजर्षि जनक विदेह' बने। भोगीबाट योगी बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

असारे बजेटको मेला

आर्थिक वर्ष समाप्त हुँदै जाँदा देशभर असारे बजेटको मेला लागेको छ। विकास निर्माणका नाममा बजेट सिध्याउन रातारात काम हुने रोग पुरानै हो। यस वर्ष पनि सोही रोग बल्झिएको छ। यतिखेर असारे वर्षासँगै बजेटको पनि वर्षा भइरहेको छ। वर्षभरि आधाभन्दा पनि निकै कम बजेट खर्च गरेको राजनीतिक र प्रशासनिक नेतृत्वले एक महिनामा झन्डै आधा विकास बजेट कसरी खर्चेला र त्यस्तो हतारोमा गरिएको कामबाट कस्तो विकास होला ? के हरेक वर्ष वर्षा लागेपछि मात्र विकास बजेट सिध्याउनुपर्ने हो। समयमै टेन्डर प्रक्रियामा गएर फुर्सदमा काम गर्न केले रोक्यो ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

टिम नेपाललाई बधाई छ

नेपाली क्रिकेटको पुरुष राष्ट्रिय टोलीले स्कटल्यान्डमा आयोजना भएको लिग टु टुर्नामेन्ट र टी-२० सिरिजमा निकै राम्रो प्रदर्शन गरेको छ। यसका लागि सिंगो टिमलाई हार्दिक बधाई तथा आगामी दिनका लागि शुभकामना छ। स्कटल्यान्डमा सम्पन्न सिरिज हेर्दा नेपालको खेल क्षमता निकै सुधारिएको देखिन्छ। तर, अझै पनि नेपाली टोलीले ब्याटिङमै संघर्ष गर्नुपरिरहेको छ। त्यसैले, अबका दिनमा प्रशिक्षक र खेलाडीले आफ्नो ब्याटिङ स्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ।

● **अमृत कोइराला**
खुसिबु, काठमाडौं

सांसदलाई तलब-भत्ता किन दिने ?

सांसदले राज्यकोषबाट तलबभत्तालगायत सुविधा पाउँछन्। तिनलाई त्यो तलबभत्तालगायत सुविधा जनताले तिरेको करबाट दिइने हो। यसका लागि उनीहरूले संसद्मा हरेक दिन उपस्थित भई देश र जनताको हितमा काम गर्नुपर्छ। जब बजेटमाथिको छलफलजस्तो महत्त्वपूर्ण समयमा समेत कुर्सी खाली हुने गरी सांसदहरू संसद्मा अनुपस्थित हुन्छन् भने तिनलाई राज्यले तलबभत्तालगायत सुविधा दिनु बेकार हो। सांसदहरू अनुपस्थित भएको दिनको तलबभत्तालगायत सुविधा कटौती गरी राज्यकोषमै दाखिला गरियोस्।

● **प्रमिला चापागाईं**
सानोगौचरन, काठमाडौं

जिबी राईलाई नपक्रिने सरकार ?

कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याइएका मितेरी सहकारीको रकम अपचलनकर्ता ज्योतिबहादुर भण्डारीको बयानबाट कांग्रेस नेता धनराज गुरुङ अनुसन्धानमा तानिन सक्ने सम्भावना बढेको छ। भण्डारीले धनराजकी पत्नी ज्योति गुरुङलाई प्रयोग गरी सहकारीको ठुलो रकम अपचलन गरेको आरोप छ। हाल ज्योति गुरुङ नेपालबाट भागेर बेलायत गएको तथ्य बाहिर आएको छ। उनलाई पनि पक्राउ गरी नेपाल ल्याउन सके सहकारीका अन्य ठग पनि कानुनी घेरामा आउँथे। तर, मुलुकमा एउटै देशमा एउटै घटना या प्रकरणमा दुइटा कानुन, दुइटा व्यवहार देखिँदा धनराजमाथि अनुसन्धान होला भन्ने लाग्दैन। किनकि, उनी परे सत्तापक्षका सांसद। धनराज मात्र होइन, सत्तापक्षकी अर्की सांसद माया राई सहकारीको सञ्चालक नै भए पनि १० लाख धरौटीमा छुटिन्, तर सञ्चालक नै नभएका रवि लामिछानेचाहिँ थुनामै राखिन्छन्। लामिछाने र छविलाल जोशीलाई झैँ धनराज गुरुङमाथि पनि अनुसन्धान सुरु हुनुपर्छ। प्रश्न गोर्खा मिडियामा गएको ६५ करोड र धनराज गुरुङको १४ करोडको मात्र होइन, प्रश्न सूर्य थापा प्रतिवेदनले औँल्याएको ८७ अर्ब कसरी उठाएर पीडितलाई दिने भन्ने हो। प्रतिवेदन कार्यान्वयन गर्न सरकारले खुट्टा कँपाएमा १५ लाख बचतकर्ता ठुलो अन्यायमा पर्नेछन्। त्यसैले, यतिखेको मुख्य चुनौती भनेको गोरखा मिडियाका प्रमुख जिबी राईको पक्राउ हो। अन्यलाई विदेशबाट पक्राउ गरी ल्याउन मिल्छ भने जिबी राईलाई पक्रिन किन मिल्दैन सरकार ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इरानमाथिको आक्रमण सभ्यताको उपहास

परमाणु बमयुक्त इजरायलले परमाणु बम नै नबनाएको इरानलाई खतराका रूपमा देख्नु उदेकलाग्दो छ



देश/विदेश

● अपूर्वानन्द

सारा विश्व एक अविश्वसनीय दृश्य देखिरहेको छ। अब वास्तविकता पूर्णरूपमा उघारिएको छ। विश्वमा कूटनीति नामको कुनै चिज छैन भन्दा हुन्छ। जे छ, त्यो हो गुन्डागर्दी र अस्त्रबल। अन्तर्राष्ट्रिय नियम, कानुन र सिद्धान्तको कुनै मूल्य छैन। यदि केही बलशाली गुन्डा, जसलाई 'राष्ट्र'को नाम दिइएको छ, ती एकसाथ आउँछन् भने तिनले जसलाई चाह्यो, त्यसलाई घेरेर मार्न सक्छन्। अर्को अविश्वसनीय दृश्य भनेको विश्वकै शक्तिशाली मानिने अमेरिका अहिले इजरायलको प्रभावमा छ र इजरायलले उसलाई आफ्नो इच्छाअनुसार नचाइरहेको छ। धेरै अमेरिकी विशेषज्ञले अमेरिकाको विदेश नीति अब अमेरिकाले नभई इजरायलले तय गर्छ भनेर पहिले नै भनेका थिए।

इजरायलले अचानक इरानमाथि हमला गर्दै सामरिक केन्द्रमा आक्रमण गरेको छ र खामेनीका निकट सहयोगीलाई तारो बनाई हत्या गरिसकेको छ। अहिले इजरायलले खामेनीलाई मार्ने धम्की दिँदै सत्ता परिवर्तनको आह्वान गरिरहेको छ। र, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आफूलाई इरानी जनताको उद्धारकर्ताका रूपमा प्रस्तुत गर्दै विनाशलाई नै भलाइका रूपमा चित्रित गर्न खोजिरहेका छन्।

अमेरिका अझै खुला रूपमा इजरायलको युद्धमा सहभागी नभए पनि नेतन्याहु इरानले ट्रम्पलाई निसाना बनाउन सक्छ भन्दै ट्रम्पलाई लगातार उकासिरहेका छन्। इजरायल एक्लैले इरानलाई हराउन नसक्ने हुँदा इजरायल ट्रम्पलाई युद्धमा सहभागी हुन दबाब दिँदै छ। इजरायलले युरोप र अमेरिकालाई यो हमला आत्मरक्षाका लागि भएको भन्दै सम्झाइरहेको छ, र यी शक्ति इजरायलका कुरा सुनिरहेका छन्।

इजरायलस्थित अमेरिकी राजदूत माइक हकाबीले ट्रम्पलाई चाकरीपूर्ण पत्र लेख्दै उनलाई ईश्वर चयनित नेताको संज्ञा दिएका छन्। राजदूतले ट्रम्पले ट्रुम्यानले झैँ इरानमा पनि कठोर कदम चाल्नुपर्ने सन्देश दिएका थिए। स्मरण रहोस्, ट्रुम्यानकै कार्यकालमा अमेरिकाले हिरोसिमा र नागासाकीमा परमाणु बम खसालेको थियो। र, ट्रम्पले सो पत्र सार्वजनिकसमेत गरेका छन्।

जब इजरायल बिनाउक्साहट इरानमा बमबारी गरिरहेको छ, त्यसवेला इजरायलको संरक्षक राष्ट्र अमेरिकाका राष्ट्रपति रहस्यमयी शैलीमा 'कसैलाई थाहा छैन, म के सोचिरहेको छु' भन्छन्। ट्रम्प एक साताअगाडि जे भनिरहेका थिए, अहिले त्यसको उल्टो भनिरहेका छन्। यसअघि उनले अमेरिका र इरानबिच वार्ता सहज ढंगले चलिरहेको बताएका थिए। तर, त्यही वार्तामा सहभागी हुने इरानी अधिकारीलाई इजरायलले मार्छ र अमेरिकी राष्ट्रपति ताली बजाउँदै ल त्यो मारियो भन्छन्। एक सार्वभौम राष्ट्रका प्रमुख अर्थात् आयतोल्लाह खामेनीलाई आफूले मार्न सक्ने तर अहिले नमार्ने भन्दै ट्रम्प धम्की दिइरहेका छन्। इरान आफ्नो अस्तित्वका लागि खतरा हो भन्दै इजरायलले आक्रमण गरेको छ। तर, उदेकलाग्दो के छ भने इजरायल जससँग परमाणु बम छ, उसले इरान जसले परमाणु बम बनाएको पनि छैन, त्यसलाई खतराका रूपमा देख्छ। आफूलाई सभ्यताका ठेकेदार भन्ने फ्रान्स, जर्मनी, बेलायतजस्ता मुलुक इरानविरुद्ध कोकोहोलो मच्चाइरहेका छन्। परमाणु बम भएको मुलुक आफू असुरक्षित रहेको बताउँदै अर्को परमाणु हतियारविहीन देशमा आक्रमण गरिरहेको छ। यदि त्यो परमाणु बमले पनि देशलाई सुरक्षा दिन सक्दैन भने त्यसको अर्थ के हो ?



तस्बिर : द वायर

क्यानडामा विश्वका सबैभन्दा शक्तिशाली मुलुकका प्रमुख जी ७ सम्मेलनका लागि जम्मा हुन्छन्, तर त्यो सम्मेलनभन्दा बढी रमिता प्रदर्शनजस्तो देखिन्छ। यी रमिता खतरनाक छन्, किनभने तिनकै हातमा विश्वको सम्पूर्ण शक्ति केन्द्रित छ। अमेरिकाको राष्ट्रपति जी ७ सम्मेलन छाडेर उठ्छन् र 'म केही 'ठुलो' गर्न वासिंटन फर्किँदै छु' भन्दै हिँड्छन्। त्यो 'ठुलो' के हो भन्ने प्रश्नको जवाफमा राष्ट्रपति ट्रम्प 'म के सोचिरहेको छु, त्यो कसैले जान्न सक्दैन' भन्दै डिङ हाँक्छन्। यस क्रममा पत्रकारहरू केही महिनाअघि अमेरिकी गुप्तचर प्रमुख तुलसी गबर्डले इरानसँग परमाणु बम बनाउने क्षमता छैन भनेको भनाइलाई उद्धृत गर्दै अब अमेरिकाले किन अडान फेरेको भनेर प्रश्न गर्छन्। राष्ट्रपति ट्रम्प 'मलाई रत्तिभर मतलब छैन, उनले के भनिन्। यथार्थमा अहिले मेरो मनमा जे आउँछ, म त्यही गर्छु' भन्ने जवाफ फर्काउँछन्। अमेरिकी नागरिक युद्धको निर्णय त केवल संसद्ले गर्न सक्छ भनेर बारम्बार भनिरहेका छन्, तर राष्ट्रपति ट्रम्पचाहिँ 'मसँग त्यस्ता नियम-प्रक्रियाका लागि समय छैन' भन्छन्।

फ्रान्स, बेलायत, इटली, जापान, अमेरिका, क्यानडा, युरोपियन युनियनका प्रमुखको आपसी हाँसोठट्टा र फोटोसेसन भइरहेको क्यानडाको त्यो विद्रुप दृश्य हेरौँ त ! ती सबै व्यापारिक स्वार्थका लागि जुटेका छन्, तर मानवता बचाउने उपायको ढोङ रच्दै छन्। भविष्यमा जब कसैले ती तस्बिर हेर्नेछन्, तब उसले त्यतिखेर यिनै मुलुकको एक 'पिट्ठु' संसारको एउटा हिस्सामा ध्वंस मच्चाइरहेको र गाजामा हरेक दिन सयौँ प्यालेस्टिनीको हत्या गरिरहेको सम्झिनेछ।

विश्वमा नेतृत्वको अभाव छ भन्नेमा हामी निकै दुःखी छौँ। यद्यपि, यस अवस्थामा अन्तर्राष्ट्रिय सम्बन्ध भन्ने चिज मिथ्या हो, भन्ने प्रस्ट पारेका कारण हामीले ट्रम्पलाई भने धन्यवाद दिनुपर्छ। वास्तवमा अन्तर्राष्ट्रिय सम्बन्ध पृथ्वीको सम्पत्ति बाँडफाँट गर्न बाहुबलीबिचको सम्झौता मात्र हो। २० औँ शताब्दीको पूर्वार्द्ध अझै समाप्त भएको देखिँदैन। अर्थात्, यी बाहुबलीले त्यतिखेर मध्यपूर्वलाई बाँडिरहेका थिए, अहिले फेरि बाँडिरहेका छन्। वास्तवमा उपनिवेशवाद अझै जारी छ।

(अपूर्वानन्द दिल्ली विश्वविद्यालयमा प्राध्यापन गर्छन्)
द वायरबाट

हार्वर्डसहितका अमेरिकी शैक्षिक संस्थाविरुद्ध राष्ट्रपति डोनाल्ड ट्रम्पको युद्ध

अमेरिकी विश्वविद्यालयहरू आवश्यकताभन्दा धेरै स्वतन्त्र र अमेरिकी करदाताको हितबाट टाढिएका छन् भन्ने ट्रम्पको बुझाइ



● हर्ष वी पन्त



● विवेक मिश्रा

(पन्त भारतको अब्जर्भर रिसर्च फाउन्डेसन ओआरएफका उपाध्यक्ष हुन् भने मिश्रा संगठनमा अमेरिकाका फेलो हुन्)



> इजरायल-प्यालेस्टाइन द्वन्द्वका कारण अमेरिकाभर विशेष गरी कोलम्बिया, हार्वर्ड र पेन्सिलभेनिया विश्वविद्यालयमा विद्यार्थीको विरोध प्रदर्शन उत्तेजित बनेको छ। धेरै युवा अमेरिकीले प्यालेस्टिनीप्रति सहानुभूति र इजरायलका लागि अमेरिकी सैन्य र आर्थिक सहयोगप्रति असन्तुष्टि जनाएका छन्।

अमेरिकामा पछिल्ला घटनाक्रमले ट्रम्प प्रशासन र अमेरिकी विश्वविद्यालय विशेष गरी हार्वर्ड र कोलम्बियाजस्ता उच्च श्रेणीका शैक्षिक संस्थाबिचको टकराव तीव्र हुँदै गएको संकेत गर्दछ। केही सातायता देखिएको यस टकरावले उच्च शैक्षिक संस्थाप्रति संघीय सरकारको दृष्टिकोणमा देखिएको व्यापक परिवर्तनलाई प्रतिबिम्बित गर्दछ, विशेष गरी ती यी संस्था जसले महत्त्वपूर्ण सार्वजनिक कोष प्राप्त गर्छन्, तर प्रशासनले वैचारिक पूर्वाग्रह वा अपर्याप्त जवाफदेहिताका साथ सञ्चालन गरेको ठान्छन्।

यस युद्धको केन्द्रमा देशको सबैभन्दा पुरानो र प्रतिष्ठित शैक्षिक संस्थामध्ये एक हार्वर्ड विश्वविद्यालय छ। ट्रम्प प्रशासनले अमेरिकी क्याम्पसमा बढ्दो यहुदीविरोधी भावनाबिच हार्वर्डमा यहुदी विद्यार्थीलाई पर्याप्त रूपमा सुरक्षा दिन असफल भएको आरोप लगाएको छ। त्यसको प्रतिक्रियामा प्रशासनले आक्रामक कदमको एक शृंखला चालेको छ : हार्वर्डलाई संघीय कोषमा २.२६ अर्ब डलर कटौती, यसको ५३.८ अर्ब डलरको दानपत्रमा कर लगाउने धम्की, र लगभग ४९ अर्ब डलर मूल्यको संघीय सम्झौताको समीक्षा गर्न आदेश। यस्तै, चिन्ताका कारण मार्च २०२५ मा कोलम्बिया विश्वविद्यालयसँग ४०० मिलियन डलर अनुदान र सम्झौता रद्द गर्ने निर्णय पहिला यस्ता कदममध्ये एक थियो।

सबैभन्दा ठुलो परिणाम त्यतिवेला आयो जतिवेला होमल्यान्ड सेक्युरिटीमन्त्री क्रिस्टी नोएमले हार्वर्डमा विदेशी विद्यार्थीको भर्ना रोक्न आदेश दिए। ट्रम्प प्रशासनले विश्वविद्यालय केही संघीय निर्देशनको पालना गर्न असफल भएको दाबी गऱ्यो। यद्यपि, पछि एक संघीय न्यायाधीशले अन्तर्राष्ट्रिय विद्यार्थीलाई भर्ना गर्ने हार्वर्डको क्षमतालाई सीमित गर्ने ट्रम्प प्रशासनको प्रयासलाई रोक लगाए। तर, टकरावले अमेरिकी शैक्षिक संस्थाको स्वायत्ततालाई चुनौती दिने एक मोड लियो। लामो कानुनी लडाइँको तयारी गर्दै हार्वर्डले त्यसवेलादेखि सरकारविरुद्ध दुई मुद्दा दायर गरेको छ। यद्यपि, राजनीतिक वातावरण र प्रशासनको कठोर दृढ संकल्पलाई मनन गर्दा हार्वर्डलाई अगाडि बढ्न सहज नहुने कानुनी विश्लेषकले चेतावनी दिएका छन्।

प्रशासनले यी कदमलाई यहुदीविरोधीको सामना गर्न र उच्च शिक्षामा जवाफदेहिता पुनर्स्थापित गर्न आवश्यक ठहर गरे पनि धेरैजसो डेमोक्रयाटसहित राजनीतिज्ञहरूले यसलाई अमेरिकाका उदारवादी शैक्षिक संस्थाविरुद्धको ठुलो वैचारिक आक्रमणको अंशको रूपमा हेर्छन्।

विशेष गरी, गाजामा भएको युद्ध र सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणलाई मनन गर्दा यो द्वन्द्वको मूल कारण अमेरिकी राजनीतिक भावनामा आएको व्यापक परिवर्तन हो। इजरायल-प्यालेस्टाइन द्वन्द्वले अमेरिकाभर विशेष गरी कोलम्बिया, हार्वर्ड र पेन्सिलभेनिया विश्वविद्यालयमा विद्यार्थीको विरोध प्रदर्शनलाई उत्तेजित बनाएको छ। धेरै युवा अमेरिकीले प्यालेस्टिनीप्रति सहानुभूति र इजरायलका लागि अमेरिकी सैन्य र आर्थिक सहयोगप्रति असन्तुष्टि जनाएका छन्। उनीहरूको यो असन्तुष्टि लामो समयदेखि अमेरिकी विदेश नीतिमा प्रभुत्व जमाउँदै आएको इजरायल समर्थक सहमतिसँग तीव्र रूपमा बाझिने खालको छ। राजनीतिक रूपमा विभाजितजस्तो देखिने देश अमेरिकाका युवाहरूले आज गाजामा इजरायलको प्रतिक्रियालाई अनुकूल रूपमा हेर्ने सम्भावना कम छ। अर्कोतर्फ, अक्टोबर २०२३ देखि यहुदीविरोधीको उदय अभूतपूर्व छ।

राजनीतिक द्वन्द्व

यो पुस्तागत विभाजन २०२४ को राष्ट्रपति चुनावसहित अमेरिकी राजनीतिमा पनि फैलिएको छ। इजरायलको उदारवादी शिविरको मुखर आलोचनाले मतदानको ढाँचालाई प्रभावित गऱ्यो। पेन्सिल्भेनियाका डेमोक्रयाटर्फका गभर्नर तथा मध्यमार्गी जोस सापिरो पार्टीभित्रका केही मानिसले बलियो उम्मेदवार मानेको भए तापनि राष्ट्रपतिको दाबीबाट अलग्गिए। वैचारिक गुटबिच फसेको बाइडेन प्रशासनलाई इजरायलका लागि आफ्नो निसर्त समर्थन घटाउन बाध्य पारियो।

जनवरी २०२५ मा ट्रम्पको पदभार ग्रहणसँगै उच्च शिक्षाभित्र वैचारिक कट्टरपन्थी र संस्थागत बहावलाई दबाउने नयाँ दृढ संकल्प आयो। त्यस उद्देश्यका लागि ट्रम्प प्रशासनले घृणायुक्त भाषण र विद्यार्थी सुरक्षामा संघीय मापदण्डसँग विश्वविद्यालयको अनुपालनको अनुगमन गर्ने जिम्मेवारी पाएको यहुदीविरोधी कार्यदल गठन गरेको छ। कार्यदलले हार्वर्डसहित धेरै विश्वविद्यालयले यहुदीविरोधी घटना रोक्न असफल भएको विषयलाई जोड दिएको छ।

उदार ठाउँमा कारबाही

ट्रम्प प्रशासनको दृष्टिकोण केवल राजनीतिक मात्र होइन; यो संस्थागत पनि छ। ट्रम्पको भित्री वृत्तमा विश्वविद्यालय धेरै स्वतन्त्र, धेरै वैचारिक र अमेरिकी करदाताको हितबाट धेरै अलग्गिएका छन् भन्ने विश्वास छ। प्रशासनको अभियानको एक मुख्य लक्ष्य भनेको शैक्षिक संस्था (विशेष गरी ठुलो संघीय कोष प्राप्त गर्नेहरू)मा संघीय नियन्त्रण पुनर्स्थापित गर्नु हो।

अमेरिकाका अग्रणी विश्वविद्यालयसँग ट्रम्प प्रशासनको लडाइँको औचित्य दुई गुणा छ। राजनीतिक रूपमा यसले क्याम्पसमा प्यालेस्टिनी समर्थक सक्रियता र कथित यहुदीविरुद्धको रूढस्वादी धक्कालाई प्रतिबिम्बित गर्दछ। संस्थागत रूपमा यसले लामो समयदेखि उदारवादी विचारको गढको रूपमा सञ्चालन गरिएका अभिजात वर्गका शैक्षिक संस्थामा संघीय निरीक्षण र वैचारिक पुनर्गठन लागू गर्ने गहिरो प्रयासलाई संकेत गर्दछ।

हार्वर्ड र अन्य विश्वविद्यालय लामो कानुनी र राजनीतिक लडाइँका लागि तयार हुँदै गर्दा स्पष्ट कुरा के छ भने शैक्षिक स्वतन्त्रता र सरकारी निरीक्षणबिचको पुरानो सन्तुलन कायम राख्न पुनः वार्ता भइरहेको छ।

ट्रम्प प्रशासनका माग

गत वर्ष गाजामा भएको युद्धको विरुद्धमा विद्यार्थी नेतृत्वको क्याम्पसमा भएको विरोध प्रदर्शनपछि विभिन्न विश्वविद्यालयमा यहुदीविरोधी गतिविधि गरिएका आरोपबिच सरकारी समीक्षाको एक अंशको रूपमा ट्रम्प प्रशासनले हार्वर्ड विश्वविद्यालयलाई एउटा पत्र पठाएको थियो, जसमा 'संघीय सरकारसँग हार्वर्डको वित्तीय सम्बन्ध कायम राख्न' पूरा गर्नुपर्ने मागको सूची उल्लेख छ। तर, विश्वविद्यालय ट्रम्प प्रशासनको कडा मागको शृंखलाविरुद्ध उभियो।

सूचीमा हार्वर्डलाई सबै विविधता, समानता र समावेशीकरण कार्यक्रम बन्द गर्न; विभिन्न भर्ना विवरणहरू सरकारसँग सेयर गर्न; आचरण उल्लंघन गर्ने विदेशी विद्यार्थीका सवालमा संघीय अधिकारीहरूलाई रिपोर्ट गर्न; विद्यार्थी निकाय, संकाय, कर्मचारी र नेतृत्व दृष्टिकोणमा विविधता छ भनी सुनिश्चित गर्न प्रत्येक शैक्षिक विभागको लेखापरीक्षण गर्न बाह्य पक्षलाई आयोग बनाउनुपर्नेलगायतका माग छन्। क्याम्पसमा हुने विरोध प्रदर्शनमा मास्क प्रतिबन्ध लगाउनुपर्ने, योग्यतामा आधारित भर्ना र भर्ना सुधार कार्यक्रम लागू गर्नुपर्ने, प्रशासकहरूको शक्ति घटाउनुपर्नेलगायतका टम्प प्रशासनले गरेको माग हार्वर्डले अस्वीकार गरेपछि विश्वविद्यालय र टम्प प्रशासनबिच टकरावको स्थिति छ। हार्वर्डले ती माग ठाडै अस्वीकार गर्दै ह्वाइट हाउसले आफूमाथि अंकुश लगाउन खोजेको गुनासो गरेको छ।

एनडिटिभीबाट

बंकर बस्टर बमले इरानमा काम गर्नेमा आशंका


इजरायलले इरानमाथि गरेको निरन्तर हवाई आक्रमणले तेहरानका धेरै रणनीतिक क्षेत्र निसानामा परिसकेका छन्। सतहमा रहेको केही इरानी आणविक संयन्त्रका भवन पनि ध्वस्त भएका छन्। तर, इरानको सबैभन्दा महत्त्वपूर्ण र सुरक्षित आणविक अनुसन्धान केन्द्र 'फोर्दो इन्धन प्रशोधन संयन्त्र' भने अझै पनि सुरक्षित नै छ।

तेहरानबाट लगभग ९५ किलोमिटर दक्षिण-पश्चिममा कोम सहरनजिकैको पहाडभित्र छ, यो संयन्त्र। सन् २००६ मा निर्माण सुरु भएर सन् २००९ देखि सञ्चालनमा आएको विश्वास गरिने यस संयन्त्रको अस्तित्व त्यही वर्ष तेहरानले सार्वजनिक रूपमा स्विकारेको थियो। जमिनको सतहबाट करिब ८० मिटरको गहिराइमा रहेको विश्वास गरिने यो संयन्त्रलाई सतह-देखि हावामा प्रहार गर्ने रुसी मिसाइल प्रणालीले सुरक्षा दिँदै आएको छ। तथापि, ती वायु प्रतिरक्षा प्रणाली सम्भवतः पछिल्लो इजरायली आक्रमणमा नष्ट भएको मानिन्छ।

गहिराइमा रहेको भूमिगत संयन्त्रलाई नष्ट गर्न परम्परागत हतियारभन्दा धेरै शक्तिशाली बंकर-बस्टर (बंकर भत्काउने) बमहरू आवश्यक पर्छ। तर, यस्तो बम इजरायलसँग छैन। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले हालैका दिनमा इजरायललाई फोर्दो इन्धन प्रशोधन संयन्त्र नष्ट पार्न इजरायललाई सघाउनेबारे विचार गरिरहेको संकेत गरेका छन्। यसै सन्दर्भमा उनले जुन १७ मा इरानसँग 'धैर्य टुट्दै गइरहेको' चेतावनीसमेत दिएका थिए।

इरानको फोर्दो इन्धन प्रशोधन संयन्त्र रहेको बंकर नष्ट पार्ने क्षमता विश्वमा अहिले एक मात्र बममा रहेको बताइन्छ। 'बंकर बस्टर (बंकर भत्काउने)' बमसमेत भनेर चिनिने यो बम हो, अमरिकी वायु सेनासँग रहेको जिबियू-५७ मासिव अर्डनेन्स पेनिट्रेटर (एमओपी)। 'जिबियू-५७ एमओपी' १३ टन तौल भएको विशाल हतियार हो। जबकि, ठुला आकारमा अन्य परम्परागत बम बस्टर बम पनि एक टनभन्दा ठुला हुँदैनन्। विशाल तौल भएकै कारण यसलाई प्रहार गर्ने क्षमता अहिले अमेरिकाको बी-२ स्टिल्थ बमवर्षकसँग मात्र छ। बी-२ स्टिल्थले पनि एकपटकमा दुईवटा मात्र जिबियू-५७ एमओपी बोक्न सक्छ।

बस्टर बमलाई निकै उचाइबाट खसालिन्छ। उचाइबाट झर्दाको उच्च बलले जमिनमा ठोक्किएपछि यो बाहिरको चट्टानलाई तोडेर भित्रसम्म पस्न सक्छ। सानो क्षेत्रमा बल केन्द्रित होस् भनेर यसको चौंडाइ तौलको तुलनामा साँघुरो राखिएको छ। यसको विशाल भार मुख्यतः यसको बाक्लो स्टिलको आवरणका कारण भएको हो। बमको कुल तौलको २० प्रतिशत भाग मात्र विस्फोटक पदार्थ हुन्छ। आवरणमा प्रयोग गरिएको स्टिल एक विशेष अति सघन मिश्रित धातु हो, जसलाई 'एग्लिन स्टिल' भनिन्छ (यसै बमका लागि विकास गरिएको यस मिश्रित धातुको नाम निर्माणस्थल फ्लोरिडास्थित वायुसेना आधारको नाममा राखिएको हो)।



> बंकर बस्टर बमलाई निकै उचाइबाट खसालिन्छ। उचाइबाट झर्दाको उच्च बलले जमिनमा ठोक्किएपछि यो बाहिरको चट्टानलाई तोडेर भित्रसम्म पस्न सक्छ। सानो क्षेत्रमा बल केन्द्रित होस् भनेर यसको चौंडाइ तौलको तुलनामा साँघुरो राखिएको छ। यसको विशाल भार मुख्यतः यसको बाक्लो स्टिलको आवरणका कारण भएको हो। बमको कुल तौलको २० प्रतिशत भाग मात्र विस्फोटक पदार्थ हुन्छ।

पहिलोपटक सन् २००७ मा परीक्षण गरिएको जिबियू-५७ एमओपी मानक कंक्रिटको ६० मिटरभित्रसम्म छिर्न सक्छ। यसको डिजाइनमा धेरैपटक स्तरोन्नतिपछि हालको अवस्थामा ल्याइएको हो। पहिलो ब्याचमा कम्तीमा २० वटा मात्र बम तयार पारिएको मानिएको छ। साना खालका बंकर भत्काउने बममा जस्तै एमओपीमा पनि रिक्त भाग चिन्न सक्ने 'फ्युज' जडान गरिएको हुन्छ। त्यसैले गर्दा यो ठोस चट्टानबाट खाली भागमा पुगेपछि मात्र विस्फोट हुन्छ। तर, बंकरमा धेरै तह हुन सक्छन्। त्यसैले यस बमको फ्युजलाई तेस्रो तहको भूमिगत रिक्त भागमा पुगेपछि मात्र विस्फोट हुने गरी प्रोग्राम गर्न सकिन्छ। अधिकतम क्षति पुऱ्याउन यो उपाय चालिएको हो।

सन् २००३ को इराक आक्रमणको समयमा पुराना बंकर-बस्टर बमहरूले इराकी बंकरमा क्षति पुऱ्याउन नसकेपछि अमेरिकी वायुसेनाले जिबियू-५७ एमओपी विकास सुरु गरेको थियो। एमओपी बनाउँदा यसलाई इरान र उत्तर कोरियामा हुन सक्ने थप गहिरो र कडा बंकरलाई तोड्ने उद्देश्यले बनाइएको थियो। तथापि, बंकर-बस्टिङ बम जति नै ठुलो भए पनि यसका सीमा हुन्छन्।

जिबियू-५७ एमओपीले ६० मिटरभन्दा बढी मानक कंक्रिट भेद्न सक्छ। मानक कंक्रिटले पाँच हजार पाउन्ड प्रतिवर्गइन्च(पिएसआई) दबाब सहन सक्छ। यदि कंक्रिटको दबाब सहने गरी बनाइयो भने बमको भेदन शक्ति घट्छ। जस्तो कंक्रिटको दबाब सहने क्षमता दोब्बर बनाउँदा जिबियू-५७ एमओपी आठ मिटरभित्रसम्म मात्र छिर्न सक्छ। हालैका वर्षमा इरानले 'अल्ट्रा हाई-पर्फरमेन्ट कंक्रिट (युएचपिसी)'को क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। यसले ३० हजार पिएआई वा सोभन्दा बढी शक्ति भएको कंक्रिट सामग्री उत्पादन गरेर देखाएको छ।

पेन्टागन पनि युएचपिसीले खडा गरेको चुनौतीबारे राम्ररी अवगत छ। सन् २०१४ सम्ममा उसले बमको स्तरोन्नतिका लागि भन्दै परीक्षणका लागि 'एग्लिन हाई-स्ट्रेन्थ कंक्रिट' विकास गरेको थियो। तथापि, यसले समस्या समाधान गऱ्यो भन्ने होइन। सन् २०२१ मा 'एयरोस्पेस एन्ड डिफेन्स टेक्नोलोजी' नामक पत्रिकामा एक लेख लेख्दै क्यानेडियन प्रतिरक्षा कम्पनी 'एड्भान्स्ड मटेरियल्स डेभलपमेन्ट'का ग्रेगरी वारतानोभले एग्लिन स्टिलबाट बनेका बमहरू युएचपिसी क्षमताका कंक्रिट भेद्न पर्याप्त बलियो नहुने दाबी गरेका थिए। इरानी कंक्रिट कति बलियो तथा बाक्लो छ र अमेरिकाको बम कति परिस्कृत छ भन्ने दुई कुराले यसले सफलता र असफलतामा भिन्नता ल्याउन सक्छ।

एमओपीलाई प्रभावकारी बनाउन अन्य धेरै कुरा मिल्नुपर्छ। अमेरिकाका अन्य गाइडेड (निर्देशित) बमहरूजस्तै यो पनि जिपिएस उपग्रहबाट मार्गनिर्देशित हुन्छ। हुन त सैन्य जिपिएस 'जाम' नहुने प्रविधि मानिन्छ, तर युक्रेनमा अमेरिकाले पठाएका बम सजिलै रुसी प्रविधिबाट जामिङ भएको पाइएको छ। सिग्नल जाम हुँदा केही अवस्थामा बमको सटिक निसानामा मार हान्ने क्षमतामा २० मिटरदेखि एक हजार २०० मिटरसम्म फरक परेको थियो।

र, यदि बमले बंकरको कंक्रिट तोड्न सक्यो भने पनि लक्ष्यमा सटिक प्रहार होला भनेर ठोकुवा गर्न सकिँदैन। प्रभावकारिता बढाउन एकपछि अर्को जिबियू-५७ एमओपी वा मुख्य बम प्रहार गर्नुअघि अन्य परम्परागत बम प्रयोग गर्ने विकल्पमा बहस भइरहेको अमेरिकी रक्षा मन्त्रालयले संकेत गरेको छ। तर, यसले पनि उद्देश्य सफल हुनेमा अमेरिका ढुक्क छैन। जस्तो केही दिनअघि ट्रम्पसहित बसेको सुरक्षा बैठकमा गरिएको ब्रिफिङमा धेरै जिबियू-५७ प्रयोग गर्दा पनि फोर्दो संयन्त्रको इन्धन प्रशोधन क्षेत्र नष्ट हुने शंका व्यक्त गरियो। त्यस अवस्थामा बढीमा बंकर पुरिने बताइएको थियो। त्यसो भयो भने इरानले पुनः माटो हटाएर काम सुरु गर्ने आशंका छ। यसले इन्धन प्रशोधनको कामलाई ६ महिना वा एक वर्षले ढिलो बनाउने काम मात्र गर्छ।

इकोनोमिस्टबाट

इतिहासमा आज

जुन २२



सन् १९४१: जर्मनीद्वारा सोभियत युनियनमाथि हमला। प्रारम्भिक सफल आक्रमण जर्मनका लागि विपत् साबित भयो, किनकि जाडोको अवस्था र सोभियत प्रतिरोधले जर्मनीलाई नै ठुलो क्षति पुऱ्यायो। अन्ततः उनीहरू पछि हट्न बाध्य भए।

सन् १८१५ : नेपोलियनद्वारा दोस्रोपटक फ्रान्सेली सम्राट् त्याग गरेको घोषणा।

सन् १९७८ : वैज्ञानिकहरूद्वारा प्लुटोको सबैभन्दा ठुलो चन्द्रमा चारोन पत्ता लगाएका थिए।

सन् १९८० : रुसद्वारा अफ्गानिस्तानबाट आंशिक रूपमा आफ्ना सेना फिर्ता गर्ने घोषणा।

सन् १९९० : सन् १९८९ मा बर्लिन पर्खाल ढलेपछि पूर्वी बर्लिन र पश्चिम बर्लिनबिचको सीमामा रहेको पुरानो चेकपोइन्ट भत्काइयो। 'तपाईं अमेरिकी क्षेत्र छोड्दै हुनुहुन्छ' भन्ने प्रसिद्ध चिहनसहित पुरानो चेकपोइन्ट पर्यटकको आकर्षणको केन्द्र बनेको छ।

इजरायल-इरान युद्ध नवौं दिनमा

अमेरिकालाई संलग्न नहुन तेहरानको चेतावनी

तेहरान/ इरान-इजरायल युद्ध शनिबार नवौं दिन पनि जारी छ। युद्धका क्रममा दुवै पक्षले एक-अर्का देशमा शक्तिशाली मिसाइल प्रहार गरेका छन्। इजरायलले इरानका आणविक सैन्य आधारलाई निसाना बनाएको छ भने तेहरानले पनि इजरायलका रणनीतिका महत्त्वका स्थल र भवनमा हमला गरेको छ। दक्षिण-पश्चिम इरानमा विस्फोटका ठुला आवाज सुनिएका छन्।

इरानका विदेशमन्त्री आवास अराघचीले इजरायल-इरान द्वन्द्वमा अमेरिकाको संलग्नता 'खतरनाक' हुने चेतावनी दिएका छन्। दुई देशबिचको युद्ध थप चर्किरहकै वेला विदेशमन्त्रीको चेतावनी आएको हो।

इरानको प्रहरीले इजरायली जासुसी सेवासँग सम्बन्धित २२ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरू जियोनिस्ट शासनको जासुसी नेटवर्कसँग सम्बन्धित छन् र उनीहरूमाथि विभिन्न अपराधमा संलग्न रहेको आरोप लगाइएको छ। यसअघि तेहरानको प्रहरीले इजरायलका लागि जासुसी गरेको आरोपमा २४ जना व्यक्तिलाई पक्राउ गरेको थियो।

सामान्यतया, इरानले पछिल्लो समयमा जासुसी गतिविधिमा संलग्न रहेको अभियोगमा धेरैलाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये केहीलाई मृत्युदण्ड दिइएको छ। नर्वेस्थित गैरसरकारी संस्था 'इरान ह्युमन राइट्स'ले राष्ट्रव्यापी रूपमा कम्तीमा २२३ जनालाई जासुसी गरेको आरोपमा पक्राउ गरिएको जनाएको छ।

युद्ध तत्काल अन्त्य नहुने संकेत

टर्कीएका राष्ट्रपति रेसेप तैयप एर्दोगानले इरान र इजरायलबिचको बढ्दो द्वन्द्व चाँडै अन्त्य नहुने बिन्दुमा पुगेको बताएका छन्। इरान र इजरायलबिच नौ दिनदेखि युद्ध जारी छ। इजरायलले इस्लामिक गणतन्त्र इरान आणविक हतियार प्राप्त गर्ने सँघारमा रहेको भन्दै आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि व्यापक आक्रमण सुरु गरेको थियो। 'दुर्भाग्यवश, गाजामा भएको नरसंहार र इरानसँगको द्वन्द्व चाँडै नै नफर्कने बिन्दुमा पुगेको छ।

> कूटनीतिक समाधानका लागि पहल गरिँदै

इजरायल-इरान अन्त्यका लागि युरोपेली शक्तिले जेनेभामा इरानसँग वार्ता सुरु गरेका छन्। इरानसँगको वार्तामा युरोपेली मुलुकका नेताले कूटनीतिक समाधानका लागि अवसरको ढोकाबारे छलफल गरेका हुन्।

इजरायलले शंकास्पद इरानी आणविक अनुसन्धान केन्द्रलगायत लक्ष्यमा रातभर दर्जनौं आक्रमण गरेपछि इरानले इजरायलविरुद्ध क्षेप्यास्त्र प्रहार गरेको थियो। इरानका विदेशमन्त्री आबास अराघचीसँग जेनेभामा भएको वार्तामा युरोपका उच्च कूटनीतिज्ञले युद्धको 'कूटनीतिक समाधान' हुनुपर्ने बताए। वार्ताअघि फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले वार्तामा फर्कन 'प्राथमिकता दिनु आवश्यक' भएको र युरोपेली शक्तिराष्ट्रले इरानलाई 'कूटनीतिक समाधान' दिने बताएका थिए। बेलायत, फ्रान्स र जर्मनीका विदेशमन्त्री तथा युरोपेली संघका उच्च कूटनीतिज्ञले तनाव कम गर्न आग्रह गरेका छन् भने बेलायती विदेशमन्त्री डेभिड ल्यामीले कूटनीतिक समाधान खोज्न आगामी केही दिन पहल गरिने बताएका छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ८ असार ०८२

बिआइएस नवीकरणमा ढिलाइ हुँदा एकतिहाइले घट्यो सिमेन्ट निर्यात

गत वर्षको जेठसम्ममा तीन अर्ब ६५ करोडको सिमेन्ट निर्यात, यस वर्ष दुई अर्ब ६६ करोडमा सीमित

कृष्ण रिजाल/नयाँ पत्रिका



भारतले समयमै भारतीय गुणस्तर चिह्न 'ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड' (बिआइएस) नवीकरण नगरिदिँदा नेपाली सिमेन्टको निर्यात उल्लेखनीय रूपमा घटेको देखिएको छ। चालू आर्थिक वर्षको ११ महिनामा नेपालले दुई अर्ब ६६ करोड पाँच लाख रुपैयाँबराबरको सिमेन्ट निर्यात गर्न सकेको छ। यो गत आवको सोही अवधिको तुलनामा ३७.४६ प्रतिशत अर्थात् एक अर्ब रुपैयाँले कमी हो।

नेपाली सिमेन्टको बिआइएस प्राप्ति तथा नवीकरणमा ढिलाइ हुँदा निर्यात प्रभावित भएको व्यवसायीले बताएका छन्। भारतले नेपाली उत्पादनले लिएको बिआइएसको म्याद गुज्रनुअघि नै नवीकरण नगरिदिँदा निर्यात प्रभावित हुँदै आएको छ। नेपालबाट असार ०७९ देखि सिमेन्ट र क्लिंकर निर्यात सुरु भएको हो। उक्त आवमा ७७ करोड ९३ लाखको सिमेन्ट निर्यात भएको थियो। गत आव ०८०/८१ मा तीन अर्ब ८५ करोड २८ लाखको सिमेन्ट तथा क्लिंकर निर्यात भएको भन्सार विभागको तथ्यांक छ। दुई वर्षयता बढेको सिमेन्टको निर्यात यस वर्ष भने बिआइएस प्राप्ति-नवीकरणमा ढिलाइ हुँदा घट्न पुगेको नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष एवं अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले बताए।

नेपाललगायत व्यापार साझेदार जुनसुकै देशका उद्योगका उत्पादनले बिआइएस प्राप्तपछि मात्रै भारत प्रवेश पाउँछन्। अघिल्लो आर्थिक वर्षदेखि नै भारतले नेपालको सिमेन्ट, जुत्ता, प्लाइउड, स्टिलगायत उत्पादनका लागि बिआइएस चिह्न दिन तथा नवीकरण गर्न ढिलाइ गर्दै आएको थियो। बिआइएसकै कारण नेपालको निर्यात प्रभावित हुन पुगेको थियो। यद्यपि, गत पुस अन्तिममा काठमाडौंमा सम्पन्न व्यापार, पारवहन र सहकार्यसम्बन्धी नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी कमिटी (आइजिसी) बैठकले बिआइएस प्रमाणपत्र प्राप्ति-नवीकरण प्रक्रियालाई छिटो-छरितो बनाउने सहमति गरेको थियो। त्यसपछि बिआइएस प्राप्ति-नवीकरणको समस्या पूर्ण रूपमा समाधान हुन सकेको छैन।

'दुई देशबिचको आइजिसी बैठकले बिआइएस प्रमाणपत्रको समस्या समाधान गर्ने सहमति गरेपछि धेरै नेपाली उत्पादनले बिआइएस प्राप्त गरे, नवीकरण पनि भयो, तर समस्याको दीर्घकालीन समाधान भने हुन सकेन,' उनले भने, 'खासगरी प्रमाणपत्रको म्याज गुज्रनुअघि नै नवीकरण गरिदिने व्यवस्था नहुँदा निर्यात प्रभावित भइरहेको छ।'

अहिले पनि बिआइएसको म्याद गुज्रिएपछि केही उद्योगको सिमेन्ट निर्यात रोकिएको उनले बताए। 'अहिले सर्वोत्तम, अर्घाखाँचीलगायत उद्योगका सिमेन्ट निर्यात भइरहेका छन्। पाल्पा सिमेन्ट उद्योगको निर्यात बिआइएसको म्याद गुज्रिएको कारण रोकिएको छ। बिआइएस नवीकरण प्रक्रिया सकेर पाल्पा सिमेन्टले पुनः निर्यात थाल्नेछ,' उनले भने।



नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका भन्छन्-



दुई देशबिचको आइजिसी बैठकले बिआइएस प्रमाणपत्रको समस्या समाधान गर्ने सहमति गरेपछि धेरै नेपाली उत्पादनले बिआइएस प्राप्त गरे, नवीकरण पनि भयो, तर समस्याको दीर्घकालीन समाधान भने हुन सकेन, खासगरी प्रमाणपत्रको म्याज गुज्रनुअघि नै नवीकरण गरिदिने व्यवस्था नहुँदा निर्यात प्रभावित भइरहेको छ। अहिले पनि बिआइएसको म्याद गुज्रिएपछि केही उद्योगको सिमेन्ट निर्यात रोकिएको छ। सर्वोत्तम, अर्घाखाँचीलगायत उद्योगका सिमेन्ट निर्यात भइरहेका छन्। पाल्पा सिमेन्ट उद्योगको निर्यात बिआइएसको म्याद गुज्रिएको कारण रोकिएको छ।

■ कुन वर्ष कति निर्यात ?

आर्थिक वर्ष	निर्यात मूल्य रुपैयाँमा
०७९/८०	७७ करोड ९३ लाख
०८०/८१	३ अर्ब ८५ करोड २८ लाख
०८०/८१ (जेठसम्म)	३ अर्ब ६५ करोड ७१ लाख
०८१/८२	२ अर्ब ६६ करोड ५ लाख

जेठ मसान्तसम्ममा तीन लाख २३ हजार दुई सय ८३ टन पोर्टल्यान्ड सिमेन्ट र चार लाख ८४ हजार आठ सय ५४ टन क्लिंकर निर्यात भएको भन्सार विभागको तथ्यांक छ। गत आवको सोही अवधिमा भने दुई लाख १४ हजार सात सय ३७ टन सिमेन्ट र चार लाख ९६ हजार सात सय ७३ टन क्लिंकर निर्यात भएको थियो।

बिआइएस प्राप्ति-नवीकरणको समस्याको दीर्घकालीन समाधान ननिकाल्दासम्म नेपालको निर्यात प्रभावित भइरहने देखिएको छ। 'नवीकरणको प्रक्रिया नसकिँदासम्म त सिमेन्ट निर्यात रोकिने नै भयो, त्यसैले यसको दीर्घकालीन समाधान खोज्नैपर्छ,' मुरारकाले भने, 'नेपाल र भारतले एक-अर्काको गुणस्तर चिह्नलाई मान्यता दिने व्यवस्था गर्न सके दुई देशको व्यापार सहजीकरणमा महत्त्वपूर्ण योगदान मिल्ने थियो।'

११ महिनामा पौने चार खर्ब कर्जा प्रवाह

गत आवको असार मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ४५ खर्ब ७० अर्ब ९१ करोड थियो। चालू आवको जेठ मसान्तसम्म आउँदा त्यो ८.२३ प्रतिशतले बढेर ४९ खर्ब ४७ अर्ब २० करोड पुगेको छ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्षको ११ महिनामा २० वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह तीन खर्ब ७६ अर्ब २९ करोड रुपैयाँले बढेको छ। त्यसमा जेठ महिनामा मात्रै ३६ अर्ब ३२ करोड रुपैयाँ कर्जा प्रवाह बढेको नेपाल बैंकर्स संघको तथ्यांकले देखाएको हो।

गत आवको असार मसान्तसम्म वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ४५ खर्ब ७० अर्ब ९१ करोड थियो। चालू आवको जेठ मसान्तसम्म आउँदा त्यो ८.२३ प्रतिशतले बढेर ४९ खर्ब ४७ अर्ब २० करोड पुगेको छ। गत वैशाख मसान्तसम्म भने वाणिज्य बैंकहरूले ४९ खर्ब १० अर्ब ८८ करोड रुपैयाँ कर्जा प्रवाह गरेका थिए।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत चालू आवमा १२.५ प्रतिशतले कर्जा बढ्ने प्रक्षेपण गरेको छ। तर, चालू आव सकिन एक महिना मात्रै बाँकी रहँदा वाणिज्य बैंकहरूको कर्जा प्रवाह ८.२३ प्रतिशतमा सीमित रहेको छ।

आर्थिक वर्षान्तका कारण बैंकहरूले असार महिनामा त्यति धेरै कर्जा प्रवाह गर्दैनन्। यो समयमा कर्जा प्रवाहभन्दा असुलीमा बढी ध्यान दिइन्छ। सोहीअनुसार यो वर्ष पनि लक्ष्यअनुसार कर्जा प्रवाह नहुने देखिन्छ।

कर्जा प्रवाहमा वाणिज्य बैंकहरूको हिस्सा करिब ९० प्रतिशत छ। तर, वाणिज्य बैंकहरूको कर्जा प्रवाह लक्ष्यअनुसार नभएको तथ्यांकले पुष्टि गरेको छ। यद्यपि, गत आवको तुलनामा भने कर्जा प्रवाह सन्तोषजनक मान्नुपर्ने बैंकरहरू बताउँछन्। आर्थिक शिथिलताका कारण विगत दुई वर्षयता कर्जा प्रवाह न्यून छ। ब्याजदर घटाउँदा पनि बैंकमा पैसा थुपिएको अवस्था छ।

चालू आवको पहिलो महिना साउनमा दुई अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको थियो। यसैगरी, भदौमा ५३ अर्ब रुपैयाँ र असोजमा ५६ अर्ब रुपैयाँले बढेको कर्जा प्रवाह कात्तिकमा दुई अर्ब रुपैयाँले घटेको थियो। त्यसपछि मंसिरमा ४२ अर्ब रुपैयाँ, पुसमा ९४ अर्ब रुपैयाँ, माघमा १२ अर्ब रुपैयाँ, फागुनमा २३ अर्ब र चैतमा ६५ अर्ब रुपैयाँ बढेको कर्जा प्रवाह वैशाखमा भने चार अर्ब रुपैयाँले घटेको थियो। गत जेठमा भने त्यो ३६ अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको हो।

■ पाँच खर्ब बढ्यो निक्षेप

समीक्षा अवधिमा वाणिज्य बैंकहरूमा भएको निक्षेप पाँच खर्ब तीन अर्ब ३९ करोड रुपैयाँले बढेको छ। गत आवको असार मसान्तसम्म वाणिज्य बैंकहरूमा ५७ खर्ब ५४ अर्ब ७७ करोड रुपैयाँ निक्षेप थियो। जेठ मसान्तसम्म आउँदा त्यो ८.७५ प्रतिशते बढेर ६२ खर्ब ५८ अर्ब १६ करोड रुपैयाँ पुगेको छ।

बढ्दो रेमिट्यान्सका कारण पछिल्लो समय बैंकहरूमा निक्षेप बढेको छ। चालू आवको जेठमा मात्रै एक खर्ब १५ अर्ब रुपैयाँले निक्षेप बढेको छ। उच्च रेमिट्यान्स आप्रवाहसँग आर्थिक वर्षान्तका कारण सरकारले खर्च पनि बढाएको छ। त्यसले गर्दा जेठमा निक्षेप संकलन उच्च देखिएको हो।

चालू आवको पहिलो महिना साउनमा ३९ अर्ब रुपैयाँले निक्षेप घटेको थियो। त्यसपछि भदौमा ७३ अर्ब रुपैयाँ र असोजमा एक खर्ब ३३ अर्ब रुपैयाँले निक्षेप बढ्दा कात्तिकमा १९ अर्ब रुपैयाँले घटेको थियो। त्यसपछि मंसिरमा ३३ अर्ब, पुसमा ५१ अर्ब रुपैयाँ, माघमा नौ अर्ब रुपैयाँ र फागुनमा ४० अर्ब रुपैयाँले निक्षेप बढेको थियो। त्यसपछि चैतमा ८३ अर्ब रुपैयाँ, जेठमा २३ अर्ब रुपैयाँ र जेठमा एक खर्ब १५ अर्ब रुपैयाँले निक्षेप बढेको देखिन्छ।

दश मन्त्रालयको विनियोजन शीर्षकमा छलफल सम्पन्न

काठमाडौं/ प्रतिनिधिसभाको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत विभिन्न १० मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफल सम्पन्न भएको छ। शनिबार संघीय मामिला तथा समान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ, रक्षा, स्वास्थ्य तथा जनसङ्ख्या, खानेपानी, शिक्षा, विज्ञान तथा प्रविधि, परराष्ट्र, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, गृह र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका विनियोजन विधेयकमाथि छलफल भएको हो।

छलफलमा सांसदहरू डा. चन्द्रकान्त भण्डारी, सुनीता बराल, देवेन्द्र पौडेल, रमा कोइराला पौडेल, भगवती चौधरी, मीना तामाङ, लालप्रसाद साँवा लिम्बू, विमला सुवेदी, दीपा शर्मा, देवप्रसाद तिमिल्सिना, नागिना यादव, सराज अहमद फारुकी, कान्तिका सेजुवाल, हितराज पाण्डेलगायत सहभागी भएका थिए।

टेक एन्ड पे पिपिएविरुद्ध आन्दोलनमा ऊर्जा व्यवसायी

काठमाडौं/ सरकारले बजेटमा ल्याएको विद्युत् खरिद सम्झौतामा 'टेक एन्ड पे' (लेउ र तिर) प्रावधान फिर्ता लिन ऊर्जा उद्यमीले प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई एकैपटक एसएमएस पठाएका छन्। व्यवसायीले आन्दोलनका कार्यक्रमअन्तर्गत शनिबार बिहान १० बजे एकैपटक टेक एन्ड पे फिर्ता लिन एसएमएस गरेका हुन्।

टेक एन्ड पे पिपिएको व्यवस्था ऊर्जा क्षेत्रमा निजी क्षेत्रको लगानी बन्द गर्ने गरी ल्याइएको भन्दै उनीहरूले एसएमएसमा 'ऊर्जामा निजी क्षेत्र समाप्त पार्ने, लोडसेडिङ निम्त्याउने, लगानीकर्तालाई डुबाउने र देशको अर्थतन्त्र सिध्याउने टेक एन्ड पे पिपिए खारेज गर' उल्लेख गरेका छन्।

सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा निजी क्षेत्रले निर्माण गर्ने नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) टेक एन्ड पे अवधारणाअनुसार मात्र गरिने उल्लेख गरेदेखि नै ऊर्जा उद्यमीले त्यसको कडा शब्दमा विरोध गर्दै आइरहेकामा यही असार ६ गतेदेखि चरणबद्ध आन्दोलन गरिरहेका छन्। ऊर्जा उत्पादकहरूको छाता संस्था स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का कार्यवाहक अध्यक्ष एवं इप्पान आन्दोलन समितिका संयोजक मोहनकुमार डाँगीले टेक एन्ड पे फिर्ता लिन सरकारलाई दबाब दिन एकैपटक एसएमएस गरिएको जानकारी दिए।

कृषकलाई आधुनिक कृषि यन्त्र वितरण

कपिलवस्तुमा **डिलाराम भुसाल**



कपिलवस्तुको बुद्धभूमि नगरपालिकाबाट एक सय २४ कृषकलाई अनुदानमा आधुनिक कृषि यन्त्र वितरण गरेको छ। नगरपालिकाले एक कार्यक्रम आयोजना गरी पालिकाभित्रका ९२ अगुवा कृषक तथा समूहलाई मिनिटेलर र ३२ कृषक तथा समूहलाई सिँचाइ मोटर वितरण गरेको हो। जोताइका लागि प्रयोग हुने मिनिटिलरमा ५० प्रतिशत अनुदान र ५० प्रतिशत कृष्कको लगानी रहने तथा सिँचाइका लागि प्रयोग हुने मोटरमा नगरपालिकाले ७० प्रतिशत अनुदान र कृषकको ३० प्रतिशत लगानी गर्नुपर्ने नगर प्रमुख केशवकुमार श्रेष्ठले बताए। 'कृषिमा आधुनिकीकरणलाई प्रोत्साहन गर्न नगरपालिकाले विगत आठ वर्षदेखि नै लागत सहभागितामा यस्ता कृषि यन्त्र उपलब्ध गराउँदै आएको श्रेष्ठले बताउँदै 'यसले कृषकलाई सहजता थप्ने, लागत घटाउने र आत्मनिर्भर बनाउँदै उत्पादकत्व बढाउन मद्दत पुग्ने नगरको अपेक्षा रहेको बताएका छन्।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव भट्टराईले कृषकलाई प्राप्त उपकरणको सही सदुपयोग गर्दै उत्पादन वृद्धिमा लाग्नुपर्ने बताएका छन्। वितरण गरिएको सात हर्सपावरको डिजेल इन्जिनयुक्त मिनिटिलरको मूल्य ४३ हजार एक सय २५ रुपैयाँ र दुई हर्सपावरको मोटरको मूल्य १६ हजार चार सय ९८ रुपैयाँ रहेको बताएको छ।

एउटै पालिकाबाट तीन करोडभन्दा बढीका खसी बिक्री

गाउँपालिकामा सूचीकृत चार सहकारीबाट चार सय ३४ किसानले बेचे एक हजार पाँच सय ८८ खसी-बोका

सल्यानमा **दीपक शर्मा**



सल्यानको त्रिवेणी गाउँपालिकाले एक वर्षमा तीन करोडभन्दा बढीका खसी-बोका बिक्री गरेको छ। चालू आर्थिक वर्ष ०८१/८२ को असार पहिलो हप्तासम्म तीन करोड २६ लाख ४३ हजारबराबरको खसी-बोका अन्य जिल्लामा बिक्री गरिएको हो। गत आर्थिक वर्षको तुनलामा चालू आवमा एक करोडभन्दा बढीका खसी-बोका बिक्री भएको त्रिवेणी गाउँपालिका पशुसेवा शाखा प्रमुख वसन्त रावतले बताए। रावतका अनुसार गत आवमा दुई करोड २६ लाखबराबरको निर्यात भएको थियो। कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम प्रभावकारी बन्दै जाँदा कृषकमा बाख्रापालनमा आकर्षण बढेको उनको भनाइ छ।

गाउँपालिकामा सूचीकृत चार सहकारी संस्थाबाट चार सय ३४ कृषकले एक हजार पाँच सय ८८ खसी-बोका एक वर्षमा बिक्री गरिएको रावतले जानकारी दिए। उनका अनुसार नमुना सामाजिक उद्यमी महिला सहकारी संस्थाले तीन सय ६१ खसी-बोकाबाट ७० लाख ४२ हजार र उपहार सामाजिक उद्यमी महिला सहकारी संस्थाबाट तीन सय १८ खसी बिक्री गर्दा ७१ लाख ५२ हजारभन्दा बढी आम्दानी गरेका छन्। त्यस्तै, दुर्गा भवानी सामाजिक उद्यमी महिला सरकारी संस्थामार्फत सात सय २२ खसी बिक्रीबाट एक करोड ४६ लाख र त्रिवेणी पशुपालन व्यवसाय सहकारी संस्थामार्फत एक सय ८७ खसी बिक्री हुँदा ३८ लाख ३२ हजार रुपैयाँ किसानले आम्दानी गरे। जसबाट किसानले उत्पादनमा आधारित अनुदान कार्यक्रममार्फत १० लाख ८० हजार नौ सय २० रुपैयाँ अनुदान पाएका छन्।

गाउँपालिकाले सहकारीमार्फत वार्षिक एक सय किलोभन्दा माथिका जिउँदो खसी-बोका बिक्री गर्ने कृषकलाई प्रतिकिलो २० रुपैयाँका दरले अनुदान दिँदै आइरहेको रावतले बताए। 'कृषकले सहकारीमार्फत खसी बिक्री गर्छन्। उनीहरूले वर्षमा एक सय किलोभन्दा बढीका खसी-बोका बिक्री गरेमा पालिकाले प्रतिकिलो २० रुपैयाँ अनुदान दिन्छ,' उनले भने।

त्यस्तै, गाउँपालिकाका अध्यक्ष खिमबहादुर रावतले उत्पादनमा वृद्धि गर्न कृषकको उत्पादनकै आधारमा अनुदान दिने गरिएको बताए। 'पशुपालनको क्षेत्रमा यो नौलो कार्य हो, जसले उत्पादन गरेर सहकारीमार्फत खसी-बोका बिक्री गर्छ, उसले अनुदान पाउने हो,' उनले भने। अध्यक्ष रावतका अनुसार गाउँपालिकाले पशुपालनमा कृषकलाई आकर्षित गर्न र नश्ल सुधार गर्न उन्नत जातका बाख्रा तथा बोका वितरण गर्दै आएको छ। 'हामी पशुपालन व्यवसाय गर्ने कृषकलाई आवश्यक तालिम तथा प्राविधिक ज्ञान दिन्छौं, आहारा वृद्धिका लागि घाँसखेती विस्तार, पशु उपचार तथा परामर्शलगायतका सेवा दिँदै आएका छौं,' उनले भने। गाउँपालिकाको वडा नम्बर २, ४ र ५ लाई बाख्रा पकेट क्षेत्र तथा वडा नम्बर १, ३ र ६ लाई भैंसी पकेट क्षेत्रका रूपमा विकास गरिएको अध्यक्ष रावतले बताए।

व्यावसायिक बाख्रापालनका लागि कृषकलाई आकर्षित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ। उत्पादित खसी-बोका काठमाडौं, पोखरा, दाङलगायतका प्रमुख सहरमा बढी माग हुन्छ। जंगलमा घाँस सँगसँगै जडीबुटी पनि खाने भएकाले निरोगी, स्वस्थ र खानका लागि राम्रो हुने भएकाले व्यापारीले सल्यानका खसी-बोका अन्य जिल्लाको तुलनामा बढी मूल्यमा बिक्री हुने गरेको छ।

बिमा नपाएपछि स्याउ किसान सडकमा

जुम्लामा **मानदत्त रावल**



चन्दननाथ नगरपालिका- ९, श्रीदुस्काका रतन रोकायाले करिब १० हजार वर्गमिटर जमिनमा सात सय स्याउको बिरुवा लगाएका छन्। त्यसमध्ये तीन सय स्याउका बिरुवाको बिमा गरेका उनले १६ हजार बिमांक रकम तिरेका छन्। तर, तुसारो र असिनाले ५ प्रतिशत बिरुवामा पनि स्याउ नफल्दा उनले बिमा रकम पाएका छैनन्। त्यस्तै, तातोपानी गाउँपालिका- ५, लाप्राका आनन्द हमालले १९ हजार बिमांक तिरेर चार सय बिरुवाको बिमा गराएका छन्। तर, बिरुवामा फल नलाग्दा उनले पनि बिमा रकम पाएका छैनन्। उनीजस्तै धेरै स्याउ किसानले बिमा रकम नपाएपछि सडकमा आएका छन्।

शिखर इन्स्योरेन्स कम्पन्नीमा जुम्लाका पाँच हजार तीन सयभन्दा बढी किसानले मौसममा आधारित खडेरी र असिना बिमा गराएका छन्। चालू आर्थिक वर्ष सकिन लाग्दा पनि कम्पन्नीले बिमा दाबी भुक्तानी नदिएपछि सडकमा उत्रिन बाध्य भएको किसानले बताएका छन्।

स्याउ बिमा भुक्तानी पहल समितिका संयोजक किसान खड्कबहादुर सेजुवालले आर्थिक वर्ष सकिन लाग्दासमेत बिमा गरेबापतको रकम भुक्तानी नपाउँदा आन्दोलन नै गर्नुपरेको बताए। उनले भने, 'गत वर्ष खडेरी परेर जिल्लाभरको स्याउ खेतीमा क्षति भयो। असिनापानीले पनि त्यस्तै क्षति गऱ्यो। उत्पादन नभए पनि बिमाबाट राहत पाउने आशामा थियौं। तर, भुक्तानी हुन्छ भन्दा-भन्दै टार्न खोजेपछि सडकमा उत्रिएका हौं।'

सरकारको ८० प्रतिशत अनुदान र आफ्नो २० प्रतिशत प्रिमियम शुल्क तिरेर बिमा गर्दा खुसी भएका जुम्ली किसान अहिले निराश भएका छन्। एक हप्ताभित्र बिमा भुक्तानीको ठुंगो नलागे कम्पन्नीको कार्यालयमै ताला लगाउने किसानले चेतावनी दिएका छन्। जुम्लाका आठै स्थानीय तहको सबै भूभाग स्याउ खेतीका लागि उर्वर भूमि हो। विगतमा निकै न्यून रूपमा स्याउ बिमा गर्ने जुम्ली किसान केही वर्षयता प्राकृतिक विपत् बढ्न थालेपछि राहत पाउने आशामा बिमा गर्न थालेका थिए। तर, छोटो समयमै सहज भुक्तानी नपाउने स्थिति देखिएपछि किसान त्रसित भएका छन्। शुक्रबार जुम्ला बजारमा प्रदर्शन गरेका किसानले बिमा दाबी भुक्तानीका लागि कम्पन्नीलाई एकहप्ते अल्टिमेटमसमेत दिएका छन्।

शिखर इन्स्योरेन्स कम्पन्नीका अनुसार हालसम्म जुम्लाका पाँच हजार तीन सय किसानले स्याउ बिमा गरेका छन्। जुम्लामा किसान आन्दोलित भएपछि शिखर इन्स्योरेन्स कम्पन्नीको मुख्य कार्यालय काठमाडौंले सरकारले दिने करोडौं अनुदान रोकिँदा किसानलाई बिमा भुक्तानी दिन नसकिएको जनाएको छ। प्रतिबिरुवाको प्रिमियम शुल्क एक सय ५० रुपैयाँमध्ये किसानले ३६.२० रुपैयाँ र सरकारले एक सय १४ रुपैयाँ तिरिदिने प्रावधान छ। सोही प्रावधाननुसार आर्थिक वर्ष ०८०/८१ मा सरकारले बिमा कम्पन्नीलाई दिनुपर्ने ३२ करोड अनुदान रकम निकासा नभएकाले जुम्लाका स्याउ किसानको बिमा भुक्तानी हुन नसकेको जनाएको छ। साथै बिमा कम्पन्नीले सरकारको अनुदान रकमको दुरुपयोग गर्न कम बिरुवा रोपेको र बिमा अभिलेखमा बिरुवा संख्या बढाएको पाइएको छ। किसानले गलत मनसायले बोट संख्या बढाएको बिमा कम्पन्नीको दाबी छ।

आर्थिक वर्ष ०८०/८१ मा खडेरी असिना बिमा गरेका सात हजार पाँच सय ७४ कृषकमध्ये ६ हजार ६ सय १३ कृषकको स्थलगत बर्गैंचा निरीक्षण गर्दा सरदर करिब २५ प्रतिशत बिरुवा संख्या बढाएर बिमा गरेको देखिएको छ भने नौ सय ९४ जना किसानको बिरुवा संख्या यकिन गर्नसमेत सकिएको छैन। एकातिर अनुदान पचाउन बिरुवा संख्या बढाएर किसानले बिमा गरेको र अर्कोतर्फ सरकारले दिने ८० प्रतिशत अनुदानबाट हुन आउने ३२ करोड रुपैयाँ निकासा नहुँदा बिमा भुक्तानीमा कठिनाइ भएको बिमा कम्पन्नीले जनाएको छ।

सिप मेलाको साझेदार नेपाल लाइफ

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनी काठमाडौं महानगरपालिकाद्वारा आयोजित सिप मेला, २०८२ को संस्थागत साझेदार बनेको छ। कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मेलामा सहभागिता जनाएको हो।



महानगरले आयोजना गरेको सिप मेलाको मुख्य उद्देश्य सिप नभएकालाई सिप सिकाउने र आधारभूत सिप भएकालाई थप दक्ष बनाउने रहेको छ। मेलामा रोजगारी र आय वृद्धिको माध्यमबाट काठमाडौंको समृद्धि हासिल गर्ने लक्ष्य लिइएको छ। मेलाअन्तर्गत १० विधामा ३७ पेसासँग सम्बन्धित तालिम निःशुल्क प्रदान गरिँदै छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले यस अभियानमा सहभागी हुन पाउँदा खुसी लागेको बताए। 'जब सिप मेलाको प्रस्ताव नेपाल लाइफमा आयो, हामीले यसलाई अवसर मात्र नभई युवालाई सशक्त बनाउन र स्वरोजगारको बाटो देखाउन सकिने महत्त्वपूर्ण अभियानका रूपमा लियौं,' उनले भने, 'यो मेलाले ३० भन्दा बढी विभिन्न तालिममार्फत युवा जनशक्तिको माग र आपूर्तिको सन्तुलन कायम गर्न सहयोग पुऱ्याउनेछ।'

सिप मेलामा नेपालभरिका युवाहरू सहभागी छन्। मेलाले उनीहरूलाई चाहिएको सिप, अवसर, हौसला र संरचना प्रदान गर्ने बताइएको छ। मेलामा विशेष गरी काठमाडौं महानगर क्षेत्रमा बसोवास गरिरहेका स्थायी वा अस्थायी बासिन्दा, करदाता, ल्यान्डफिल्ड साइट प्रभावित, बेरोजगार युवा, विदेशबाट फर्किएर काम खोज्दै गरेका व्यक्तिलाई लक्षित गरेर सञ्चालन गरिएको महानगरले जनाएको छ।

इलेक्ट्रिक युटिलिटी प्रोभाइडर कम्पनी अटो पार्लर सञ्चालनमा



काठमाडौं/ इलेक्ट्रिक युटिलिटी प्रोभाइडर कम्पनी अटो पार्लर सञ्चालनमा आएको छ। विभिन्न ब्रान्डका विद्युतीय गाडी (इभी)का प्रिमियम एसेसोरिज एउटै छानामुनिबाट उपलब्ध गराउने लक्ष्यसहित कालोपुल, काठमाडौंमा अटो पार्लर सञ्चालनमा ल्याइएको हो। कम्पनीले इभी गाडीका लागि आवश्यक पर्ने सम्पूर्ण एसेसोरिज अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको गुणस्तरमा उपलब्ध गराउने कम्पनीका प्रबन्ध निर्देशक राजीव केसीले जानकारी दिए। वातावरणमैत्री यातायात प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने गरी सञ्चालनमा ल्याइएको अटो पार्लरले इभीका प्रिमियम एसेसोरिज उपलब्ध गराउनुका साथै फिटिङ र बिक्रीपछिको सेवासमेत उपलब्ध गराउने उनको भनाइ छ।

केसीका अनुसार अटो पार्लरले तत्कालका लागि बिवाइडी डल्फिन, बिवाइडी एट्टो-थ्री, एमजी फोर, दिपल, आयोन-वाई, नामी, एक्सपेङ जी-सिक्स, लिप मोटर, ओमोडा र ओरा गुड क्याटलगायत गाडीका एसेसोरिज प्रिमियम क्वालिटीमा उपलब्ध गराउनेछ। 'अहिले नेपाली बजारमा धेरै चलेका चिनियाँ कारका एसेसोरिज उपलब्ध गराएका छौं,' केसीले भने, 'भविष्यमा जुन-जुन ब्रान्डले नेपाली बजारमा आउँछ, तिनै गाडीका एसेसोरिज उपलब्ध गराउँदै जानेछौं।

उनका अनुसार अटो पार्लरमा मिरर कभर, डोल ह्यान्डल, कभर, ह्यान्डिल वाउल, सिट कभर, स्टेरिङ कभर, नेभिगेसन ग्लास प्रोटेक्टर, डोर सिल गार्ड, मोटर एन्ड ब्याट्री प्रोटेक्सन प्लेट, रनिङ बोर्ड, जेन्युयुन ३६० क्यामरालगायत एसेसोरिजहरू उपलब्ध छन्। यसका अलावा आइसिई गाडीका एसेसोरिजसमेत उपलब्ध गराइएको कम्पनीले जनाएको छ। अटो पार्लरमा ग्राहकलाई उपयुक्त एसेसोरिज छनोट गर्न प्राविधिक सहयोगसमेत उपलब्ध गराइने प्रबन्ध निर्देशक केसीले बताए। गाडी तथा मोटरसाइकलको पर्याप्त पार्किङ सुविधासहित सञ्चालनमा ल्याइएको अटो पार्लरका ग्राहकले पर्याप्त समय लिएर आफूलाई चाहिने सामान खरिद गर्नुका साथै सँगै बसेर फिटिङ गराउनसमेत सक्नेछन्।

सिद्धार्थको संस्थापक सेयर बिक्रीमा

काठमाडौं/ सिद्धार्थ बैंकले संस्थापक सेयरधनीको नाममा रहेको संस्थापक सेयर बिक्री गर्ने भएको छ। बैंकले दुईजना संस्थापक सेयरधनीको नाममा रहेको एक लाख ७६ हजार कित्ता सेयर बिक्रीमा ल्याएको हो। बैंकका अनुसार यो सेयर आमसर्वसाधारणले खरिद गर्न सक्नेछन्। यसअघि बैंकले विद्यमान संस्थापक सेयरधनीले मात्रै खरिद गर्न पाउने गरी बिक्री खुलाएको थियो। तर, तोकिएको समयमा पर्याप्त आवेदन नपरेपछि अन्य व्यक्ति तथा संस्थाका लागि बिक्री खुलाएको हो।

खरिदकर्ताले एक हप्ताभित्र आफूले खरिद गर्न चाहेको सेयर संख्या उल्लेख गरी बैंकको केन्द्रीय कार्यालय, नक्साल, काठमाडौंस्थित कम्पनी सचिवको कार्यालयमा आवेदन दिनुपर्ने बताइएको छ।

आइएमई लाइफमा आबद्धलाई आमा हस्पिटलमा ५० प्रतिशतसम्म छुट

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सका बिमित, अभिकर्ता तथा कर्मचारीले आमा हस्पिटलमा ५० प्रतिशतसम्म छुट पाउने भएका छन्। दुवै पक्षबिच ग्राहकलाई छुट दिने सम्झौता भएको छ। सम्झौताअनुसार क्याबिन बेडमा ५० प्रतिशत, जनरल बेडमा ३० प्रतिशत र हस्पिटलका अन्य सेवामा २० प्रतिशत छुट हुनुका साथै आकस्मिक एम्बुलेन्स सेवामा कुनै शुल्क लाग्नेछैन।



त्यस्तै, आइएमई लाइफका ग्राहकले हेल्थ चेकअप प्याकेजमा ४० प्रतिशतको विशेष सहुलियत पाउनेछन्। उक्त छुट सुविधा प्राप्त गर्न कम्पनीका बिमितले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाउनुपर्नेछ। साथै, अभिकर्ता तथा कर्मचारीले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधाको लाभ लिन सक्ने कम्पनीले जनाएको छ।

एनसिएचएल र एन्ट इन्टरनेसनलले क्रस-बोर्डर भुक्तानीमार्फत पर्यटन प्रवर्द्धन गर्ने



काठमाडौं/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) र सिंगापुरको डिजिटल पेमेन्ट तथा वित्तीय टेक्नोलोजी लिडर एन्ट इन्टरनेसनलले क्रस बोर्डर क्युआर भुक्तानीमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने भएका छन्। पर्यटन प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीको विशेष भूमिकालाई जोड दिँदै शुक्रबार एक कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डित, निर्देशक सुभाषचन्द्र घिमिरे, नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्मा, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्सका अध्यक्ष कुमारमणि थपलियाको उपस्थिति थियो। त्यस्तै, नेपाल पर्यटन बोर्डका निर्देशक सन्तोष पन्त, अलि-पेका कन्ट्री म्यानेजर सिट्रिपोड किट्रिप्रापोड तथा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानसमेत कार्यक्रममा सहभागी थिए।

एनसिएचएल र एन्ट इन्टरनेसनलले गत कात्तिकमा नेपाल-पे क्युआर र अलि-पेबिच क्रस-बोर्डर भुक्तानीको सुरुवात गरेका थिए। उक्त क्रस-बोर्डर भुक्तानीअन्तर्गत १७ भन्दा बढी अन्तर्राष्ट्रिय डोमेस्टिक ई-वालेट तथा मोबाइल बैंकिङ एपमार्फत नेपाल-पे क्युआरको नेटवर्कमा रहेका मर्चेन्टलाई भुक्तानी सुविधा उपलब्ध छ। अलि-पे नेटवर्कमा आबद्ध अलि-पे (चिनियाँ मेनल्यान्ड), अलि-पे एचके (हङकङ एसएआर), तिनाबा (इटाली), एमपे (मकाओ एसएआर)लगायत मंगोलिया, फिलिपिन्स, सिंगापुर, दक्षिण कोरिया र थाइल्यान्डलगायतका एपबाट नेपाल-पे क्युआर स्क्यान गरी क्रस बोर्डर भुक्तानी गर्न सकिन्छ।

सुनसरी–मोरङ औद्योगिक करिडोरमा अघोषित लोडसेडिङ

हिउँदमा विद्युत् अभाव र वर्षायाममा ट्रिपिङको मारले ठुला उद्योग बन्द हुने अवस्थामा

विराटनगरमा **गणेश लम्साल**

सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योगहरूले भोग्दै आएको अघोषित लोडसेडिङको समस्या अझै अन्त्य नहुँदा उद्योगीहरू निराश बन्न थालेका छन्। अझै पनि औद्योगिक करिडोरका दुई सय उद्योगले हिउँदमा अभावको समस्या र वर्षायाममा ट्रिपिङको मार खेपिरहेका छन्। उद्योगीले नेपाल विद्युत् प्राधिकरणसँग पटक-पटक हिउँदमा भोगेको लोडसेडिङ र गर्मीमा हुने ट्रिपिङ समस्या अन्त्य गर्न आग्रह गरिसकेका छन्। तर, प्राधिकरणले आश्वासन दिए पनि निरन्तरको विद्युत् ट्रिपिङले औद्योगिक उत्पादनमा प्रतिकूल प्रभाव पारेपछि थप संवेदनशील बन्न उद्योगीले प्राधिकरणलाई पुनः आग्रह गरेका छन्।

प्राधिकरणले वर्षायाम सुरु भएसँगै विद्युत् उत्पादन बढेर निरन्तर आपूर्ति हुने आश्वासन दिएको थियो। तर, समस्या अझै ज्युँका त्युँ छ। जसका कारण सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योगहरू मारमा परेका हुन्।

नेपालको विद्युत् भारत तथा बंगलादेश निर्यात गर्न थालेको, तर आफ्नै देशका उद्योगहरूले अघोषित लोडसेडिङ खेप्नुपरेको उद्योग संगठनले जनाएको छ। संगठनका अध्यक्ष नन्दकिशोर राठीका अनुसार अहिले दैनिक ट्रिपिङले उद्योगको मेसिन बिग्रेका छन्।

उद्योग पूरा समय चल्न नपाउँदा कच्चा पदार्थ खेर जानुका साथै श्रमिक पनि कामविहीन बनेका छन्। यस्तो अवस्थामा जेनेरेटर चलाएर उत्पादन गर्दा लागत वृद्धि भइरहेको अध्यक्ष राठीले बताए। 'हामीले पटक-पटक भइरहेको लोडसेडिङ र विद्युत् ट्रिपिङ समस्याबारे प्राधिकरणलाई जानकारी गराइसकेका छौं,' उनले भने, 'तर, वर्षा लागेपछि नियमित आपूर्ति हुने आश्वासन दिइए पनि अझै समस्या समाधान भएको छैन। यसले उद्योगीमा झन् निराशा बढाएको छ। समस्या सुनुवाइ नभए उद्योग बन्द हुने अवस्था छ।'

संगठनले सबै पीडित उद्योगीको तर्फबाट समस्या राख्दै हरेक वर्ष सुक्खायाममा लोडसेडिङ हुँदा उद्योग-व्यवसायले भोग्नुपरेको आर्थिक क्षतिको तथ्यांकसहित प्राधिकरणको ध्यानाकर्षण गराउँदै आएको छ। यद्यपि, नियामक निकायबाट समाधानको ठोस योजना नआउँदा उद्योग नै बन्द हुने समस्याले पिरोलेको छ। 'लोडसेडिङ र ट्रिपिङ समस्याले उद्योगमा भइरहेको क्षतिको जिम्मेवारी कसले लिने ?' अध्यक्ष राठीले प्रश्न गरे। साथै, यी समस्याले सुनसरी-मोरङका दुई सय ठुला उद्योगले ठुलो आर्थिक नोक्सानी व्यहोर्नुपरिरहेको उद्योग संगठन मोरङको भनाइ छ।



■ **नन्दकिशोर राठी**, अध्यक्ष, उद्योग संगठन, मोरङ



दैनिक ट्रिपिङले उद्योगका मेसिन बिग्रेका छन् भने अघोषित लोडसेडिङले उद्योग पूरा समय चल्न पाएका छैनन्। हामीले पटक-पटक विद्युत् प्राधिकरणलाई यसबारे जानकारी गराएका छौं। तर, समस्याको समाधान हुन सकेको छैन।

८ जेठमा विराटनगर आएका प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई दैनिक १० घण्टासम्मको लोडसेडिङ र ट्रिपिङले सुनसरी-मोरङको औद्योगिक करिडोरका उद्योगले उत्पादन कटौती गर्नुपरेको जानकारी गराएका थिए। निर्देशक शाक्यले प्राविधिक कारणले नियमित बिजुली आपूर्तिमा समस्या भएको, तर वर्षायाम लाग्नेबित्तिकै नियमित आपूर्ति हुने आश्वासन दिएका थिए। तर, अहिलेसम्म यसको समाधान हुन सकेको छैन।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१७ फाल्गुण २०८१ देखि १६ जेष्ठ २०८२ सम्म

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४३२ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट https://www.nabilbank.com/individual/branches मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/StandardChargeSheet-2024.pdf मा प्रकाशित गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक-सञ्चालन
नबिल बैंक लिमिटेड, घण्टाघर, कमलादी, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारी : श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ।
प्रमुखको नाम र पद : नामः श्री मनोज कुमार ज्ञवाली
पदः का.मु.प्रमुख कार्यकारी अधिकृत
(द्रष्टव्यः तात्कालिक का.मु. प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवाली मिति २०८२/०२/२२ मा प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनुभएको।)

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन्।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधी संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदी।
१५. बैंकिङ्ग कारोवारको सम्बन्धमा पालन गरिनुपर्ने अन्य प्रचलित नेपाल कानून।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ र बैंकको वेबसाईट www.nabilbank.com मा समेत रहेको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेबसाईट www.nabilbank.com रहेको छ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन।**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SSE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :** यस अवधिमा सूचनाको लागि तीन वटा मात्र निवेदन प्राप्त भएकोमा सो सम्बन्धमा आवश्यक कारवाही भई प्रचलित कानूनको अधिनमा रही सूचना उपलब्ध गराउनु पर्नेमा सूचना उपलब्ध गराईएको।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ। साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेबसाईटमा समेत प्रकाशन गर्दै आएको छ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे तेस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८२।३।८ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८२।१।३१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८२ साल असार २३ गते सोमबार दिनको ११ देखि ३ बजे सम्म
सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय, डुम्रे। लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय दमौली, तनहुँ।

ग्राहकको विवरण

१) ग्राहकको नाम : प्रमिका थापा फर्निचर उद्योग
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय तनहुँ।
फर्मको दर्ता नं. : १८०२/०६४/०६५-तनहुँ, दर्ता मिति : २०६४/०८/१९, पान नं. : ३०२७२३४३२

लिलाम हुने अचल सम्पत्तिको विवरणः

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल (रोपनीमा)
उद्योग संचालन	मान बहादुर थापा	तनहुँ	नवरुङ	१	१९३, १३७, ३०६	०-३-१-१, ०-६-०-३, ०-९-१-०
	शारदा थापा	तनहुँ	दोरदोर	६	२३५	०-५-२-०

प्रोप्राईटरको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
मान बहादुर थापा	बन्दीपुर-२, तनहुँ	१००००	तनहुँ/२०३८/०१/१८ जिल्ला प्रशासन कार्यालय	दल बहादुर थापा	बहादुर

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
शारदा थापा	बरभञ्ज्याङ	२९८८	तनहुँ/२०४७/०७/११/जिल्ला प्रशासन कार्यालय	मान बहादुर थापा, रुप बहादुर पाण्डे	दल बहादुर थापा

२) ग्राहकको नाम : बन्दीपुर हार्डवयर्स एण्ड सप्लायर्स
दर्ता भएको कार्यालय : नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग दमौली, तनहुँ
फर्मको दर्ता नं. : १८५६/०६९/०७०-तनहुँ, दर्ता मिति : २०६९/०६/०८, पान नं. : ६००७४६८६१

लिलाम हुने अचल सम्पत्तिको विवरणः

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार	हरेराम थापा मगर	तनहुँ	बन्दीपुर	४ ग	५१२, ४९३, ४९२	१-४-३-०, ०-८-०-२, ०-४-०-०

प्रोप्राईटरको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
ईश्वर थापा	बन्दीपुर-४, तनहुँ	५६०३२	तनहुँ/२०५९/०३/०३/जिल्ला प्रशासन कार्यालय	हरेराम थापा मगर	मिन बहादुर

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
हरेराम थापा मगर	बन्दीपुर-४, तनहुँ	१३९०	तनहुँ/२०४२/०८/२६/जिल्ला कार्यालय	मिन बहादुर	कालु थापा

शर्तहरु :
१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी बापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

क्लब विश्वकपका चर्चित अनुहार

एजेन्सी

अमेरिकाले आयोजना गरेको क्लब विश्वकप २०२५ मा ३२ क्लबले सहभागिता जनाइरहेका छन् । यसपटक सातबाट फिफाले पहिलोपटक ३२ क्लबलाई विश्वकपमा सहभागी गराएको हो । तर, समर्थक नभएको भन्दै यो संरचनाकै विरोध भइरहेको छ । फिफाले सबै महादेशका क्लबलाई खेलाउँदा स्तर घटेको पनि आरोप लागेको छ ।

क्लब विश्वकपमा युरोपबाट १२, एसियाबाट चार, अफ्रिकाबाट चार, उत्तर अमेरिकाबाट चार, दक्षिण अमेरिकाबाट ६, एक आयोजक र एक प्यासिफिक क्षेत्रबाट रहेका छन् । अमेरिकामा ११ सहरका १२ रंगशालामा खेल आयोजना हुँदा अधिकांशमा दर्शक छैनन् । तर, केही चर्चित खेलाडीको कारण भने रंगशाला भरिने गरेका छन् । यस विश्वकपमा देखिएका चर्चित खेलाडीहरू यस्ता छन्:



▶ लियोनल मेसी (इन्टर मियामी)

३७ वर्षीय लियोनल मेसी फिफा क्लब विश्वकपका सर्वाधिक चर्चित खेलाडी हुन् । फिफा अध्यक्ष इन्फान्टिनोले अन्तिम समयमा मेसीकै कारण इन्टर मियामीलाई विश्वकपमा सहभागी गराएका हुन् । मेसीले सन् २००८ मा बेइजिङ ओलम्पिक २००८ मा स्वर्ण पदक जितेका थिए । सन् २०२२ मा फिफा विश्वकप उपाधि जितेका हुन् ।

यसबिचमा अर्जेन्टिनालाई दुईपटक कोपा अमेरिकाको उपाधि पनि जिताए । स्पेनिस क्लब बार्सिलोनामा रहँदा क्लब विश्वकप उपाधि नै जितिसकेका छन् । बार्सिलोनालाई च्याम्पियन्स लिग, ला लिगाको उपाधिसँगै आठपटक बालोन डी ओरको अवार्ड हात पारिसकेका छन् । जीवनको उत्तरार्धमा मेसी अमेरिकामा व्यावसायिक फुटबल खेल्न आइपुगेका हुन् । उनले लिग कपको उपाधिसमेत हात पारिसकेका छन् ।

▶ केलियन एम्बाप्पे (रियल मड्रिड)

केलियन एम्बाप्पे यसै सिजन रियल मड्रिड अनुबन्ध भएका हुन् । तर, यसपटक उपाधिविहीनजस्तै छन् । स्पेनिस ला लिगाको उपाधि हात पार्न नसके पनि एम्बाप्पेले गोल्डेन बुट भने जिते । उनका लागि यो सुनौलो अवसरसमेत हो, डेब्यु भएको वर्ष उपाधि हात पार्ने । रियलका लागि यो वर्ष सहज भएन । प्रशिक्षक जाभी ओलोन्सोको आगमनसँगै पुनः उपाधि हात पार्ने योजनामा रियल र एम्बाप्पे छन् । रियालअघि एम्बाप्पे पेरिस सेन्ट जर्मेन (पिएसजी)मा थिए । यद्यपि, रियाल अनुबन्ध हुनुअघि फ्रान्सलाई फिफा विश्वकप २०१८ को उपाधि जिताइसकेका छन् । रियलमा रहँदा एम्बाप्पे च्याम्पियन्स लिगको उपाधिको धोको मेटाउने लक्ष्यमा छन् । तत्काललाई २६ वर्षीय खेलाडीको योजना क्लब विश्वकप नै हो ।

▶ ह्यारी केन (बायर्न म्युनिख)

इंग्ल्यान्डका कप्तान ह्यारी केनले यो सिजनसँगै उपाधि भोकको लामो पर्खाइ मेटाएका छन् । बायर्न म्युनिखले यसै सिजन बुन्डेसलिगा उपाधि जितेको छ । त्यसको साक्षी केन नै भए । केन गोल्डेन बुट विजेता पनि हुन् । ४६ खेलमा ३८ गोल गरे । समग्रमा बार्यनले पछिल्लो १३ वर्षमा १२औँपटक बुन्डेसलिगा उपाधि उचालेको हो । यसअघि केन इंग्लिस क्लब टोटनह्याममा अनुबन्ध थिए । त्यहाँ उपाधिविहीन भएपछि बायर्न आएका हुन् । बायर्न आएको दोस्रो वर्षमै उपाधि हात पार्न सफल भए । अब, यो क्रमलाई निरन्तरता दिन उनी क्लब विश्वकपमा होमिएका छन् । पहिलोपटक क्लब विश्वकपको उपाधि जित्ने योजनासहित केन यतिबेला अमेरिकामा छन् । उनको टोली लगातार दुई खेल जित्ने प्रिक्वार्टरफाइनलमा प्रवेश गरिसकेको छ ।

▶ लौटारो मार्टिनेज (इन्टर मिलान)

लौटारो मार्टिनेजले आफ्नो प्रभाव पहिलो खेलमै देखाइसकेका छन् । २७ वर्षीय खेलाडीले क्लब विश्वकपको पहिलो खेलमै गोल गरे । अर्जेन्टिनी स्टार इन्टर मिलानको इतिहासमा सबैभन्दा धेरै गोल गर्ने विदेशी खेलाडी हुन् । उनकै कप्तानीमा टोली युरोपियन च्याम्पियन्स लिगको फाइनल खेल्न सफल भयो ।

ठुला क्लबको आकर्षक प्रस्तावलाई त्यागेर उनी मिलानमै बसिरहेका छन् । उनकै प्रभावशाली प्रदर्शनमा अर्जेन्टिनाले सन् २०२४ को फिफा विश्वकप उपाधि जित्यो । कोपा अमेरिका पनि दुईपटक हात पारिसकेका छ । यस्तै, इन्टर मिलानलाई आफ्नो कप्तानीमा घरेलु उपाधि जिताइसकेका छन् । मार्टिनेज अब क्लबलाई विश्वकप जिताउने योजनासहित अमेरिकामा व्यस्त रहेका छन् । टोली सिजनकै उच्च लयमा पनि रहेको छ ।

▶ औसमाने डेम्बेले (पिएसजी)

औसमाने डेम्बेले यो सिजन निकै चर्चामा रहेका छन् । उनले क्लब इतिहासमा पिएसजीलाई पहिलोपटक युरोपियन च्याम्पियन्स लिगको उपाधि जिताए । त्यस्तै, फ्रेन्च लिगको उपाधि पनि डेम्बेले उचालेका छन् । त्यसैले यो सिजन उनलाई बालोन डी ओरको प्रतिस्पर्धामा लिइएको छ । यतिबेला डेम्बेले र पिएसजीको ध्यान क्लब विश्वकपमा छ । टोली लगातार तेस्रो उपाधि जित्न चाहन्छ । यो उपाधि टोलीका लागि नयाँ हो ।

यसअघि लियोनल मेसी, नेयमार, केलिएन एम्बाप्पे अनुबन्ध गरेर पनि च्याम्पियन्स लिगको उपाधि धोका पूरा गर्न नसकेको पिएसजीले यो सिजन तीनै खेलाडी नहुँदा उपाधि हात पारेको छ । यो लयलाई टोली अमेरिकामा पनि कायम राख्ने योजनामा छ । त्यसका लागि कतारी मालिक तयार पनि छन् ।

▶ एर्लिङ हाल्यान्ड (म्यानचेस्टर सिटी)

एर्लिङ हाल्यान्ड अहिलेको विश्व फुटबलकै एक प्रतिभावान् स्ट्राइकर हुन् । उनी हरेक क्षण गोल गर्न आफूलाई तयार राख्छन् । २४ वर्षीय अग्ला कदका नर्वेजियन खेलाडी क्लब विश्वकपमा म्यानचेस्टर सिटीको जर्सीमा देखिँदै छन् । पेप ग्वार्डिओलाको प्रशिक्षणमा रहेको सिटीका लागि हाल्यान्ड मुख्य हतियार हुन् । यो सिजन सिटीका लागि सुखद हुन सकेन । उपाधि रक्षा गर्ने योजनामा टोली कमजोर रह्यो ।

च्याम्पियन्स लिग जित्ने सपना फेरि अधुरै रह्यो । क्लबलाई शीर्ष चारमा स्थान बनाउन नै हम्मेहम्मे परेको थियो । त्यसैले यो सबै यात्रा बिर्सँदै सिटी क्लब विश्वकप उपाधि जित्ने योजनामा छन् । सिटीको यो योजनाको मुख्य हतियार हाल्यान्ड हुन् । त्यसैले सबैको नजर पनि हाल्यान्डमाथि नै हुनेछ ।

■ सूर्य नेपाल प्रिमियर गल्फ

प्रो-एमको उपाधि रामेको टिमलाई



नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२४-२५ कोअन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपअन्तर्गत प्रो एमको उपाधि प्रोफेसनल गल्फर रामे मगरको टिमले जितेको छ । गोकर्ण गल्फ कोर्समा शनिबार प्रो रामे तथा टिमले कुल एक सय ५९ अंकसहित पहिलो भएको हो । रामेले ४१ तथा एमेच्योर गल्फरहरू विष्णुबहादुर कार्की र नोर्बु छिरिङ शेर्पाले ४० अंक बनाए । सायान बस्नेतले ३८ अंक जोडेका थिए । विजयी एमेच्योर खेलाडीले क्यालवे इलाइट ड्राइभर प्रदान गरियो ।

प्रो दिनेश प्रजापतिको टिम एक सय ५१ अंकसहित दोस्रो भयो । दिनेशले ४० अंक जोडे । एमेच्योर गल्फरहरू अश्मांक कार्की, वाङचेन ढोन्डुप र आश्रय बस्न्यातले समान ३७ अंक बनाए । प्रो तोरणविक्रम शाहीको टिमले एक सय ४४ अंकसहित तेस्रो भए । तोरणले ३८ अंक बनाए । एमेच्योर गल्फर आशिषमान शेरचनले ३६ तथा तरुण अग्रवाल र लिलाजंग गुरुङले समान ३५ अंक जोडे । महिलातर्फको उपाधि तारा कार्की चित्रकारले जितिन् । उनले ३२ अंक बनाइन् । प्रतियोगिताको लंगेस्ट ड्राइभको उपाधि संयोग शाहीले र क्लोजेस्ट टु दी पिनको उपाधि स्वदेश गुरुङले जिते ।

> रामेले ४१ तथा एमेच्योर गल्फरहरू विष्णुबहादुर कार्की र नोर्बु छिरिङ शेर्पाले ४० अंक बनाए । सायान बस्नेतले ३८ अंक जोडेका थिए ।

प्रो एमका विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका प्रबन्ध निर्देशक रविकुमार रायवरम, सूर्य नेपालका उपाध्यक्ष (कर्पोरेट अफेयर्स) रवि केसी, नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसनका अध्यक्ष रवीन्द्रमान श्रेष्ठ, नेपाल गल्फसंघका अध्यक्ष टासी घले, गोकर्ण गल्फ क्लबका अध्यक्ष सुहृद घिमिरे र क्लब क्याप्टेन जोसेफ नाथनले पुरस्कार वितरण गरे । प्रो एममा २८ प्रो र एक सय १२ एमेच्योर गरी कुल एक सय ४० जनाको सहभागिता रहेको थियो । सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियरको उपाधि एमेच्योर राहुल विश्वकर्माले जितेका थिए । उनले समग्रमा २१ अन्डर २ सय ६७ को स्कोरमा भुवन नगरकोटीलाई २ स्ट्रोकले हराउँदै करिअरकै दोस्रो उपाधि जितेका हुन् ।

समग्रमा १९-अन्डर दुई सय ६९ को स्कोरमा भुवन नगरकोटी प्रोतर्फ पहिलो भएका थिए । उनले नगद तीन लाख प्राप्त गरे । एमेच्योर सदभाव आचार्य समग्रमा १८-अन्डर दुई सय ७० कोस्कोरमा तेस्रो भएका थिए । सिजनको अन्तिम प्रतियोगितामा ३७ प्रो र १८ एमेच्योर गरी कूल ५५ खेलाडीले भाग लिएका थिए । सिजनको अन्त्यसँगै धरानका प्रो नीरज तामाङ सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अर्डर अफ मेरिटको शीर्षस्थानमा रहँदै नम्बर एक प्रोफेसनल गल्फर बन्न सफल भएका छन् ।

टुरको २०२४-२५ सिजनको आठ प्रतियोगितामा आठ लाख ६७ हजार पाँच सय नगद पुरस्कार जित्दै उनी नम्बर एक गल्फर बनेका हुन् । यो सिजन आठमध्ये सर्वाधिक तीन उपाधि नीरजले, दुई उपाधि एमेच्योर राहुलले, र एक-एक उपाधि एमेच्योर सदभाव, तथा तोरण र शुक्रले जिते । यो सिजन कुल ६७ लाख १० हजार नगद पुरस्कारका लागि प्रो गल्फरले प्रतिस्पर्धा गर्दा ३८ खेलाडीले नगद पुरस्कार प्राप्त गरेका थिए ।

खेल संक्षेप

सुदूरपश्चिमले गऱ्यो ६ खेलाडी रिटेन

काठमाडौं / सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणका लागि राष्ट्रिय टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरीसहित ६ खेलाडीलाई रिटेन गरेको छ । उनलाई पुनः मार्की खेलाडीको रूपमा रिटेन गरेको सुदूरपश्चिमले जनाएको छ । दीपेन्द्रको कप्तानीमा रहेको सुदूरपश्चिम पहिलो सिजनको फाइनलमा जनकपुर बोल्ट्ससँग पराजित भएको थियो । सुदूरपश्चिमले राष्ट्रिय टोलीका उपकप्तान दीपेन्द्रसहित विनोद भण्डारी, आरिफ सेख, अविनाश बोहरा, इशान पाण्डे र नरेन साउदलाई रिटेन गरेको छ । त्यस्तै, सुदूरपश्चिमले अर्जुन कुमाल, नरेश बुढाऐर, खडकबहादुर बोहरा, भोजराज भट्ट, अमित श्रेष्ठ र वसन्त खत्रीलाई रिलिज गरेको छ ।

एसबिआई र एनएमबि च्याम्पियन

काठमाडौं / तेस्रो एमबिएएन स्पोर्ट्स मिट २०२५ को फुटसलतर्फको उपाधि एसबिआई क्यापिटल र एनएमबि क्यापिटलले जितेका छन् । शनिबार सम्पन्न प्रतियोगितामा पुरुषतर्फको फुटसलको उपाधि एसबिआई र महिलातर्फको उपाधि एनएमबिले जितेका हुन् । काठमाडौंको हाडिगाउँस्थित धनयन्तरी स्पोर्ट्सको फुटसलमा सम्पन्न खेलमा प्रभु क्यापिटललाई हराउँदै एसबिआईले ८० हजार नगद जितेको हो । उपविजेता प्रभुले नगद ४० हजार जितेको छ । पुरुषतर्फ सर्वाधिक गोलकर्ता एसबिआईका पुजन खड्का १३ गोल गर्दै १० हजार नगद पाए । पुरुषतर्फको उत्कृष्ट खेलाडी प्रभुका हिक्मत कुँवर भए भने उत्कृष्ट गोलकिपर एसबिआईका आलोक सिवाकोटी भए । दुवै खेलाडीले १०-१० हजार पाएका छन् ।

काता कुमुते च्यालेन्जमा पाँच खेलाडी सहभागी

काठमाडौं / नेपालले अल्टिमेट काता कुमुते च्यालेन्ज कराँते प्रतियोगितामा सहभागिता जनाउने भएको छ । दी डेन इन्डियाज लिडिङ एकेडेमी अफ मार्सल आर्टको आयोजनामा आइतबार हुने प्रतियोगितामा पाँच नेपाली खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । पुरुष एकल कातामा स्वप्निल मानन्धर, ६० केजीमा एलन श्रेष्ठ, मीनबहादुर तामाङ र राजीव पुडासैनीले सहभागिता जनाउनेछन् । यसैगरी, महिला एकल कातामा सानुमाया थिङले नेपालको प्रतिनिधित्व गर्नेछिन् । टोलीको प्रशिक्षकमा कुशल श्रेष्ठ र मन्डेकाजी श्रेष्ठ रहँदा फुर्पा लामाले व्यवस्थापकको भूमिका निर्वाह गर्नेछन् ।

प्रशासन तथा लेखा तालिम सुरु

काठमाडौं/ युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा प्रशासन तथा लेखासम्बन्धी तालिम शनिबारदेखि बुढानीलकण्ठमा सुरु भएको छ । तालिमको खेलकुद मन्त्रालयका सचिव डा. हरिप्रसाद लम्सालले एक कार्यक्रमबिच उद्घाटन गर्दै विभिन्न क्षेत्रका विज्ञको संलग्नतामा वेलावेलामा तालिम आयोजना हुनुपर्नेमा जोड दिए । राखेपका सदस्यसचिव टंकलाल घिसिङले कार्यालयको दैनिक कामकाज सहज बनाउन तीन दिनमा फाइलको विषय टुंगो लगाउने, फाइल ट्र्याकिङ सिस्टम र पौडी पोखरीमा ई-टिकटको सुरुवात गरेको बताउँदै प्रशासनिक कामकाजमा सुधार गर्न तालिम उपयोगी हुने विश्वास व्यक्त गरे । सहभागीलाई खेलकुद मन्त्रालयका सहसचिव सुवासचन्द्र सिवाकोटीले योजना तर्जुमा र सार्वजनिक खरिद प्रक्रिया, खेलकुद मन्त्रालयका उपसचिव जगदिश पराजुलीले वित्तीय व्यवस्थापन र भ्रष्टचार नियन्त्रण, महालेखा परीक्षक कार्यालयका नायब महालेखा परीक्षक शंकरप्रसाद पन्थी तथा निर्देशक केदारप्रसाद खकुरेलले आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, बेरुजु र फर्स्योट, महालेखा नियन्त्रकको कार्यालयका लेखा अधिकृत डिल्ली अधिकारीले पाम्ससम्बन्धी विविध पक्षबारे जानकारी गराएका थिए ।

पुलिस र न्यु डाइमन्डको विजयी सुरुवात



मकवानपुरमा पोष्टराज अधिकारी

बागमती प्रदेशको राजधानी हेटौंडामा शनिबार सुरु भएको नेकोस कप राष्ट्रिय महिला भलिबल प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लब र न्यु डाइमन्ड युथ स्पोर्टस् क्लब विजयी भएका छन् ।

हेटौंडा उपमहानगरपालिका- ४ हुप्रचौरस्थित भलिबल कोर्टमा सम्पन्न पहिलो दिनको खेलमा पुलिस क्लबले बागमती प्रदेश र न्यु डाइमन्डले अर्को विभागीय टोली नेपाल एसपएफ क्लबलाई हराउँदै विजयी सुरुवात गरेका हुन् । पुलिस क्लबले बागमती प्रदेशलाई सोझो सेटमा पराजित गऱ्यो । राष्ट्रिय टोलीका खेलाडीले भरिएको पुलिसले बागमतीलाई २५-१, २५-४ र २५-८ स्कोरमा सहज जित निकाल्यो ।

यस्तै, दोस्रो खेलमा न्यु डाइमण्डले अर्को विभागीय एपिएफ क्लबलाई २७-२५, २५-१५ र २५-२२ को सेटमा पराजित गर्न सफल भयो । यो दुवै टोलीमा राष्ट्रिय टिमका खेलाडी सहभागी थिए । प्रतियोगितामा विभागीय दुई टोलीसहित कुल सात टिमको सहभागिता रहेको छ । सहभागी टोलीहरूमा नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, न्यु डाइमण्ड युथ स्पोर्टस् क्लब, मधेश प्रदेश, गण्डकी प्रदेश र बागमती प्रदेश रहेका छन् ।

प्रतियोगिताको विजेताले नगद पाँच लाख, उपविजेताले तीन लाख, तेस्रो हुने टिमले एक लाख र चौथो हुने टिमले ५१ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरूले जनही पाँच हजार रुपैयाँ पुरस्कार पाउने आयोजकले जनाएको छ । लिगकम नकआउट प्रणालीमा ११ असारसम्म चल्ने प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले गरेकी हुन् । उनले हेटौंडामा पछिल्लो समय महिलाका राष्ट्रिय प्रतियोगिता हुन थालेकोमा खुसी व्यक्त गरिन् ।

■ एसिसी यू-१६ इस्ट जोन कप

नेपाल र सिंगापुर भिड्दै

नयाँ पत्रिका

उपाधि रक्षा गर्ने योजनासहित मलेसिया पुगेको नेपालको युवा टोलीले एसिसी यू-१६ इस्ट जोन कपको पहिलो खेलमा आज सिंगापुरसँग खेल्दै छ । खेल मलेसियाको बांगीस्थित वाइएसडी युकेएम ओभर मैदानमा हुनेछ । नेपाल सिंगापुरभन्दा तुलनात्मक रूपमा बलियो छ । नेपालका कप्तान विपिन शर्माले खेल जित्न खेल्ने बताए । उनले ब्याटिङ र बलिङ नै उत्कृष्ट हुने दाबी गरेका छन् । 'हाम्रा खेलाडी सिंगापुरविरुद्ध खेल्न तयार छन् । हाम्रो ब्याटिङ र बलिङ नै राम्रो छ । तर, संयमित भएर खेल्छौं ।'


> सन् २०२३ मा भएको पछिल्लो संस्करणको फाइनलमा मलेसियालाई पराजित गर्दै नेपाल च्याम्पियन बनेको थियो । नेपाल लगातार उपाधि जित्ने योजनामा छ ।



प्रतियोगितामा सहभागी हुन नेपाली टिम शुक्रबार मात्रै त्यसतर्फ प्रस्थान गरेको थियो । कर्णाली याक्सबाट चर्चित बनेको स्पिनर विपिनले १० टोली सहभागी प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै च्याम्पियन हुने दाबी गरेका छन् ।

सन् २०२३ मा भएको पछिल्लो संस्करणको फाइनलमा मलेसियालाई पराजित गर्दै नेपाल च्याम्पियन बनेको थियो । नेपाल लगातार उपाधि जोगाउन योजनामा छ । प्रतियोगितामा नेपाल र सिंगापुरसँगै भुटान, इन्डोनेसिया, जापान, हङकङ, माल्दिभ्स, म्यानमार, सिंगापुर र थाइल्यान्डले सहभागिता जनाएका छन् । समूह 'ए'मा रहेको नेपालले दोस्रो खेल जुन २४ मा जापानसँग खेल्नेछ । २९ जुनमा इन्डोनेसिया, जुलाई १ मा भुटानको सामना गर्नेछ । हरेक समूहका शीर्ष दुई टोलीले सीधै सेमिफाइनलमा स्थान बनाउने एसिसीले जनाएको छ ।

नेपाली टिमको कप्तानमा विपिन रहँदा उपकप्तानमा सूर्यांशु कोइराला छन् । यस्तै, टोलीमा शिवांश बजगाईं (विकेटकिपर), परिमर्जन यादव (विकेटकिपर), रौनक श्रीवास्तव, अभय यादव, सचिन भट्ट, सुगम बुढाथोकी, सुयोग भट्टराई, सुशीलबहादुर रावल, सुभम खनाल, प्रसिद्ध जैशी, जोय थापा र रोशन शाही छन् । रौनक श्रीवास्तवले कर्णालीमा भएको यू-१६ राष्ट्रिय क्रिकेटमा दोहोरो शतक बनाएका थिए ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com